साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly
वेबसाइट: www.sanghunews.com

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १२३औं दिन

वर्ष ४३, अंक ३२, २०८२, पुस २८ गते, सोमबार (Jan. 12, 2026) मूल्य रू. १०।-

## देउवा विरुद्ध नयाँ पुस्ता: कांग्रेसमा युद्ध !
## कोर्स करेक्सन' कि 'कोर्स क्राइसिस' ?

**काठमाडौं । कांग्रेस कोर्स करेक्सनको बाटोमा हो ? अहिले सर्वत्र उठेको चासो हो । एमालेको भर्खरै सकिएको महाधिवेशनले कोर्स करेक्सन गर्न सकेन भन्ने भाष्य स्थापित छ । त्यहीकारण कांग्रेसका महामन्त्रीले २०८२ पुस २७ गतेबाट बोलाएको विशेष महाधिवेशन कोर्स करेक्सनको चरणमा रहेको विश्लेषण हुने गरेको छ ।**

हुन पनि, देशभरीबाट आएका प्रतिनिधि र बुद्धिजीवीको बुझाइ पनि त्यही अर्थमा देखिन्छ । कांग्रेसको दोस्रो कोर्स करेक्सनको प्रयासमा रहेको विश्लेषण भइरहेका बेलामा नेपालको समग्र राजनीति भने निकै पेचिलो अवस्थामा पुगेको छ । मुलुक राजनीति अरु अस्थिर र अप्ठ्यारोमा पुगेको छ । त्यसैले आउने दिनलाई झन् असहज बनाइरहेको छ । त्यहीकारण कांग्रेसको आन्तरिक राजनीतिले पनि भावी निर्णय पनि प्रभावित हुनेछ । कांग्रेसमात्र होइन, अन्य राजनीति दल तथा समूहको निर्णयलाई प्रभावित बनाउने र लोकतन्त्रको बाटोलाई नै तय गर्ने भएका कारणले पनि कांग्रेसको किचलोप्रति सबैका नजर पुगेको अवस्था छ ।

नेपालको राजनीतिमा पछिल्लो पटक रास्वपासँग जोडिएर बढ्ता चर्चा हुने गरेको छ । कांग्रेसमा आएको किचलोकै कारण रास्वपाले



भाउ पाएको अवस्था छ । अहिले कांग्रेसलाई कमजोर बनाउने र रास्वपालाई बलियो बनाउने वाह्य रणनीति रहेको देखिएको छ । कांग्रेसभित्र र बाहिरमात्र होइन, अन्तर्राष्ट्रिय शक्ति केन्द्रमा पनि त्यसमा सक्रिय देखिएका छन् । कांग्रेसलाई कमजोर बनाउँदा आफ्नो अनुकूलको शक्ति निर्माण गर्न सकिने बुझाइमा शक्ति केन्द्र देखिन्छन् । उनीहरुको त्यो प्रयासमा गगन थापाले निकै बल पाएका छन् । त्यसैले, पछिल्ला दिनमा रास्वपा पनि गगन थापासँग निकट सम्बन्धमा देखिन्छ । त्यसो त, गगन थापासँग निकट रहेर काम गरेको टीम नै रास्वपामा पनि रहेको छ । स्वर्णिम वाग्लेदेखि मनिष झासम्म शिशिर खनालदेखि अरनिको पाँडेसम्म गगन थापासँग नजिक रहेका नेताहरु हुन् । जो रास्वपाको पिलरको रुपमा रहेका छन् ।

त्यसैले, आउने चुनाव पनि उनीहरुको रणनीतिक मुभ अनुसार नै हुनेछ । चुनावमा रास्वपाले गगन थापाको समूहलाई साथ दिने संकेत गरिसकेको छ । अनि थिङ्कट्यांक पनि त्यसरी नै जोडिएका छन् । त्यसैले, कांग्रेसभित्र कोर्स करेक्सन हो कि विभाजन भन्ने पनि चासो रहेको छ । कांग्रेसलाई अहिले कमजोर बनाउने वित्तिकै रास्वपा पहिलो पार्टी हुने र त्यसले सरकारको नेतृत्व गर्न (बाँकी पृष्ठ ८ मा)

## बाह्र दिनको 'एकता' : नयाँ शक्तिको नग्न यथार्थ
# रास्वपा : 'सेलिब्रेटी-राजनीति'को छायामा

**काठमाडौं । नेपालको राजनीतिक मैदानमा भूकम्पजस्तै तरंग उठाउने घटनाहरू समय-समयमा जन्मिन्छन् । तर, तीमध्ये धेरै पानीका फोकाजस्तै फुटेर हराउँछन् । त्यसैको नवीनतम् उदाहरण-रास्वपा र कुलमान घिसिङ संरक्षणमा रहेको उज्यालो नेपाल पार्टीबीच भएको एकीकरण, र सोही एकताको १२ दिनमै भएको विघटन । २०८२ पुस १४ गते हस्ताक्षरित सहमति २०८२ पुस २६ गते नै चकनाचुर हुँदा यो 'एकता' सम्भवत: नेपाली राजनीतिक इतिहासकै सबैभन्दा छोटो वैवाहिक मेलमिलापपछिको पारपाचुके बनेको छ ।**



यो घटनाले एउटा कठोर सत्य पुनः उजागर गर्‍यो-राजनीति सिद्धान्त, संगठन र दीर्घ योजना माग्छ, लहड र उक्साहटले टिक्दैन ।

**रवि लामिछानेको रास्वपा**
**'सेलिब्रेटी-राजनीति'को छायामा**

रवि लामिछानेले सञ्चारकर्मीका रूपमा कमाएको लोकप्रियता, वैदेशिक श्रमिकका मुद्दाका कारण बढेको जनसमर्थन र सामाजिक सञ्जालको उक्साहटले रास्वपालाई छोटै समयमै केन्द्रमा ल्यायो । २०७९ को आम निर्वाचनमा २१ सिट ल्याएको पार्टी पटक-पटक सरकारमा प्रवेश गर्‍यो । नागरिकता, राहदानी र सहकारी काण्डमा कानूनी प्रक्रियामा परे पनि रविले राजनीतिक 'स्टार-पावर' गुमाएनन् ।

रवि कारागारमा रहेकै समयमा रास्वपा सांसदहरूले 'डेडिकेटेड' र 'ट्रंक लाइन'का बक्यौता उठाउने विषयमा संसद् तताए । सोही क्रममा तत्कालीन सरकारले कुलमान घिसिङलाई पदबाट हटाएपछि रास्वपा र माओवादी सांसदहरूले संसद् ठप्प पारेर सडकदेखि सदनसम्म घिसिङलाई 'नायक' बनाइदिए ।

लोडसेडिङ अन्त्यमा सरकारी संयन्त्र, मन्त्रालय र विगतका सरकारहरूको ठूलो भूमिका हुँदाहुँदै पनि श्रेय एकजना व्यक्तिमा केन्द्रित गरियो । यसले कुलमानलाई जनमानसमा 'देवत्व'को उचाइ दियो-तर ठीक यही अन्ध-उत्साहले भविष्यको राजनीतिक अन्तरविरोधको बीउ समेत रोप्यो ।

**घिसिङको महत्वाकांक्षा र 'नयाँ शक्ति' को अस्थिरता**

जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारमा प्रधानमन्त्री सुशीला कार्कीको कृपाले अनपेक्षित रुपमा कुलमान घिसिङ बजेट र कामका दृष्टिले अति शक्तिशाली मानिएका तीन मन्त्रालयसहित प्रवेश गरे । बाहिर सडकमा 'कुलमानलाई प्रधानमन्त्री बनाऊ' जस्ता नारा लगाइँदा उनको महत्वाकांक्षा छताछुल्ल हुन गएको थियो । उनले सरकारमै रहँदै पूर्वसचिव अनुप उपाध्यायको अध्यक्षतामा उज्यालो नेपाल पार्टी दर्ता गराइरहँदा विभिन्न शक्ति-केन्द्रहरूको चलखेल खुलेरै देखिन थालेको थियो ।

जेन-जी आन्दोलनकारीहरूले रवि, बालेन र कुलमानलाई एउटै मोर्चामा उभ्याउन खोजे पनि संरचना, सिद्धान्त र संगठनको अभावले त्यो प्रयास १५ दिन पनि टिक्न सकेन । अब घिसिङ २०८२ पुस २६ गते रास्वपाबाट बाहिरिएका छन् । सतहमा जतिसुकै बहाना भए पनि उनको असन्तुष्टि स्पष्ट छ-वरिष्ठ नेता नबनाइदिएको, प्रधानमन्त्री पदको आकांक्षा पूरा नभएको,'उचित सम्मान' नपाएको-यी माग विचारभन्दा पद-बार्गेनिङ नजिक छन् । रास्वपा एक निर्वाचन पार गरेर जनमत प्राप्त गरिसकेको राजनीतिक संगठन हो । तर, उज्यालो नेपाल पार्टी मात्र एउटा कर्मचारीको 'सेलिब्रेटी-इमेज' मा टेकेर बनेको कागजी संरचना हो ।

राज्यका संवेदनशील संस्थाहरूमा जोखिम मोलेर काम गर्ने धेरै (बाँकी पृष्ठ ८ मा)

## कुलमान घिसिङको 'प्लान बी' सक्रिय !

*काठमाडौं । कुलमान घिसिङले रवि लामिछानेसँग सहकार्य तोडेपछि कसरी अघि बढछन् भन्ने खुबै चासो रहेको छ । समानुपातिक सूचीमा रहेका नेताहरुको नाम समेत छोडेर घिसिङले लामिछानेलाई छोड्नु भनेको उनी निकै पीडामा परेको अनुमान गर्न सकिन्छ । तर, घिसिङले हतारमा निर्णय लिँदा कस्तो हुन्छ ? भन्ने अनुभव पनि गर्न पुगेका छन् ।*

*राजनीतिमा हतारको निर्णयले पुर्‍याउने क्षति पनि भोगिसकेका छन् । त्यसैले, अब कसरी अघि बढ्छन् ? भन्ने चासो बढेको हो । स्रोतहरुका अनुसार, घिसिङले बाबुराम भट्टराई, जनार्दन शर्माहरुले बनाएको पार्टी प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)सँग सहकार्य गर्ने संभावना रहेको छ । प्रलोपासँग सहकार्य गर्नका लागि पहिला पनि सहमति भएको थियो ।*

*रास्वपासँग छलफल गर्नुअघि प्रलोपासँग छलफल भएको थियो र छलफल सकारात्मक भइरहेका बेलामा कुलमान घिसिङले रास्वपासँग सहकार्य गर्ने निर्णय हतारमै लिएका थिए । त्यसैले, अहिले पनि प्रलोपासँग सहकार्य गर्ने संभावना रहेको स्रोतहरुले उल्लेख गरेका छन् ।*

*स्रोतहरुको अनुसार, प्रलोपालसँग सहकार्य गर्ने प्रयासका अलवा अशोक राई नेतृत्वको जसपासँग पनि सहकार्य गर्नेबारेमा छलफल भएको छ । त्यसैले, घिसिङले* (बाँकी पृष्ठ ८ मा)

## प्रचण्डको षडयन्त्रले एक्लै उम्मेदवारी



काठमाडौं । राष्ट्रियसभाको चुनावमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले एमाले र कांग्रेससँग मिलेर जाने प्रयासबाट अलग भएको छ । राष्ट्रियसभामा कम्तीमा ३ वटा सिट नेकपाले पाउने थियो । १८ वटा सिटमा तीन वटा नेकपालाई दिने गरी एमाले र कांग्रेसले छलफल गरेका थिए । तर, अन्तिम समयमा उसले गठबन्धन नगर्ने निर्णय लियो र सबैतिर उम्मेदवारी दियो । नेकपाले दिएको उम्मेदवारीमध्ये कोशीको एकजनाले पनि उम्मेदवारी नै दर्ता गराएनन् । त्यसैले, कांग्रेसका सुनील थापा निर्विरोध निर्वाचित भए ।

तर, अन्यत्र सबैतिर उम्मेदवारी दिएर नेकपाले प्रतिस्पर्धा गर्न चाहेको पनि देखिएको छ । आफ्ना भोटको सुरक्षा गर्ने र आउने चुनावमा एकल प्रतिस्पर्धा गर्ने रणनीति अनुसार नै अहिले राष्ट्रियसभामा गठबन्धन नगरेको चर्चा हुने गरेको छ । तर, खासमा कुरो भने अलिक फरक रहेको स्रोतको दावी छ । नेकपाभित्र चलेको चर्चा अनुसार, संयोजक प्रचण्डकै कारणले गठबन्धन नभएको हो । नेकपाका नेताहरुको भनाइमा आन्तरिक भाग लगाउँदा आफ्नो भागमा नपर्ने भएपछि तालमेल नगरेको बताइन्छ । अहिले रिक्त हुन लागेका सिटमा एउटा नारायणकाजी श्रेष्ठको एउटा वामदेव गौतमको पनि हो । त्यसरी हेर्दा, माधव नेपाललाई एउटा, नारायणकाजीलाई एउटा र वामदेव गौतमलाई एउटा दिँदा तीनवटा कोटा सकिन्छ । अनि आफ्नो कोटामा कोही पनि नपर्ने भएपछि प्रचण्डले तालमेललाई छोडेको र प्रतिस्पर्धा गर्दा हारिन्छ भन्ने थाहा हुँदाहुँदै पहिलोपटक प्रचण्डले एक्लो चुनाव नीति अपनाएका छन् । आफ्नो पार्टी हार्छ भन्ने थाहा हुँदाहुँदै प्रचण्डले चुनावमा होम्नुको अर्थ २१ फागुनमा पनि एक्लै चुनाव लड्ने भन्दा पनि आफ्नो भाग नआउने भएपछि लिएको निर्णयको अर्थमा हेरिएको छ ।

## म्यादी प्रहरी : ८७ करोडको ड्रेस कहिले ?
## सप्लायर्सहरूको सोर्सफोर्स 'टप-स्पीड' मा

काठमाडौं । नेपाल प्रहरीले प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि १ लाख ३३ हजार ९८० जना म्यादी प्रहरी भर्ना गर्दैछ । म्यादी प्रहरीका लागि ड्रेस, जुत्ता र कम्मर पेटी समेत रू. ६ हजार ५००। लाग्ने अनुमान रहेको छ । म्यादी प्रहरीका लागि एक महिनाभित्र तयारी कपडा र जुत्ता उपलब्ध गराइ सक्नु पर्ने अवस्था छ । तर, नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० जना म्यादी प्रहरीका तयारी कपडा कहिले कसरी ? उपलब्ध गराउने हो ? यसको टुंगो नलागेता पनि सप्लायर्स(ठेकेदार)हरूको दौडधुप, सोर्सफोर्स र भनसुन भने सुरू भएको स्रोत बताउछ । तर, सप्लाइ कसले कसरी पाउने भन्ने अहिलेसम्म टुंगो छैन ।

म्यादी प्रहरीको ड्रेस सप्लाईबारे नेपाल प्रहरीको प्रबन्धले निर्णय नलिँदा पनि बाहिर भने सप्लायर्स, दलाल र भनसुन समूहहरूको दौडधुप तीव्र बनेको स्रोतले जनाएको छ । प्रक्रिया सुरु नै नभइसकेको अवस्थामा विभिन्न समूहले 'लाइन' र सोर्सफोर्स खोज्दै, शक्ति केन्द्र र पहुँचका तरबार हान्दै सप्लाईको दाबी गर्न थालिसकेका छन्, तर प्रहरी संगठनमा यस सम्बन्धी फाइल नै ठिकसँग अगाडि बढ्न नसकेको स्रोतको दावी छ । खरिदको जिम्मा प्रदेश र जिल्ला प्रहरी कार्यालयहरूलाई नै दिने चर्चा पनि छ ।

यता समय भने कडा छ-म्यादी प्रहरीलाई प्रशिक्षण, तालीम र खटाइअघि नै सबैलाई एकैपटक ड्रेस-जुत्ता, लठ्ठी अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने छ । तर, नेपालमै (बाँकी पृष्ठ ८ मा)

## गृहमा भित्रिन कर्मचारीहरूको अरुची !

काठमाडौं । नेकपा एमालेका अध्यक्षसमेत रहेका पूर्व प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमा गृहमन्त्री रहेका रमेश लेखकको कार्यकालमा सो मन्त्रालयमा सरुवा भएर जान नेपाल कर्मचारी यूनियन निकट कर्मचारीहरुको हानाथप हुने गरेको चर्चा चल्ने गरेको थियो । अझ त्यसबखत गृह मन्त्रालयमा कार्यरत तात्कालीन सचिव गोर्कणमणि दुवाडीले हानाथाप गरेर भित्रिएका कर्मचारीको अध्यागमन, जिल्ला प्रशासन कार्यालयहरुमा खटनपटन गर्दा राम्रै शुभलाभ हात पार्न सफल भएको चर्चा पनि नचलेका होइनन् । जेन-जी आन्दोलनपछि ओली सरकार विस्थापित भएर सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार गठन भएको थियो ।

हाल गृह मन्त्रालयको मन्त्री ओमप्रकाश अर्यालले गरिरहेका छन् । अर्यालले मन्त्रालयको नेतृत्व संहालेपछि तत्कालीन सचिव दुवाडीलाई राष्ट्रिय योजना आयोगमा सरुवा गरी रक्षा मन्त्रालयबाट रामेश्वर दंगाललाई भित्र्याएका थिए । तर, तीन महिनामा नै दंगाललाई पनि सरुवा गरिएको छ । तर, दंगालले नै मन्त्रालयमा भित्र्याएका कतिपय एमालेनिकट उपसचिव र सहसचिवहरुको मन्त्रालयमा हालीमुहाली चल्दा मन्त्री अर्यालले भने पत्तो पाउन नसकेको कर्मचारीहरु चर्चा गर्दैछन् । सचिव दंगालकै रोजाईमा प्रशासन महाशाखा प्रमुखमा सहसचिव काली प्रसाद पराजुलीलाई सरुवा गरेर ल्याइएको थियो । त्यसपछि त मन्त्रालयको हरेक सरुवामा सचिव (बाँकी पृष्ठ ८ मा)

## डीआईजी पदमा बढुवा
## क-कसको भाग्य खुल्ला ?

काठमाडौं । अर्ध सैनिक सुरक्षा सशस्त्र प्रहरी बलले २०८२ माघमा २५औं स्थापना दिवश मनाउने तयारीमा जुटिरहेको छ । सो अवसरमा संगठनले विभिन्न कार्यक्रम गर्दै आएको पनि छ । तर, गतसाता संगठनबाट तीनजना नायव महानिरीक्षक डीआईजीहरू पाँचवर्षे पदावधि पूरा गरेर अनिवार्य अवकाश गएका छन् । २०८२ माघ २४ गतेबाट डीआईजीत्रय शम्भु सुवेदी, कमल गिरी र कुलबहादुर नेम्बाङ अवकाशमा गएको बताइन्छ । उनीहरूसहित गणेशबहादुर ठाडा मगरको २०८१ पुस २३ गते एक वर्ष म्याद थप गरिएको थियो । जसमध्ये मगर कनिष्ठ हुँदाहुँदै पनि राजनीतिक सोर्सफोर्स डिएर एआईजीमा बढुवा भइसकेका छन् । त्यसैले उनी अवकाश हुनबाट बालबालबचे र संगठनको भावी नेतृत्वको दावेदार पनि (बाँकी पृष्ठ ८ मा)

## कानूनका विशिष्टको सरुवा

काठमाडौं । न्याय, कानून र सरकारी वकिल समूहमा कार्यरत कर्मचारीहरूको बढुवा र सरूवा सिफारिसको अधिकार न्याय सेवा आयोगले पाएको छ । आयोगले गरेको निर्णयलाई मन्त्रिपरिषद बैठकले अनुमोदन गर्ने कानूनी प्रावधान रहेको छ । आयोगले केहीदिन अगाडि मात्र उद्धवप्रसाद पुडासैनीलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट महान्यायाधिवक्ताको कार्यालयको नायव महान्यायाधिवक्ताका रूपमा सरूवा गरेको छ । उनी सरकारी वकिल समूहका सचिव मानिन्छन् । नायब महान्यायाधिवक्ता रहेका सूर्यराज दाहाल उमेर हदका कारण अनिवार्य अवकाशमा गएका थिए ।

उनी अवकाशमा गएसँगै रिक्त सचिव सरह विशिष्ट श्रेणीको (बाँकी पृष्ठ ८ मा)

## मन्त्री परियारले अत्तोपत्तो नपाउँदै
# कर्मचारी सरूवामा सचिवको मनपरी

● साँघु संवाददाता

**काठमाडौं । रामआधार साह यसअघि खानेपनी मन्त्रालयमा कार्यरत रहँदा पनि निकै विवादमा परेको सचिव हुन् । त्यसपछि राष्ट्रिय सतर्कता केन्द्र हुँदै नेपाल ट्रष्टको कार्यालयमा कार्यरत रहँदासमेत उनी विभिन्न काण्डमा जोडिएर चर्चामा नआएका भने होइनन् । पछिल्लो समय उनी पुन खानेपानी मन्त्रालयमा भित्रिनासाथ तत्कालीन सचिवले बरण्डामा थन्काएर राखेका प्राबिधिक सहसचिव रमाकान्त दुवाडीलाई योजना महाशाखाको जिम्मेवारी दिएका छन् ।**

उक्त महाशाखामा कार्यरत सहसचिव बालमुकुन्द श्रेष्ठलाई भने मेलम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशकको जिम्मेवारीमा खटाएका छन् ।

उक्त समितिको नेतृत्व गरिरहेका जगन्नाथ दासलाई भने सचिव साहले खानेपानी तथा ढल व्यवस्थापन कार्यालय नेपालगञ्ज सरुवा गरिएको बताइन्छ । सचिव साहले आयोजना कार्यान्वयन निर्देशनालय (पीआइडी) अनामनगरमा कार्यरत प्रमुख लक्ष्मीप्रसाद उपाध्यायलाई विभागको उपमहानिर्देशकको जिम्मेवारीमा सरुवा गरेका छन् । पीआइडी निर्देशनालयमा खानेपानी तथा ढल व्यवस्थापन विभागमा कार्यरत सहसचिव टीकाबहादुर चौधरीलाई खटाएका छन् । तत्कालीन मन्त्री प्रदीप यादवले चौधरीलाई निर्देशनालयमा खटाएको भएपनि उनको माग पूरा गर्न नसकेको भन्दै बिभागमा सरुवा गरिएको थियो ।

त्यसपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत उपाध्यायलाई मन्त्री यादवले पीआइडीमा ल्याएका थिए । तर, सचिव साहले उपाध्यायसँग लेनदेनमा कुरा नमिल्ने छाँटकाँट नदेखेपछि आफू मन्त्रालयमा भित्रिएको एक महिना नपुग्दै उनलाई लखेटेको चर्चा हुने गरेको छ । सहसचिव चौधरी भद्र स्वभावका कर्मचारी हुन् । सोही कारण सचिव साहले निर्देशनालयको सम्पूर्ण कर्मचारीको खटनपटन र ठेक्कापट्टाको कमिशनको उठ्तीपुठ्तीमा आफैंले हालीमुहाली गर्नको लागि चौधरीलाई खटाएको अनुमान



सचिव रामआधार साह

कर्मचारीहरुले गरेका छन् ।

सचिव साहले लुम्बिनी प्रदेशको शहरी तथा खानेपानी सचिवका रूपमा कार्यरत वासुदेव पौडेलको दरबन्दी जनकपुर कायम गरिएको स्रोत बताउँछ । जबकि, सरुवा भएर मन्त्रालयमा भित्रिदा खटाउन सहज हुने उद्देश्यले दरबन्दी त्यहाँ कायम गरिएको (बाँकी पृष्ठ ८ मा)

## कर्मचारीले मन्त्रीलाई किन गरे असहयोग ?

*काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा. डा. कुमार इङ्नाम नापी कार्यालय र मालपोत तथा भूमिसुधार कार्यालयमा हुने भ्रष्टाचारप्रति खरो ढंगले प्रस्तुत हुने संकेत गरेका छन् । यसअघि मन्त्री अनिल कुमार सिन्हालाई पत्तै नदिइ राम्रै थैली खर्च गरेर उपत्यकाका 'शुभ लाभ' नापी कार्यालयहरुमा सरुवा भएर गएका केही हाकिमहरुको मनमा यही कारण ढ्याङरो बज्न सुरु भइसकेको चर्चा हुने गरेको छ । हाल रक्षा सचिव रहेका केदारनाथ शर्मा र तत्कालीन मन्त्रालयको प्रशासन महाशाखा प्रमुख रहेका मदन कोइरालाले गरेका असन्तुलित, गलत निर्णयविरुद्ध मन्त्री इङनामले एक्सन लिने तयारी गरेको कर्मचारी स्रोत बताउछ ।*

*यतिसम्मकि थैलीखेती हुने कार्यालयहरु, काठमाडौं, ललितपुर, भक्तपुरलगायत केही नापी कार्यालयहरुमा उपसचिवहरु खटाउँदा मन्त्रालयका अधिकारीहरुले राम्रै शुभलाभ हात पारेको सूचना मन्त्री इङनामको कानमा परिसकेको चर्चा मन्त्रालयमा हुने गरेको छ । तर, सहसचिव कोइराला भने गृह मन्त्रालयमा सरुवा मिलाएर हाल कञ्चनपुर जिल्लाको प्रमुख जिल्ला* (बाँकी पृष्ठ ८ मा)

## अदालतको फैसला कार्यान्वयन अस्वीकार ?
# रिपब्लिक मिडियाविरूद्ध अवहेलना मुद्दा

काठमाडौं । नेपाल रिपब्लिक मिडिया लिमिटेडका प्रधान सम्पादक गुणराज लुइँटेल, निर्देशक शोभा ज्ञवाली, प्रमुख कार्यकारी अधिकृत (सिइओ) सम्वृद्धि ज्ञवालीसहित एक व्यवस्थापकविरुद्ध श्रम अदालत, भक्तपुरमा अदालतको अवहेलना मुद्दा दर्ता गरिएको छ । पत्रकार गोविन्द लुइँटेलले श्रम अदालतको फैसला कार्यान्वयन नगरेको आरोपसहित उनीहरूविरुद्ध अवहेलना मुद्दा दायर गरेका हुन् ।

०७९ साउन २६ गते नेपाल रिपब्लिक मिडिया लिमिटेडअन्तर्गत नागरिक दैनिकमा संवाददाताका रूपमा नियुक्त भएका लुइँटेललाई २० महिने सेवापश्चात ०८१ चैत २६ गते 'गैरकानूनी रूपमा अवकास' दिइएको थियो । सो निर्णय बदर गरी पुनर्वहाली गर्न माग गर्दै दायर मुद्दामा श्रम अदालतले ०८१ माघ २ गते एक वर्षको सेवा-सुविधासहित सोही पदमा पुनर्वहाली गर्न आदेश दिएको थियो ।

श्रम अदालतका अध्यक्ष जनक पाण्डे, न्यायाधीश शैलेन्द्र कुमार चौरसिया र निशा बानियाँको पूर्ण इजलासले गरेको फैसलामा भनिएको छ-"निवेदकलाई सेवाबाट हटाइएको मितिदेखि सेवामा पुनर्वहाली नभएसम्मको पारिश्रमिक तथा सेवा-सुविधा सहित निज कार्यरत पदमै पुनर्वहाली हुने ठहरिन्छ ।"

कम्पनीले ०८१ चैत २५ गते उनलाई नागरिक दैनिकमा पुनर्वहाली गरे पनि आफैंले ०८२ जेठ १ गतेदेखि लागू हुने गरी राजीनामा दिएपछि समेत उनले पाउनुपर्ने एक वर्षको सम्पूर्ण सेवा-सुविधा (बाँकी पृष्ठ ८ मा)

## मन्त्रीलाई बद्नाम गर्ने पात्रहरु को को ?

काठमाडौं । बन तथा वातावरण मन्त्रालयको नेतृत्व गर्दै आएका माधव प्रसाद चौंलागाईंले ०८२ पुष २५ गते शुक्रवारबाट भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयकोसमेत कार्यभार संहाल्ने अवसर प्राप्त गरेका छन् । निवर्तमान कुलमान घिसिङ राजनीतिक दलमा प्रत्यक्षमा रुपमा जोडिएको कारण उनले पदबाट राजीनामा दिएका थिए । त्यसपछि मन्त्री चौंलागाईंलाई प्रधानमन्त्री सुशीला कार्कीले उक्त मन्त्रालयको थप जिम्मेवारी दिएकी हुन् । मन्त्री चौंलागाईंलाई उनका आफन्त, नातेदार र आफैंले रोजेर मन्त्रालयमा भित्र्याएका कतिपय कर्मचारीहरुले राजनीतिक नियुक्ति र कर्मचारी सरुवामा उठ्तीपुठ्ती गर्दा बद्नाम हुँदै आएको छन् ।

मन्त्रीका नातेदारसमेत रहेका र नाताले भदा सालो हरिहर न्यौपाने यतिखेर उनको सल्लाहाकारको भूमिकामा रहेका छन् । जबकि, उनी निवर्तमान मन्त्री ऐनबहादुर शाहीकोसमेत सल्लाहाकार रहेका थिए । दुवै मन्त्रीका निकट रहेका न्यौपाने पूर्व नेकपा माओवादी निकट मानिन्छन् । उनले बिदेशी दातृ निकायबाट प्रोजेक्ट भित्र्याएर कर्णाली प्रदेशका दुःखी, गरिब नागरिकको नाममा काठमाडौंमा बसरेर 'तर'मार्ने गरेको आरोप खेप्दै आएका छन् । त्यसैगरी, मन्त्री चौंलागाईंको सचिवालयमा सुदन गुरुङले आफ्नोतर्फबाट अनिल बानियाँलाई खटाएको स्रोत बताउछ । पूर्वमन्त्री शाहीका छोरा राजेन्द्रलेसमेत मन्त्री चौंलागाईंलाई आफ्नो प्रभावमा पारेर स्वार्थपूर्ति गर्ने काममा लागेको चर्चा हुने गरेको छ ।

यतिखेर मन्त्रालयको प्रशासन महाशाखाको जिम्मेवारी जुम्ला निवासी सहसचिव भुपेन्द्र थापाले पाएका छन् । त्यसैगरी मन्त्रीको सचिवालयमा कार्यरत दीपक थापा, मन्त्रीको निजी सचिव सरकारी वकिल समूहका उपसचिव एकराज चौंलागाई, प्रशासन शाखामा कार्यरत उपसचिव प्रेम देवकोटा र अधिकृत जनक आचार्यको कार्यशैलीका कारण पनि मन्त्री चौंलागाईं विवादमा पर्न थालेको स्रोत बताउँछ । मन्त्रीको निकट रहेको व्यक्तिगत स्वार्थमा लाग्ने अन्य कर्मचारीहरुमा वरिष्ठ बैज्ञानिक पदमा कार्यरत उपसचिव रमेश बस्नेत, मधु घिमिरेकोसमेत नाम जोडिएको छ । उनीहरुले मन्त्रीको नाममा उठ्तीपुठ्ती गर्ने र मन्त्रालयमा कार्यरत प्राबिधिक सहसचिवहरुलाई दोष दिएर आफूहरु भने पानी माथिको ओभानो बन्ने गरेको आरोप स्रोतले लगाएको छ । मन्त्रालयमातहतको बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत उपसचिव प्राबिधिक राजकुमार गिरी (बाँकी पृष्ठ ८ मा)

## यी 'दल'हरुको बिजोग !

काठमाडौं । नयाँको नाममा पछिल्ला दिनमा पार्टी खोल्ने चलन बढेको छ । विभिन्न पेशा व्यवसायमा लागेकाहरुले पार्टी स्थापनाका गरी चुनावबाट जितिहालिन्छ भन्ने मनोविज्ञान पालेको देखिन्छ । डाक्टर, देखि पाइलट, इन्जिनियरदेखि ठुला व्यवसायीसम्म पार्टी खोल्न लागेका छन् । बुद्ध एअरका साहुजी वीरेन्द्रबहादुर बस्नेतदेखि इन्जिनियर कुलमान घिसिङसम्मले पार्टी खोलेका छन् । अनि विभिन्न पेशामा लागेका मान्छे पनि पार्टी खोल्न नसके चुनावमा लड्ने गरी पार्टीमा प्रवेश गरेका छन् । ट्रेकिङ कम्पनी कम्पनी चलाउने लाक्पाफुटी शेर्पा, टासी शेर्पालगायत दर्जन व्यक्तिहरु राजनीतिमा लागेका छन् । कतिसम्म भने उनीहरु त चुनावमा उठेर जित निकाल्नेसम्मको रहर गरिरहेका छन् । अनि, विदेशमा रहेका प्राध्यापकहरु विभिन्न पेशा व्यवसायमा लागेका परामर्शदाताहरु पनि यो भीडमा रहेका छन् । युएन एजेन्सीमा काम गरेका व्यक्तिहरु पनि अहिले नयाँ पार्टी खोल्ने उक्साउने वा आफू पनि नयाँ पार्टीमा प्रवेश गर्ने गरेका छन् । नेपालको निर्वाचन आयोगमा सवा सय भन्दा बढी दलहरु दर्ता भएका छन् ।

तर, तिनीहरु नै फेरि राजनीतिमा तत्कालको फाइदामा (बाँकी पृष्ठ ८ मा)

## विखण्डनदेखि विजयसम्म : एक राष्ट्रको कथा
# अन्तरकलह कि एकता ? राष्ट्रले खोजेको उत्तर

**हामीले प्रत्येक वर्ष पुस २७ गतेलाई पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका रूपमा मनाउँछौं । १७९९ सालमा जन्मिएका राष्ट्रनिर्माता पृथ्वी नारायण शाहले राज्यारोहणपछि तत्कालीन बिखण्डित अवस्था अन्त्य गर्दै साना-साना राज्यहरूलाई एकीकृत राष्ट्र नेपालमा रूपान्तरण गर्ने ऐतिहासिक अभियान सुरु गरेका थिए ।**

### यो बेला



युवराज पाण्डे(पीएचडी)

**आफ्नै दलको गलत काममा आँखा चिम्लिने प्रवृत्ति हटाउनु, प्रतिद्वन्द्वीलाई अनावश्यक लाञ्छना नलगाउने संस्कार बसाल्नु राष्ट्रका लागि लाभदायी हुन्छ । "मेरो गोरुको बाह्रै टका" र "आफूले भनेकै मात्र सत्य" भन्ने संस्कारले देशलाई अघि बढाउँदैन ।**

गोरखा राज्यको नेतृत्व सम्हालेपछि उनले भू-राजनीतिक जोखिम, अंग्रेज उपनिवेशवादी विस्तारको भय र विखण्डित राज्यचक्रको कमजोरीलाई गहिरोसँग बुझे ।त्यही कारण उनले एकीकरणलाई मुलुकको अस्तित्वसँग जोडिएको आवश्यक राष्ट्रिय परियोजना माने । यही अभियानअन्तर्गत उनले संवत् १८२५ मा काठमाडौं उपत्यकालाई जितेर राष्ट्र निर्माणको केन्द्र मजबुत बनाएका थिए ।

त्यतिबेला अंग्रेज साम्राज्यले अहिलेको भारतभित्रका साना-साना राज्यहरूलाई एकपछि अर्को गर्दै निगलिरहेको माहोल थियो । यदि नेपालभित्रका राज्यहरू पनि यथावत् विखण्डित रहन्थे भने तिनले दीर्घकालीन रूपमा स्वतन्त्र अस्तित्व कायम राख्न सक्ने सम्भावना अत्यन्त न्यून थियो । पृथ्वी नारायण शाहले समयमै यो खतरा बुझे र सबै राज्यलाई एउटै शक्तिशाली केन्द्रीय राज्यमा रूपान्तरण गरेर नेपालको भौगोलिक, राजनीतिक र सांस्कृतिक अस्तित्व सुरक्षित राखे । त्यसैले आज हामी उनलाई "बडामहाराजाधिराज" र "राष्ट्रनिर्माता" का रूपमा उच्च सम्मान गर्छौं ।

एकीकरणभन्दा अघि काठमाडौं/कान्तिपुर, ललितपुर/पाटन र भक्तपुर छुट्टाछुट्टै राज्य थिए । त्यसबाहेक पूर्वदेखि पश्चिमसम्म दरबार-दरबार र थरथरै प्रशासनिक केन्द्रहरू थिए । यस्ता राज्यहरू अलग-अलग रहिरहे भने बाह्य हस्तक्षेप र उपनिवेशवादी चासोको शिकार बन्नु स्वाभाविक थियो । पृथ्वी नारायण शाहको एकीकरण अभियानले नेपाली पहिचान, नेपाली राष्ट्र र नेपालको स्वतन्त्र अस्तित्वलाई सम्भव बनाएको ऐतिहासिक सत्य आज पनि सबैले स्वीकार गर्नुपर्ने देखिन्छ । यही कारण आज पनि राष्ट्रप्रेमीहरू उनका योगदानलाई आदरपूर्वक सम्झन्छन् (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### प्रतिभा र सुन्दरता

एकपटक राजा विक्रमादित्यले महाकवि कालिदासलाई भने, तपाईं प्रतिभा सम्पन्न हुनुहुन्छ । तर भगवानले तपाईंलाई सुन्दर प्रतिभा जस्तै सुन्दर शरीर भने दिएनन् । राजाको त्यस्तो जिज्ञासा सुनेपछि कालिदासले एउटा सुनको र अर्को माटाको गाग्री मगाएर ती दुवै गाग्रीमा टन्न पानी भर्न लगाएपछि महाराजा तपाईंको यो जिज्ञासाको जवाफ साँझमा दिन्छु । साँझमा दरवार आएका कालिदासले सुनको सुन्दर र माटाको सामान्य गाग्रीबाट अलि अलि पानी निकालेर राजालाई चाख्न दिए र भने–यी दुई गाग्रीको पानी चाखेर कुनको पानी मीठो छ भन्नुहोस् । विक्रमादित्यले दुई वटै गाग्रीको पानी चाखेपछि भने–माटाको गाग्रीको पानी सुनको गाग्रीको पानीभन्दा मीठो र चिसो छ । त्यसपछि महाकविले भने–राजन तपाईंको विहानको जिज्ञासाको जवाफ यही हो । जसरी माटाको गाग्री सुनको गाग्रीभन्दा गुणका कारणले गर्दा उत्तम छ । त्यसैगरी कुरुप शरीरमा पनि उत्तम प्रतिभा पाउन सकिन्छ र प्रतिभा सुन्दरताको तादत्म्यता हुनुपर्दछ भन्ने छैन ।

**मानिसले सबैप्रति मित्रभाव राखे हुन्छ तर मित्रहरुको छनौट गर्दा विभेदकारी हुनुपर्दछ ।**
**– कन्फ्युसियस**

## सम्पादकीय

### पृथ्वी जयन्ती ३०४ औंः एकीकृत राष्ट्र, समृद्ध भविष्य

३०४औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस–२०८२ विगतका वर्षहरूमा भन्दा यसपटक विशेष, व्यापक र सांस्कृतिक रूपमा समृद्ध बनाउँदै २०८२ पुस २७ गते देशभर विविध कार्यक्रमसहित मनाइँदैछ । समारोहहरूको भव्यता मात्रै हैन, त्यसमा जोडिएको राष्ट्रिय चेतना, इतिहासप्रतिको सम्मान र भावी पुस्तालाई दिने सन्देश यस वर्षको एकता दिवसलाई अझ अर्थपूर्ण बनाइरहेको छ । नेपालका राष्ट्र–निर्माता बडामहाराज पृथ्वीनारायण शाहको सम्झना केवल व्यक्तिलाई सम्झिने परम्परा होइन, सिंगो राष्ट्रलाई एकीकृत र सक्षम बनाउने हाम्रो साझा यात्राको निरन्तरता पनि हो ।

नेपालजस्तो विविध भू–भाग, भाषा, जाति, संस्कृति र परम्परा बोकेको देश आज एक नक्सामा देखिनु स्वयम् पृथ्वीनारायण शाहको दूरदर्शी नेतृत्व र अदम्य संकल्पको परिणाम हो । उनी केवल सैन्य वीरता वा राजकीय शक्ति प्रयोग गर्ने नेता मात्र थिएनन्, उनी भू–राजनीति, कूटनीति, संसाधन उपयोग, राज्य व्यवस्थापन तथा सामाजिक समन्वयका अडिग चिन्तक र राष्ट्र–निर्माणका प्रणेता थिए । त्यसैले पृथ्वीनारायण शाहको नामलाई इतिहासको पानामा सीमित राख्नु अन्याय हुने थियो । अहिलेको एकता दिवसलाई मनाउनु भनेको नेपाल राष्ट्रको आधारशिला–सार्वभौमिकता, राष्ट्रिय हित र अन्तरिक एकतालाई पुनः पुष्टि गर्नु हो ।

विगत वर्षहरूमा पृथ्वी जयन्ती केही चुनौती, विवाद र राजनीतिक व्याख्याभित्र सीमित देखिएको थियो । तर, २०८२ को एकता दिवस देशव्यापी सहभागिता, संस्थागत समन्वय र सांस्कृतिक प्रबाहका कारण विशेष र विस्तार पूर्ण रूपमा मनाइँदै छ । नेपाली सेना र जनस्तरबाट देखिएको सक्रियता, शिक्षण संस्थाहरूमा भएको सहभागिता, सांस्कृतिक परेड, जात्रा, माला–बन्दना, सालिक अनावरण, विचार गोष्ठी तथा एकीकृत राज्य निर्माणका विषयमा भइरहेका छलफलहरूले यस वर्षको अवसरलाई अझ विशेष र ऐतिहासिक बनाएका छन् । यो वर्ष राजपथदेखि गाउँघरका सडकसम्म, प्रशासनदेखि युवासम्म, नेपाली सेना, प्रहरीदेखि नागरिकसम्म–सबै तहमा राष्ट्रिय एकताको चाहना प्रकट भइरहेको छ ।

पृथ्वीनारायण शाहले प्रतिपादन गरेको "दुई ढुंगाबीचको तरुल" केवल चीरपरिचित राजनीतिक अभिव्यक्ति मात्र होइन, नेपालको भू–राजनीतिक सतर्कताको कूटनीतिक सूत्र हो । आजको विश्व परिवेशमा शक्तिकेन्द्रहरू बदलिँदैछन्, आर्थिक धरातल पुनःनिर्माण हुँदैछ, र अन्तर्राष्ट्रिय सम्बन्धका समीकरणहरू बदलिँदैछन् । यस्ता परिस्थितिमा पृथ्वीनारायण शाहको रणनीतिक चेतनाबाट निर्देशित सन्तुलन, सतर्कता, स्वाभिमान र व्यवहारिकता आज पनि त्यत्तिकै सान्दर्भिक छ । इतिहासले सिकाएको यिनै मूल्यहरू आधुनिक राष्ट्र–निर्माणका आधार बन्नुपर्ने हो ।

पृथ्वीनारायण शाहको स्मरण गर्नु इतिहास रोइदिने अभ्यास होइन, यो भविष्यमुखी दृष्टिकोण हो । उनीले भनेका थिए–"नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो ।" यही विचारले नेपाललाई बहुलवाद, सहिष्णुता, समन्वय र सहजीवनको मार्गमा अघि बढाएको छ । आज जब संसार वाद–विवाद, दम्भ, ध्रुवीकरण र सामाजिक खण्डिकरणबाट जर्जर छ, नेपालले आफ्नै सभ्यतागत मूल्य–सह–अस्तित्व, साझा पहिचान र सामाजिक समरसता( भाइचाराको भावना)बाट बौद्धिक नेतृत्व तथा सांस्कृतिक योगदान दिनसक्छ । त्यो क्षमताको स्रोत यही फूलबारीको दर्शन हो ।

३०४ औँ पृथ्वी जयन्तीको सन्देश स्पष्ट छ–राष्ट्र बनेपछि मात्र लोकतन्त्र बलियो हुन्छ, विकास सम्भव हुन्छ, स्वतन्त्रता रक्षा हुन्छ । राष्ट्र कमजोर भयो भने प्रणालीहरू, सिद्धान्तहरू, संरचनाहरू सबै कमजोर बन्छन् । आजका चुनौतीहरू–राजनीतिक अस्थिरता, युवाको विदेशिने बढ्दो दर, ग्रे–लिष्ट, आर्थिक निर्भरता, सुशासनका समस्या, सामाजिक विभाजन र भू–रणनीतिक दबाब–एक्ला–एक्लै सामना गर्न सकिने विषय होइनन् । यी सबै राष्ट्रिय एकताको अभाव र सामूहिक उद्देश्यको अभावले बिग्रिएका हुन् । पृथ्वी जयन्तीले हामीलाई स्मरण गराउँछ–राष्ट्रका लागि सोच्ने, राष्ट्रका लागि काम गर्ने, राष्ट्रका लागि एक हुने समय अहिले नै हो ।

यस वर्षको समारोह राज्यको औपचारिक कार्यक्रमभन्दा धेरै व्यापक बनेको छ । नागरिक समाज, नेपाली सेना, विद्यालय, युवा समूह, स्थानीय तह, सुरक्षा निकाय, तथा विदेशस्थित प्रवासी नेपाली समुदायसम्मले एकीकृत नेपाल, समृद्ध नेपाल र सभ्यतागत नेपाल–निर्माणको भावना एकसाथ अभिव्यक्त गरिरहेका छन् । यी कार्यहरू केवल परम्परा पालन मात्र होइन, राष्ट्रिय अनुभूति जागृत गर्ने अभ्यास हुन् । अबको आवश्यकता पृथ्वी नारायण शाहको योगदान सम्झिँदै राष्ट्रको दीर्घकालीन लक्ष्य निर्धारण गर्नु हो ।

–नेपालले सार्वभौमिकता र सन्तुलित कूटनीति मजबुत बनाउनु छ ।
–आर्थिक रूपान्तरण, ऊर्जा विकास र स्वदेशमै अवसर सिर्जना गर्नुपर्छ ।
–युवाहरूलाई राष्ट्र–निर्माणको अग्रपंक्तिमा ल्याउनुपर्छ ।
–सुशासन, पारदर्शिता र राज्य संयन्त्रको विश्वसनीयता पुनर्स्थापित गर्नुपर्छ ।
–सांस्कृतिक सहअस्तित्व र सामाजिक हार्दिकता जोगाई राख्नुपर्छ ।

नेपाल एकीकृत भएर बनेको राष्ट्र हो, त्यसैले समृद्धि पनि एकीकृत भएरै सम्भव छ ।

३०४औँ पृथ्वी जयन्तीको अवसरले हामीलाई फेरि सम्झाएको छ–राष्ट्रलाई एकताबद्ध राख्ने शक्ति इतिहास होइन, इतिहासबाट सिकेर भविष्य निर्माण गर्ने हाम्रो चेतनाले दिन्छ । पृथ्वीनारायण शाहको स्मरण गर्नु भनेको राष्ट्र निर्माणको स्वतन्त्र इच्छाशक्ति पुनर्जागरण गर्नु हो ।

यसै भावनासहित–एकीकृत नेपाल, समृद्ध नेपाल, सभ्यतागत नेपाल–यही हो ३०४औँ पृथ्वी जयन्तीको वास्तविक सन्देश ।

# युवा बनाम पुरानो नेतृत्व : नयाँ चेतना र पुरानो जडता
# भ्रष्टाचार र संस्थागत कमजोरीले विश्वासको क्षय

**नेपालको राजनीतिमा जनताको विश्वासको संकट देखिन्छ । किन यो महत्त्वपूर्ण छ । पुनर्निर्माण गरिएको नेतृत्व र भ्रष्टाचारसँग व्यापक निराशा । सम्भावित कोणहरू हेर्दा : किन उनै नेताहरू सत्तामा फर्किरहन्छन् ? मतदाता उदासीनता र लोकतन्त्रमा घट्दो विश्वास, राजनीतिक परिवर्तन र नेतृत्व परिवर्तन बीचको भिन्नता आदि, युवा बनाम पुरानो–गार्ड राजनीति प्रमुख रूपमा देखिन्छन् ।**

## समय र विचार



**शंकरमान सिंह**

**नेपालमा किन उही नेताहरू बारम्बार फर्किन्छन् भन्ने प्रश्नले जनताको मनमा गहिरो चोट पुऱ्याएको छ । पार्टी संरचना पुराना नेताहरूको नियन्त्रणमा छ, जसले नयाँ नेतृत्वलाई प्रवेश गर्न कठिन बनाउँछ ।**

**राजनीतिक प्रणाली फेरियो, तर नेतृत्व किन उही ?**

नेपालमा राजनीतिक प्रणाली परिवर्तन धेरै पटक भएको छ-राजतन्त्रदेखि गणतन्त्रसम्म । तर, नेतृत्व परिवर्तन भने सीमित छ । संविधान, प्रणाली, र संस्थागत ढाँचा फेरिएको छ, तर नेताहरू उही छन् । यसले जनतालाई देखाउँछ कि राजनीतिक परिवर्तनले जीवनस्तरमा खासै सुधार ल्याएको छैन ।

**युवा बनाम पुरानो नेतृत्व : नयाँ चेतना र पुरानो जडता**

युवा र पुरानो नेतृत्वबीचको संघर्षले राजनीतिक विश्वासलाई अझै कमजोर बनाएको छ । नयाँ पुस्ता परिवर्तनको माग गर्दै सडकमा निस्किन्छन् । उनीहरू पारदर्शिता, उत्तरदायित्व, र नयाँ विचारको खोजी गर्छन् । तर, दशकौँदेखि सत्तामा रहेका नेताहरूले आफ्नो अनुभव र नेटवर्कलाई आधार बनाएर टिकिरहन्छन् । मैले यस संघर्षलाई "नयाँ चेतना र पुरानो जडता" बीचको द्वन्द्व भनेर व्याख्या गर्ने कोसिस गरेको छु ।

**भ्रष्टाचार र संस्थागत कमजोरीले विश्वासको क्षय**

भ्रष्टाचारले विश्वासलाई क्षय गरेको छ । सांसद किनबेच, पद बाँडफाँड, र आर्थिक लाभका लागि गठबन्धनले जनतालाई निराश बनाएको छ । जनताले देख्छन् कि नेताहरू जनहितभन्दा व्यक्तिगत लाभमा केन्द्रित छन् । अख्तियार, न्यायालय, र अन्य नियामक निकायहरू पनि राजनीतिक प्रभावमा कमजोर छन् । यसले जनतालाई लोकतन्त्रप्रति आस्था घटाएको छ

**ऐतिहासिक निरन्तरता र जनअसन्तोष**

राजनीतिक विश्वासको संकटलाई ऐतिहासिक र सामाजिक दृष्टिले विश्लेषण गर्ने गरेको देखिन्छ, नेपालमा नेतृत्वको पुनरावृत्ति केवल आजको समस्या होइन, विगतदेखि निरन्तर चलिरहेको छ । जनताको निराशा र असन्तोषलाई गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता छ । राजनीतिक विश्वास पुनःस्थापित गर्न खुला संवाद, आलोचना, र पारदर्शिता अपरिहार्य छ ।

**लोकतन्त्रपछि बढेको असन्तोष**

नेपालको राजनीतिक जीवनमा आज एउटा गहिरो संकट छ-जनताको विश्वासको संकट । लोकतन्त्र स्थापनापछि जनताले आशा गरेका थिए कि नयाँ नेतृत्व, पारदर्शिता, र उत्तरदायित्व आउनेछ । तर दशकौँदेखि उही नेताहरू पुनः पुनः सत्तामा फर्किंदा जनतामा असन्तोष बढेको छ । भ्रष्टाचार, असक्षम शासन, र अपारदर्शी निर्णयहरूले जनताको विश्वासलाई कमजोर बनाएको छ ।

जनताको निराशा र राजनीतिक नेतृत्वको पुनरावृत्तिलाई गम्भीर प्रश्नको रूपमा उठाएका छन् । विश्वासको संकट केवल वर्तमानमा होइन, ऐतिहासिक निरन्तरतामा पनि जडित छ ।

**उही नेताहरू किन बारम्बार फर्किन्छन् ?**

नेपालमा किन उही नेताहरू बारम्बार फर्किन्छन् भन्ने प्रश्नले जनताको मनमा गहिरो चोट पुऱ्याएको छ । पार्टी संरचना पुराना नेताहरूको नियन्त्रणमा छ, जसले नयाँ नेतृत्वलाई प्रवेश गर्न कठिन बनाउँछ । नेताको व्यक्तित्वलाई पार्टीभन्दा माथि राख्ने संस्कृतिले पुराना नेताहरूलाई निरन्तर टिकाइराख्छ । राज्यस्रोत, व्यापारिक सम्बन्ध, र अन्तर्राष्ट्रिय पहुँचले उनीहरूको पुनरागमन सुनिश्चित गर्छ । जनताले विकल्पहीन महसुस गर्दा पुरानै नेतामा निर्भर रहनुपर्छ ।

**मतदाता उदासीनता र राजनीतिक वितृष्णा**

यस पुनरावृत्त नेतृत्वले मतदाता उदासीनता जन्माएको छ । पछिल्ला निर्वाचनहरूमा मतदान प्रतिशत घट्दै गएको छ । जनतामा धारणा छ कि जुनसुकै पार्टी वा नेता आए पनि भ्रष्टाचार र असक्षम शासन दोहोरिन्छ । युवाहरूले राजनीति "फायदा खोज्ने खेल" मात्र भएको ठान्छन् । सामाजिक सञ्जालमा निरन्तर आलोचना र व्यंग्यले जनताको निराशालाई अझ गहिरो बनाएको छ ।

**चुनाव, सुरक्षा र अविश्वासको वातावरण**

सरकारले मार्च ५ को चुनावको तयारी गरिरहेको बेला, सरकार र प्रमुख राजनीतिक दलहरू बीचको गहिरो अविश्वासले चुनावी प्रक्रियालाई पटरीबाट खसाल्ने खतरा छ । प्रधानमन्त्री सुशीला कार्कीको सरकारले जेन-जी प्रदर्शनकारीहरूको माग, प्रहरी हतियार हराएको र प्रहरीको मनोबल घट्ने जस्ता अनेकौं दबाबहरूबीच चुनावी सुरक्षा र निष्पक्षता सुनिश्चित गर्ने क्षमतामाथि बढ्दो शंकाको सामना गरिरहेको छ । पूर्वप्रधानमन्त्रीहरूलाई लक्षित गरी भइरहेको अनुसन्धान र नयाँ हिंसाको बढ्दो डरका कारण, राजनीतिक दलहरू वर्तमान नेतृत्वमा विश्वसनीय र सुरक्षित चुनाव हुन सक्छ कि सक्दैन भन्ने कुरामा विभाजित छन् ।

२०२५ सेप्टेम्बर ८-९ जेन-जी विरोध प्रदर्शन पछि प्रधानमन्त्री सुशीला कार्की र प्रमुख राजनीतिक दलहरू बीचको पहिलो बैठक, जुन २०२५ अक्टोबर २२ मा भएको थियो, एउटा केन्द्रीय प्रश्न हावी थियो : के सरकारले मार्च ५ को चुनावको लागि सुरक्षाको ग्यारेन्टी गर्न सक्छ ?

**प्रहरी, हिंसा र राजनीतिक तनाव**

धेरै घटनाक्रमले सार्वजनिक र राजनीतिक आशंकालाई गहिरो बनाएको छ । सबैभन्दा उल्लेखनीय कुरा के छ भने, सेप्टेम्बर ९ मा प्रदर्शनकारीहरूले लुटेका १,००० भन्दा बढी हतियारहरू नेपाल प्रहरीले अझै पनि बरामद गर्न सकेको छैन, जबकि अशान्तिको समयमा भागेका ४,००० भन्दा बढी कैदीहरू अझै फरार छन् ।

चिन्ता थप्दै, विरोधको समयमा नष्ट गरिएका धेरै प्रहरी चौकीहरू भग्नावशेषमा छन् । प्रहरीको मनोबल अहिलेसम्मकै न्यून रहेको बताइएको छ । जेन-जी आन्दोलनका स्वघोषित प्रतिनिधिहरूले वरिष्ठ पार्टी नेताहरूलाई खुला धम्की दिएका छन्, जसले हिंसाको डर बढाएको छ ।

**समाधानका सम्भावना र निष्कर्ष**

समाधानका सम्भावना भने छन् । पार्टी संरचनामा युवालाई अवसर दिनुपर्छ । भ्रष्टाचार नियन्त्रण र जनतासँग प्रत्यक्ष संवाद गर्नुपर्छ । जनतालाई लोकतन्त्रको मूल्यबारे सचेत बनाउन शिक्षा र चेतना आवश्यक छ । न्यायालय, अख्तियार, र निर्वाचन आयोगलाई स्वतन्त्र र सक्षम बनाउनुपर्छ । नेताप्रति अन्धविश्वासभन्दा संस्थाप्रति विश्वास बढाउन सांस्कृतिक परिवर्तन आवश्यक छ ।

नेपालमा राजनीतिक विश्वासको संकट गहिरो छ । उही नेताहरूको पुनरावृत्ति, भ्रष्टाचार, र जनताको निराशाले लोकतन्त्रलाई कमजोर बनाएको छ । यदि नेपालले नयाँ नेतृत्वलाई अवसर दिन सकेन भने लोकतन्त्र केवल औपचारिक संरचना मात्र हुनेछ । तर यदि पारदर्शिता, उत्तरदायित्व, र युवाको सहभागिता बढाइयो भने जनताको विश्वास पुनःस्थापित गर्न सकिन्छ ।

# 'अराजनीतिक'ले राजनीति 'कमाण्ड' गर्ने ?

**नेता भनेको के हो ? कस्तो मान्छे नेता हुन लायक हुन्छ ? यस्ता आधारभूत विषय नै रास्वपालाई जानकारी भएन । समानुपातिकले खुस्काएको हावा फेरि 'केन्द्रमा नेता घोषित गर्ने कार्य'ले 'जान्नेलाई छान्ने' नारा दिने रविको पार्टीको हावा खुस्किएको छ । राजनीतिक पार्टी किन र केको लागि गठन हुन्छन् ? पार्टीमा नेता कसरी अपग्रेड र स्थापित हुन्छन् ? यी र यस्ता आधारभूत कुरा नै उनीहरूलाई थाहा भएन । भीड, सेलिब्रेटी, छाडा फेसबुके, चर्का स्वरमा गाली गर्न सक्ने, मिडियामा नाम आएका स्वतः नेता हुन् र हुन्छन् भन्ने साँघुरो सोचबाट रविको पार्टी अघि बढ्यो । राजनीतिक दलमा अराजनीतिक मान्छे नेता हुँनै सक्दैन ।**

## राजनीति



**डा. प्रेमराज सिलवाल, अधिवक्ता**

**राजनीतिक नेतृत्व र राज्यप्रणालीप्रति गैरकानूनी तथा फौजदारी प्रकृतिका गम्भीर खालका दुषित आगो ओकल्ने प्रवृत्ति बढ्दै गएका देखिन्छन् ।**

अमेरिकी लेखक जोन सी. म्याक्सवेलले आफ्नो पुस्तकमा हु नोज द वेयज, सोज द वोयज एण्ड गोज द वेए इज द लिडर (जसलाई बाटो थाहा छ, जो त्यो बाटो हिड्छ र जसले अरूलाई बाटो देखाएर अघि बढाउन नेतृत्व गर्न सक्दछ उही नेता हो) भनेका छन् । सार्वजनिक सञ्चार माध्यममा कराएर मात्र कसैमा राजनीतिक चेत आउने होइन । त्यसका लागि राजनीतिमा भिजेको, अनुभवले खारिएको, सामाजिक, सार्वजनिक, दलीय, वैचारिक, सैद्धान्तिक, कानूनी र लोकहितका विषयको न्यूनतम् ज्ञान, अनुभव, अभ्यास र संस्कृति हुनैपर्दछ । दलीय लोकतन्त्रमा सस्तो, छिटो र बढी प्रचार गर्दै धेरै कमाउने सोचका कारण अनेक खाले हर्कत र गलत प्रवृत्तिले भएका 'पोलिटिकल्ली सेन्सलेसलाई खादा ओढाएर नेता घोषित गर्ने' कुरा आफैँमा मूर्खतापूर्ण हर्कत मान्नु पर्ने हुन्छ ।

**भँडो प्रवृत्ति र सोच**

'सस्तोमा' यसरी नेता बन्ने लोभका कारण नेपालमा मिडिया, सामाजिक सञ्जालको दुरुपयोग अति धेरै बढेको छ । युट्युबरका झुट्ठा र फट्याइँपूर्ण हर्कतले समाज भ्रमित मात्र बनेका छैनन् राज्यसत्ता, नेता, सरकार, प्रणाली जतापनि जसले जस्तोसुकै अराजक, गैरकानूनी आक्षेप लगाउन पाउने जस्तो वातावरण निर्माण गरियो, गरिँदैछ । समाजमा गलत हल्ला, कुप्रचार, अनावश्यक हल्ला, झुट्ठा प्रचार र अफवाह फैल्याएर निहित स्वार्थसिद्ध गर्ने तत्व बढेका देखिन्छन् ।

उफ्रि उफ्रि नाकको डाडीमा हान्ने चिच्याहटले 'नेता घोषणा' भएका 'रवि लामिछाने प्रवृत्ति' बढ्नुमा यही भँडो सोच र प्रवृत्ति हावी भयो । आफू बाहेक सबैलाई 'चोर' र 'निकम्मा' भन्ने, देखाउने प्रवृत्ति बढाएर नेता बने । सहकारी ठगी आरोप, गैरकानूनी हर्कत गर्ने, अनि लुक्न र छोपिन राजनीतिक दल र सत्ताको जामा पहिरिने प्रवृत्तिले गणतन्त्र बद्नाम र धमिलो बन्ने मात्र हो । आफू पानीमाथिको ओभानो भएर 'सच्चा र चोखो' देखाउँदै 'ठूलो बन्ने' प्रवृत्ति बढ्यो । सञ्चार माध्यमको नाममा, दल र पार्टीको नाममा, सत्ता र शक्तिको नाममा ठगी, अपराधी र राजश्वमारालाई नै सलाम गर्दै अघि बढ्नु पर्ने हो भने गणतन्त्रको औचित्यमाथि नै प्रश्नचिन्ह उठ्न पुग्नेछ ।

**ठग नै नेता ?**

देशमा सहकारी ठग, अपराधी र अनेकौं अवैध धन्दाबाट सम्पत्ति आर्जन गरिरहेकाहरूनै ठूला र चर्का स्वर गर्दै आफूलाई चोखो देखाउन खोज्दैछन् । सहकारी अन्य पेशाका ठगहरू राज्यसत्तामा पुगेका छन् । आफूलाई स्वतन्त्र भन्ने रवि लामिछाने प्रवृत्तिले लोकतन्त्र बद्नाम बनायो । भ्रष्ट शासक र ठगहरूले लोकतान्त्रिक राज्य प्रणाली, राजनीतिक नेतृत्व तथा सिङ्गो संवैधानिक-राजनीतिक विधिलाई पुरै धमिलो पारेको अवस्था नेपाली जनताले भोग्दैछन् । आखिर किन र कसरी त्यस्तो विकृतपूर्ण संस्कृति मौलायो ? हाम्रो समाज र प्रणाली हामीले कस्तो बनाउँदैछौं ? लोकतन्त्रमा राजनीतिक दललाई प्रजातन्त्रका खम्बा समान मानिन्छ । दलमार्फत जनताका राजनीतिक, सामाजिक र सार्वजनिक मुद्दा, सरोकार तथा हितमा आवाज उठाइन्छन् । यहाँ त दलका नाममा ठूला कुरा गर्न भ्रष्ट ु अपराध कर्म गर्ने नै नेता भइटोपलेको देखियो । वास्तवमा लोकतन्त्रको विकल्प बढी लोकतन्त्र हो । समावेशी र समुन्नत लोकतन्त्र हो । सामाजिक न्यायमा आधारित लोकतन्त्र हो ।

लोकतन्त्रमा जनता र नागरिकका चाहना तीव्र रूपले प्रकट हुन्छन् । जुन स्वभाविकै हो । लोकतन्त्रमा प्रत्येकलाई देश हित, जनहित, आफ्ना आवश्यकता र हितमा बोल्ने, माग गर्ने र आवाज उठाउने हक एवम् अधिकार हुन्छ, छ । तर, आफ्ना आवाज उठाउने र माग गर्ने नाममा देशका भ्रष्ट, हत्याको अभियोग भोगेका, राजश्वमारा र अपराधीहरू नै चर्का कुरा गर्दैछन् । आखिर किन यस्ता संस्कृति र संस्कारको वृद्धि हुँदैछन् ? किन कुनै व्यक्ति र निकायप्रति अराजक आक्षेप-आरोप लगाइन्छन् ? त्यतिमात्र होइन कतिपय सन्दर्भमा राजनीतिक नेतृत्व र राज्यप्रणालीप्रति गैरकानूनी तथा फौजदारी प्रकृतिका गम्भीर खालका दुषित आगो ओकल्ने प्रवृत्ति बढ्दै गएका देखिन्छन् । विगतमा डा. बाबुराम भट्टराईले प्रचण्डलाई अरबौँ अर्बौं खाएको आरोप लगाए । सहकारीका ठग, अपराधी, करमारा, राजश्वमारादेखि अनेकौं धन्दाबाट दलको नाममा अकुत कमाउनेहरू चर्को स्वर गर्दै सानसँग उल्टो लोकतन्त्रमाथि धावा बोल्दैछन् ।

**लोकतन्त्रका कालोपोके रोग**

राजनीतिक स्वतन्त्रताको दूरुपयोग गर्ने र आफूलाई मन नपरेको जो कसैलाई जस्तोसुकै प्रकृतिको गम्भीर आरोप-आक्षेप लगाउने संस्कृति बढ्दै गएको छ । लोकतान्त्रिक गणतन्त्रमार्फत प्राप्त भएका राजनीतिक स्वतन्त्रतालाई गलत अर्थमा बुझ्दा यस्ता कुसंस्कार बढेको हो । प्रत्येकले अधिकारै अधिकारको बारेमा चर्का कुरा गर्ने तर आफ्ना आधारभूत दायित्व पूरा नगर्ने प्रवृत्ति बढ्दै गएका कारण प्रणाली धमिलो बन्यो । राजनीतिक,वैचारिक, सैद्धान्तिक दृष्टिमा शून्य भएका 'सामाजिक सञ्चालका हिरोहरूलाई नागरिकले नेता मानिदिनुपर्ने' कुराले लोकतन्त्रमा कालोपोके प्रवृत्ति मौलाएको प्रष्ट हुन्छ । युरोपका देशहरूका शासन प्रणाली हेर्ने हो भने अधिकारका साथै प्रत्येकले आफ्ना दायित्व पूरा गर्ने गरेको देखिन्छ । स्वतन्त्रताको उपयोग गर्ने नाममा ठग र अपराधीहरूको नै ठूला स्वर सुनिन्छ । यो लाजमर्दो कुरा हो । आधुनिक, पढेका र नवयुवा भनिएका ठूलो जमात चाहिँ राजनीति, राजनीतिक प्रणाली, देश, राजनीतिक नेतृत्व र शासन सत्ता सञ्चालन एवम् प्रणालीप्रति अनदेखा वा बेमतलवी बन्दैछन् । समाजलाई अग्रगति दिने र दिशानिर्देश गर्ने भनेको राजनीतिक नेतृत्व, सरकार तथा नागरिक समाजका अगुवा आदिले हो ।

घर परिवार, स्कुल-कलेज मानिसको पहिलो पाठशाला हुन् । त्यहीँबाट मानिसले नैतिकता, असल आचरण र संस्कार सिक्दछ । त्यही आधारभूत इकाइ भ्रष्ट र प्रदूषित भयो, बनाइयो । ठूला भनिएका अपराधी, भ्रष्ट र ठगका स्वर सुनिने, इमान्दार नागरिकका आवास दबाइने गरिँदा लोकतान्त्रिक गणतन्त्र धमिलो हुन थाल्यो । राजनीतिक नेतृत्वमा रहेका नेता आफै भ्रष्ट, अनैतिक, मूल्यहीन, अविश्वासी र पतीत भइदिए भने त्यसको दुष्प्रभाव समाजमा पर्ने हुन्छ । राजनीतिमा मूल्य र नैतिकताको संस्कृति ध्वस्त हुँदा त्यसको कुप्रभावले समाजमा अराजकता फैलिँदैछ । यही कारण लोकतान्त्रिक गणतन्त्र बद्नाम बन्दै आएको देखिन्छ । लोकतन्त्र सङ्लो पारेर सफा गर्ने हो भने बद्नाम, सहकारी ठग र आपराधिक क्रियामा संलग्न भएका भनि दुनियाँले देखेका पात्रलाई दुधमा हामफाल्दै गरेका झिँङ्गा झिके जस्तो गरी टिपेर भुइँमा फ्याटफ्याटी पछार्नु अत्यावश्यक भइसकेको छ । लोकतन्त्र बद्नाम हुनबाट जोगाउने यही उपाय हो । पोलिटिकल्ली सेन्सलेसले पोलिटिक्सको कमाण्ड गर्ने कुरा अवैज्ञानिक, अतार्किक, अस्वभाविक र वाहियात कुरा हो ।

# गुप्तचरको बढुवाप्रति असन्तुष्टि बढ्यो

## तीन महिनापछि बढुवा : वरिष्ठलाई पाखा !

● साँघु संवाददाता

**काठमाडौँ । २०८२ पुष २१ गते सोमबारको मन्त्रिपरिषद बैठकले राष्ट्रिय अनुसन्धान (गुप्चतर) विभागको अतिरिक्त मुख्यअनुसन्धान निर्देशक अर्थात् एआईजी(विशिष्ट श्रेणी) पदमा ओम खड्कालाई बढुवा गर्ने निर्णय गरेको छ । उक्त पदमा बढुवा समयमा हुन नसक्दा झण्डै तीन महिनादेखि रिक्त रहेको थियो । अन्तरिम सरकारले ढिलागरी गरेको बढुवामासमेत वरिष्ठ अधिकृतलाई पाखा पारिएको भन्दै राष्ट्रिय अनुसन्धान बिभागभित्र असन्तुष्टि छाएको गुप्त स्रोत बताउछ । बिभागका तत्कालीन प्रमुख हुतराज थापा तीनवर्षे कार्यकाल पूरागरी २०८२ भदौको अन्तिम सातातिर अवकाशमा गएका थिए ।**

त्यसबखत जेन-जी आन्दोलनका कारण तत्कालीन केपी ओली सरकार विस्तापित भएर ०८२ भदौ २७ गते अन्तरिम नयाँ सरकार गठन भएको थियो । अन्तरिम सरकारले ०८२ असोज ५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यलयमातहत रहेको बिभागलाई गृह मातहत राख्ने निर्णय गरेको थियो । त्यसपछि मात्र सरकारले एआईजी टेकेन्द्र कार्कीलाई मुख्य अनुसन्धान निर्देशकमा बढुवा गरेको थियो । त्यसयता बिभागमा रिक्त रहेको अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा वरिष्ठ अधिकृतहरुलाई बढुवा नगरेर अलमल गर्दै आएको गुनासाहरु निरन्तर रुपमा बाहिर नआएका होइनन् ।




जेनजी आन्दोलनपछि गठित सरकारले वरिष्ठ अतिरिक्त मुख्य अनुसन्धान निर्देशक ओमराज जोशीलाई पछि पार्दै कनिष्ठ कार्कीलाई मुख्य अनुसन्धान निर्देशकमा बढुवा गरेको आरोप समेत लाग्दै आएको छ । यतिखेर विभागमा सबै भन्दा वरिष्ठ सहअनुसन्धान निर्देशक रामप्रसाद दास रहेको बताइन्छ । दासलाई बढुवामा किन पछि पारिएको भन्ने प्रश्नहरु उठिरहेका छन् । राजनीतिक दबाब, सोर्सफोर्स र थैलीका आधारमा तत्कालीन सरकारले अनुसन्धान निर्देशकमा कनिष्ठ कार्की र जोशीलाई बढुवा गरेर अन्याय गरेको आरोप लाग्दै आएको हो ।

**नेतृत्वको भूमिकाप्रति प्रश्न ?**

सोहीकारण यतिखेर विभागको नेतृत्वको निर्णय गर्ने क्षमता अति कमजोर रहेको गुनासो गुप्तचर र गृहका कर्मचारीहरुले गर्दै आएका छन् । जसले गर्दा गुप्तचरका डीआइजीपी, एसएसपी, एसपी र डीएसपी तहका अधिकृतका पदहरूमासमेत बढुवा प्रक्रिया अवरुद्ध भएर बसेको छ । भरखरै बढुवा गरिएका खड्का भन्दा दास वरिष्ठतामा पहिलो नम्बरमा रहेको बताइन्छ ।

त्यसपछि क्रमशः कृष्ण खनाल, र प्रजेश सिंह हमाल रहेको बिभागस्रोत बताउँछ । तत्कालीन प्रमुख थापाको अवकाशपछि लामो समयसम्म एआईजी पद पूर्ति नहुँदा विभागको प्रशासनिक संरचना मात्र होइन, रणनीतिक पूर्वसूचना संकलन र विश्लेषण क्षमतामै असर परेको स्रोतको दावी छ । नियमावली स्पष्ट हुँदाहुँदै पनि बढुवा प्रक्रिया यसअघि नबढ्नुमा सरकार र गृह मन्त्रालयको प्रशासनिक प्राथमिकतामाथि प्रश्नचिन्हसमेत खडा गरेको थियो । रिक्त एआईजी पदमा बढुवा गरिएपछि विभागमा रोकिएका अन्य तहका बढुवा प्रक्रिया पनि क्रमशः अघि बढ्ने विश्वास गुप्तचरका कर्मचारीले लिएका छन् ।

अब लामो समयदेखि जाम भएर बसेको करियर अनिश्चितता र संगठनात्मक मनोबलमा परेको नकारात्मक प्रभाव कम गर्न पनि भरखरैको बढुवाले सहयोग पुग्ने अपेक्षा गरिएको छ । निर्वाचनको तयारी, आन्तरिक सुरक्षा चुनौती र पूर्वसूचना संकलनको संवेदनशीलताकाबीच ढिलै भएपनि यो निर्णयले विभागको संस्थागत स्थायित्वतर्फको महत्वपूर्ण भूमिका खेल्ने बताइन्छ । विशेष सेवा नियमावली स्पष्ट, कार्यान्वयन अनिश्चित हुँदा विभागको भूमिका कमजोर हुन पुगेको गुनासाहरु बाहिर आएका थिए ।

विभागसम्बन्धी प्रचलित नियमावलीले मुख्य अनुसन्धान निर्देशक र अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा गर्दा अपनाउनुपर्ने प्रक्रिया र आधार स्पष्ट रूपमा निर्धारण गरेको छ । जसले गर्दा विशेष सेवा नियमावलीअनुसार यी पदमा बढुवा गर्दा निर्देशकहरूमध्येबाट कार्यसम्पादन क्षमता, उत्तरदायित्व वहन, योग्यता तथा आफू मातहतका कर्मचारीलाई नियन्त्रण, निर्देशन, प्रोत्साहन र परिचालन गर्नसक्ने आधारमा सरकारले उपयुक्त उम्मेदवारलाई छनोट गर्नुपर्ने व्यवस्था गरको छ ।

**अब बढुवा प्रक्रिया अगाडि बढ्ला ?**

नियमावलीले बढुवा प्रक्रिया सरकारको विवेकाधीन अधिकारभित्र राखेको छ । तरपनि, योग्यता र क्षमताको आधार गर्न सकिने स्पष्ट रूपमा परिभाषित गरेको छ । यस्तो अवस्थामा पनि समयमा अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदपूर्ति नहुँदा र त्यसअन्तर्गतका दर्जनौं पदमा बढुवा प्रक्रिया रोकिएको थियो । विभागको बढुवा प्रक्रिया जाम भएर बस्नु केवल प्रशासनिक विषय मात्र होइन, कर्मचारीको व्यक्तिगत करियर र संगठनात्मक मनोबलसँग प्रत्यक्ष रूपमा जोडिएको विषय पनि मानिन्छ ।

गुप्तचरका सूचकदेखि अतिरिक्त मुख्य अनुसन्धान निर्देशक तहसम्म करिब दुईसय पदमा बढुवा प्रक्रिया अगाडि बढाउनुपर्नेमा जाम भएर बसेको स्रोतको दावी छ । अझ बढुवा आकांक्षीको संख्या चारसयदेखि पाँच सयको हाराहारीमा रहेको बुझिएको छ । कुनै अतिरिक्त आर्थिक लाभको अवसर नभएको विशेष सेवामा लामो समयसम्म बढुवा निर्णय नहुनु अस्वाभाविक रूपमा हेरिएको छ । जसले गर्दा कर्मचारीहरूलाई संस्थागत लक्ष्यभन्दा आफ्नै करियर सुरक्षातर्फ केन्द्रित बनाउने जोखिम रहेको बताइन्छ । दरबन्दी बढाउने विषयमा यसअघि संगठनको नेतृत्वमा पुगेकाहरूले पहल नगरेको गुनासोसमेत सुनिने गरेको छ । तर, भएको कतिपय दरबन्दीमा समयमै पदपूर्ति गर्न नेतृत्व र गृह मन्त्रालय र सरकारले चासो नदेखाउँदा त्यसको सिधा असर मुलुकको सुरक्षाका साथै गुप्तचर निकायलाई कमजोर पार्न खोजेको होकि भन्ने भानसमेत पर्न थालेको छ ।

विभागले नै गुप्तचरका कर्मचारीहरुको नियमित करियरमा ध्यान नदिएपछि कर्मचारीहरू दीर्घकालीन संस्थागत प्राथमिकतामा सोच्न र काम गर्न आनकानी गर्दै आएको गुप्त स्रोतको दावी छ । अझ रोचक विषय त यतिखेर लोकसेवा आयोगबाट आएका कतिपय जनशक्तिहरू बिभागमा काम गर्न गाह्रो रहेछ भन्दै जागिर नै छाडेर हिंड्नेक्रम बढिरहेको स्रोतको दावी छ । जसले विभागमा दक्ष जनशक्तिको अभाव खड्किएको र स्थायी दरबन्दीका कर्मचारीहरूले परिणाम देखिनेगरी काम गर्न नसक्ने अवस्था देखिएको छ । यही कारण अस्थायी दरबन्दीका एजेन्टलाई थोरै रकम दिएर काममा खटाउनुपर्ने बाध्यता रहेको बताइन्छ ।

समयमै सन्तुलित, व्यवस्थित, न्यायिक, बढुवा र सरूवा नहुँदा सूचना संकलन गर्न भन्दा आफ्नो सरूवा-बढुवाको दौडधुपमा गुप्तचरका कर्मचारीहरूको ध्यान केन्द्रित हुँदै आएको स्रोत बताउछ । विभागभित्र सूचना संकलन र विश्लेषण भन्दा प्रशासनिक दौडधुप, शक्ति केन्द्रको चाकडी, र राजनीतिक पहुँचको खोजीमा गुप्तचरहरुले समय खर्चिनु पर्ने बाध्यतामा उनीहरु रहेका छन् । अझ कतिपय विभागमा कार्यरत केही पहुँचवाल अधिकृतहरु बढुवा र सरूवाका लागि गृह मन्त्रालयदेखि, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसम्म धाउने गरेको स्रोत बताउछ । अदृश्य राजनीतिक नेतृत्वसँग निकटता बढाउने प्रयासमा केन्द्रित हुँदा नियमित संस्थागत कार्य प्रभावित भइरहेको विभाग स्रोतले दावी गरेको छ ।

# जेन-जी सरकार ! सामान्य प्रशासनमा खै सुधार ?

● साँघु संवाददाता

**काठमाडौं । कर्मचारीको सरुवा, बढुवाका साथै संघीय मामिलासमेतको कार्य सम्पादनको जिम्मेवारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पाएको छ । अझ अन्तरिम सरकार गठनपश्चात पनि यी कार्यहरुले मूर्तरुप लिन सकिरहेको छैन । पछिल्लो समय त सो मन्त्रालय कर्मचारीहरुको सरुवा खेलोफड्को गर्ने शेयर कारोवारी कम्पनी जस्तो बन्न थालेको चर्चा सिंहदरवार परिसरमा चल्ने गरेको छ । भ्रष्टाचार, विकृति, बेथिति र सु–शासनको नारासहित आगामी २०८२ फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गर्नेगरी अन्तरिम सरकार गठन भएको थियो ।**

तर, सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलेसमेत विगतका सरकारभन्दा बढी असन्तुलित र शंकास्पद ढंगले कर्मचारी सरुवामा ध्यान दिनु दुर्भाग्यपूर्ण भएको टिप्पणी सार्वजनिक रुपमा हुन थालेका छन् । सरकारको कार्यकाल आगामी निर्वाचन अर्थात फागुन २१ गते सम्पन्न हुने निर्वाचनसम्म मात्र सीमित रहेको छ । त्यसो हुँदासमेत सो मन्त्रालयले दिनहुँ जासो नायबसुब्बादेखि सचिवस्तर कर्मचारीसम्मको असन्तुलित र कानून विपरीत व्यापक सरुवा गर्दै आएको छ । कर्मचारीको सरुवाका लागि स्पष्ट आधार र आवश्यकता नदेखिँदासमेत मन्त्रालयको नेतृत्वले सरुवा गरेको भन्दै पीडित कर्मचारीहरुमा असन्तोष छाएको जानकारी हुन आएको छ ।

संक्रमणकालीन अवस्थामा गठन भएको वर्तमान अन्तरिम सरकारलेसमेत विगतका भ्रष्ट मन्त्रीहरुले कर्मचारी सरुवामा गरेको खेलो फड्कोलाई रोक्न नसकेको बताइन्छ । सरुवा मन्त्रालयकै रूपमा चित्रित सामान्यको कर्मचारी नेतृत्वसमेत विगतदेखि नै बद्नाम हुँदै आएको छ । पछिल्लो समयमा सामान्य प्रशासन मन्त्रालयको अलवा अन्यले पनि अनावश्यक, असन्तुलित ढंगले व्यापक रुपमा कर्मचारी सरुवा गरेको भन्दै आलोचना हुने गरेको छ । जुन जेन-जी आन्दोलनपछिको परिवर्तित सन्दर्भमा पनि अघिल्ला सरकारले झैं सरुवामा शुभलाभ खेती रोक्न सकेको पाइँदैन ।

**अन्तरिम सरकारको ध्यान सरुवामा नै केन्द्रित**

विषम परिस्थितिमसमेत सीमित कार्यकाल र निश्चित जिम्मेवारीसहित गठन भएको कार्की नेतृत्वको अन्तरिम सरकारले आफ्नो प्रमुख उद्देश्यभन्दा बाहिर गएर कर्मचारी सरुवामै बढी केन्द्रित भएको गुनासाहरु निरन्तर आइरहेका छन् । जननिर्वाचित सरकारलाई समेत उछिन्ने गरी चुनावी सरकारले गरेको क्रियाकलापले निजामती प्रशासनमा व्यापक असन्तुष्टि रहेको कर्मचारीहरु बताउछन् ।

सामान्य प्रशासन मन्त्रालले पछिल्लो पटक एकवर्ष अवधि नपुग्दै वैदेशिक रोजगार विभागमा कार्यरत दुई उपसचिवलाई सरुवा गरेको थियो । उपसचिवद्वय उपेन्द्रराज पौड्याल र लवराज जोशीले अनावश्यक र बिना कारण सरुवा गरेको भन्दै उनीहरु बदरको माग गर्दै प्रशासनिक अदालतमा मुद्दासमेत दायर गरेका छन् । सो मन्त्रालयले पौडेललाई गृह मन्त्रालय जोशीलाई भने सामान्यको अतिरिक्त समूहमा सरुवा गरेको थियो ।

दुवैजनाले एक वर्ष अवधि नपुग्दै अन्यायपूर्ण आफूहरुको सरुवा गरेको भन्दै अदालतमा मुद्दा दायर गरेपछि निजामती प्रशासनमा तहल्का मच्चिन पुगेको छ । मन्त्रालयले २०८२ पुस ११ गते उनीहरूलाई सरुवा गर्ने निर्णय गरेको थियो । उक्त सरुवा विरुद्ध परेको रिटमा प्रशासनिक अदालतका अध्यक्ष डा. टेकबहादुर घिमिरे, नवलकिशोर यादव र आलोकचन्द्र श्रेष्ठको इजलासले दुवै पक्षसँग छलफलको लागि पेश गर्ने आदेश गरेको छ ।

**मन्त्रालयको गलत कार्यशैली**

एकवर्ष अवधि नपुग्दै कानूनविपरीत अन्यत्र सरुवा गरेको र अझ अतिरिक्त समूहमा खटाएकोमा उनीहरुले प्रशासकीय अदालत गुहारेको बताइन्छ । महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदनले पनि मन्त्रालयले विभिन्न श्रेणीका कर्मचारीलाई पटक-पटक काज र अतिरिक्तमा राख्ने गरेको बिषयमा चासो देखाएको छ । कानून त सामान्यलगायत अन्य मन्त्रालयहरुले प्रत्येक वर्ष भदौ महिनामा नियमित सरुवा टुङ्ग्याउनुपर्ने व्यवस्था रहेको छ ।




तरपनि सामान्यले वर्षभरी बेमौसमी रुपमा सरुवा गर्दै आएको गुनासो बढेका छन् । निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० अनुसार कर्मचारी सरुवा गर्दा कम्तीमा दुई वर्षको अवधि सुनिश्चित गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । तर, मन्त्रालयले विभिन्न कारण देखाउँदै समयअघि र बेमौसम सरुवा गरेको सूचीहरूबाट नै स्पष्ट हुन्छ । यही कारण मन्त्रालयको नेतृत्व थप आलोचित हुन पुगेको छ ।

जसकाकारण कर्मचारीहरू दिक्क भएर न्यायको लागि प्रशासनिक अदालतसम्म पुग्न बाध्य हुनु परेको पीडितहरु बताउँछन् । यसैबिच, सामान्य प्रशासन मन्त्रालयले प्राविधिक सेवाका ६ जना सिनियर डिभिजनल इन्जिनियरलाई बढुवाका लागि सिफारिस गरेको थियो । जसमा लोकसेवा आयोगले ०८२ पुस १३ गते कार्यक्षमताका आधारमा ६ जना उपसचिवस्तरका कर्मचारीलाई सहसचिव पदमा बढुवा गर्न स्वीकृति प्रदान गरेको बताइन्छ ।

मन्त्रालयको बढुवा समितिको निर्णयअनुसार नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह जनरल समूह, राजपत्रांकित प्रथम श्रेणीअन्तर्गत विभिन्न उपसमूहमा छ जना कर्मचारी बढुवा सिफारिस सूचीमा समावेश भएका थिए । सामान्य प्रशासन मन्त्रालयले सूचना प्रकाशित गर्दै रिक्त सहसचिव पदमा ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा योग्य ठहरिएका उम्मेदवारहरूलाई बढुवाका लागि सिफारिस गरिएको बताएको छ । बढुवा सिफारिस भएका उम्मेदवारहरूमा नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह (जनरल उपसमूह) का सिडिईहरू प्रकाश चौधरी ओमराज ढुंगाना र मनिष कुमार अर्याल रहेका छन ।

यसैगरी, नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह (हाइवे उपसमूह) तर्फ सिडिई विजय कुमार महतो र धर्मेन्द्र कुमार झा र नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह (बिल्डिङ एन्ड आर्किटेक्चर उपसमूह) सुमन सालिकेलाई सुई बढुवाका लागि मन्त्रालयले सिफारिस गरेको थियो । गएको पुस १४ गते लोकसेवा आयोगले कार्यक्षमता मुल्यांकनका आधार इन्जिनियरिङ सेवाको इरिगेशन उपसमूहका सिडिई हरिदत्त पौडेल र कृष्ण प्रसाद रिमाल र जियोलोजी उपसमूहका सिडिई गणेशनाथ त्रिपाठीको सुई सहसचिवमा बढुवा सिफारिस गरेको बताइन्छ ।

**१७ उपसचिवहरू सहसचिवमा बढुवा**

उता, लोकसेवा आयोगले कार्यक्षमता र मुल्यांकनका आधारमा प्रशासन, सामान्य प्रशासन, लेखा, लेखापरीक्षण, विविध र शिक्षा सेवाका १७ जना उपसचिवहरूको सहसचिवमा बढुवाका लागि सिफारिस गरेको छ । सहसचिव बढुवामा सामान्य प्रशासन समूहबाट ९ जना उपसचिव परेका छन । लेखा समूहबाट ३, लेखापरीक्षण सेवाबाट २, शिक्षाका २ र विविध सेवाका एक जना बढुवाका सिफारिसमा परेका थिए ।

कार्यक्षमताका आधारमा प्रशासन सेवाको सहचिवमा बढुवाका लागि सामान्य प्रशासन समूहबाट उपसचिवहरू जनकराज भट्ट, महेन्द्र कुमार सापकोटा, रामप्रसाद वाग्ले, महेश पराजुली, टेकनारायण पौडेल, झनक कुमार खत्री, शम्भु प्रसाद रेग्मी, सन्तोष कुमार दाहाल र प्रेम बहादुर दौल्याल सिफारिस भएको बताइन्छ । लेखा समूहबाट उपसचिवहरू चन्द्रप्रसाद भुसाल, नारायण प्रसाद दाहाल र दीपक ज्ञवालीलाई बढुवाका लागि सिफारिस गरिएको बताइन्छ ।

बढुवाको मुखमा मोहनशरण भण्डारी, तीर्थ प्रकाश पौडेल, रामेश्वर पोखरेलहरू भने सिट नपुगेर छुटेको स्रोत बताउँछ । सहसचिवमा बढुवाका लागि सिफारिस भएका भट्ट कोलकत्तास्थित महावाणिज्यदूतावासमा कार्यरत रहेका छन् । यसअघि नै गृह मन्त्रालयले सापकोटालाई सल्यानको प्रजिअको जिम्मेवारीमा खटाइएको छ । खत्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा थन्किएका छन् । पौडेल भने अख्तियार दुरुपयोग अनुसन्धानमा कार्यरत रहेको बताइन्छ ।

रेग्मी गृहका क्याडर हुन भने पराजुली श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा कार्यरत छन् । दौल्याल भूमिसुधार तथा मालपोत कार्यालय कैलालीमा कार्यरत रहेको समाचारस्रोतले जनाएको छ । दाहाल भने राष्ट्रिय सूचना आयोगमा कार्यरत रहेका छन् । लेखाका भुसाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छन् भने दाहाल राजस्व अनुसन्धान विभागमा कार्यरत रहेको बताइन्छ । लेखा समूहका उपसचिव रहेका ज्ञवाली लुम्बिनी प्रदेशको कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखको भूमिकामा रहेका छन ।

लेखापरीक्षण सेवातर्फका उपसचिव प्रेमबहादुर मुङ्गमेन र प्रमोदकुमार केसी कार्यक्षमताका आधारमा नायब महालेखापरीक्षकमा बढुवाका लागि सिफारिस परेका छन् । जेष्ठता र कार्यसम्पादनका आधारमा परशुराम न्यौपाने र थवराज अधिकारी सहसचिवमा बढुवाका लागि सिफारिस भइसकेका छन् । यसअघि सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहेको बढुवा समितिको सचिवालयले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा १२ उपसचिवलाई सहसचिवमा बढुवाका लागि सिफारिस गरिसकेको थियो । उक्त सूचीमा कृष्णप्रसाद आचार्य, कृष्णप्रसाद खनाल र गंगाबहादुर क्षेत्री रहेका छन ।

यसैगरी, सुकदेव प्रसाद बाँस्कोटा, हिरालाल चौधरी, खिमबहादुर कार्की, युगराज पाण्डे, लेखनाथ ज्ञवाली, लक्ष्मण विक्रम थापालाई पनि बढुवाको लागि सिफारिस गरिएको छ । त्यसैगरी, एकनारायण शर्मा, डमरू प्रसाद निरौला र राजन राईसमेत बढुवा सिफारिसको सूचीमा परेका छन । जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा सहसचिवमा बढुवाका लागि सिफारिस गरिएका कार्की र पाण्डे राजस्व समूहका र बाँस्कोटा भने लेखा समूहका उपसचिव मानिन्छन । बाँकी ९ जना भने सामान्य प्रशासन समूहका उपसचिव हुन ।

यसैगरी, सामान्य प्रशासन मन्त्रालयले पुस १७ गते शिक्षा र विविध सेवामा रिक्त रहेको तीन सहसचिव पदमा कार्यक्षमताको आधारमा योग्य ठहरिएका तीन जना उम्मेदवार हरूलाई बढुवाका लागि सिफारिस गरेको छ । जसअनुसार नेपाल विविध, सूचना प्रविधि विज्ञ, राजपत्रांकित प्रथम श्रेणीअन्तर्गतका उम्मेदवार मनिष भट्टराई र नेपाल शिक्षा, शिक्षा प्रशासन समूह राजपत्रांकित प्रथम श्रेणीअन्तर्गत रमेशप्रसाद मैनाली र हरिप्रसाद अर्याललाई बढुवाका लागि सिफारिस गरेको बताइन्छ ।

## समाचार/विविध

### नयाँ प्रजिअले नेतृत्व संहालेसँगै सेवा फटाफट !

● साँघु संवाददाता

*काठमाडौं । जेनजी आन्दोलनपछि गृहमन्त्रालयको नेतृत्व संहालेका मन्त्री ओमप्रकाश अर्यालले मन्त्रीस्तरीय निर्णय गर्दै काठमाडौं जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा सहसचिव ईश्वरराज पौडेललाई खटाएका थिए । उनले काठमाडौं जस्तो अति महत्वको जिल्लामा पहिलो पटक प्रमुख जिल्ला अधिकारी हुने अवसर पाएका हुन् । पहिलो पटक संघीय राजधानी त्यसमा पनि अझ काठमाडौं जस्तो महत्पूर्ण र संवेदनशील जिल्लाको कमाण्डमा खटाउँदा मन्त्रालयको नेतृत्वप्रति गृहका कतिपय अधिकारीहरुले प्रश्नसमेत तेर्स्याएका थिए । तर, यो तीन महिनाको अवधिमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले गरेको सेवा प्रवाहले गृह मन्त्रालयको नै शिर उच्च पार्न सफल भएको चर्चा सिंहदरवार परिसरमा चल्ने गरेको पाइन्छ ।*

*अझ कार्यालयले ०८२ पुस ११ गतेदेखि टोकन प्रणाली लागु गर्दा सेवाग्राहीहरूले फटाफट सेवा पाउन थालेको दावी गरेका छन् । सार्वजनिक सरकारी कार्यालयहरूले नागरिकहरूलाई छिटोछरितो र पारदर्शी सेवा दिनुपर्ने महसुस नेतृत्वले गरेको थियो । लगत्तै प्रमुख जिल्ला अधिकारी पौडेलले सेवा प्रवाहमा टोकन प्रणाली लागू गरेर आधादेखि दुई घण्टासम्ममा प्राय सबै किसिमका सेवा सहज रुपमा प्रदान गर्दै आएको बताइन्छ । सार्वजनिक घोषणा प्रणाली एवं क्युआरसहितको टोकन प्रणालीको सेवा सुरू गरेसँगै सेवाग्राहीलाई सरल र छिटोछरितो ढंगले सेवा दिन पाएको कर्मचारीहरु बताउछन् ।*

*उक्त टोकण प्रणालीको गृहमन्त्री अर्याल र अर्थमन्त्री रामेश्वरप्रसाद खनालले संयुक्त रूपमा उद्घाटन गरेका थिए । अन्य जिल्ला भन्दा अति व्यस्त रहने जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई मुलुकभरिकै नमूना सेवा कार्यालय बनाउने योजनाकासाथ उक्त प्रणालीको प्रारम्भ गरिएको बताइएको छ । जेनजी पुस्तालाई सुशासनका सबैखाले मानकहरूमा परिपक्व बनाउनका लागि जिम्मेवार ढंगले सेवा प्रदानका लागि उक्त प्रणाली लागु गरिएको कार्यालय स्रोतले दावी गरेको छ । सहसचिव एवम् प्रमुख जिल्ला अधिकारी पौडेलले यसअघि कलकत्तास्थित महावाणिज्यदूतमा चारवर्ष बिताउँदा चुस्तदुरुस्त भारतीय प्रशासनको धेरै नयाँ अनुभव बटुल्ने अवसर पाएका थिए ।*

*उनले त्यहाँ गरेको अनुभव र पारदर्शी सेवा प्रवाहका लागि सिकेको ज्ञानलाई प्रजिअ पौडेलले छिमेकी मुलुक भारतका सरकारी कार्यालयहरूले प्रदान गर्दै आएका सेवास्तरकै दिनेगरी सुरुवात गरिएको अनुमान गर्न थालिएको छ । महावाणिज्यदूतबाट फर्किएपछि उनले करिब एकवर्ष लुम्बिनी प्रदेशको मन्त्रालयमा बिताएका थिए । जेन-जी आन्दोलनपछिको नयाँ परिवेशमा मन्त्री अर्याल र तत्कालीन सचिव रामेश्वर दंगालले उनलाई काठमाडौंको प्रमुखको जिम्मेवारीमा खटाएका थिए । सहसचिव पौडेललाई काठमाडौं जिल्लामा खटाएसँगै पूर्वप्रहरी एआईजीपी दिवेश लोहनीले विभिन्न टिकाटिप्पणी गर्दै नकारात्मक प्रचारसमेत नगरेका भने होइनन् ।*

*तरपनि सहसचिव पौडेल सार्वजनिक प्रशासनमा सुधार चाहने मनस्थितिका कर्मचारी भएकोले उक्त गलत प्रचारलाई यतिखेरसेवा प्रवाहमा सुधार गर्दै व्यवहार र कार्यशैलीबाट जवाफ दिने गरेको कार्यालयका कर्मचारीहरुले दावी गरेका छन् । हाल नेकपा एमालेका उपाध्यक्ष रहेका नेता रामबहादुर थापा बादल गृहमन्त्री हुँदा पौडेल सोही मन्त्रालयमा कार्यरत रहेका थिए । १६ किलो सुन तस्करी प्रकरण र गोरे-हत्या काण्ड उनकै नेतृत्वमा छानबिन अनुसन्धान गरेर सरकारलाई प्रतिवेदन बुझाइएको थियो । जेन-जी पुस्ताको सुशासनका प्रमुख मागहरु मानव अधिकारको सम्मान, भ्रष्टाचार नियन्त्रण र पारदर्शिताका सवालमा काठमाडौं जिल्ला प्रशासन कार्यालयले परिपक्व र जिम्मेवार ढंगले सेवा प्रदान गरेर अग्रसरता लिएको दावी गरिएको छ ।*

*जनआन्दोलनको मागलाई मुखले मात्र नभएर सेवा प्रवाहबाट नै पुष्टि गर्ने जर्मको गरेको पाइएको छ । अझ रोचक बिषय त जेन-जी आन्दोलनमा ध्वस्त भएको कार्यालयलाई नजिकै रहेको खाद्य, प्रबिधि तथा गुण नियन्त्रण कार्यालयको नव निर्मित भवनमा सारिएको छ । यतिखेर सोही भवनबाट प्रविधि र सेवाग्राहीमैत्री सेवा प्रवाहको थालनी गरिएको बताइएको छ । यस प्रणालीमार्फत सेवा लिन आउने सेवाग्राहीले कार्यालयभित्र प्रवेश गरेपछि कागजात रुजु, उनीहरूले लिन चाहेको सेवाका आधारमा टोकन लिएर सम्बन्धित शाखाबाट ढुक्ककासाथ सेवा लिन सकिने कर्मचारीहरु बताउँछन ।*

*सेवा लिनका लागि भनसुन, लेखनदास वा बिचौलिया, घुसको प्रयोग गर्नुपर्ने अवस्थाको न्यूनीकरण भएको छ । सेवाग्राही स्वयम्ले निवेदन वा आवेदन पेश गरेर आधा घण्टादेखि दुई घण्टाभित्र आफूले चाहेको सेवा स्वत लिनसक्ने अवस्था सिर्जना भएको छ । नागरिकता, नाता प्रमाणित, नाबालक प्रमाणित, राहदानीको फारम पेश, फोटो खिच्ने, हस्ताक्षर लिने सबै काम क्षण भरमै हुने गरेको छ । कर्मचारीहरूले यो भएन, त्यो भएन भनेर सेवा प्रवाहलाई अल्झाउने र भुलाउने छुट अब पाउने छैनन् । यदि, आवश्यक कागजपत्र नपुगेको खण्डमा तत्कालै सेवाग्राहीलाई सूचना दिनैपर्ने व्यवस्था मिलाइएको छ । सेवाका आधारमा टोकन लिएर सम्बन्धित शाखाबाट लिन सकिने र सेवाग्राहीले आफ्नो पालोको विषयमा मोबाइलमार्फत पनि टोकनको क्यूआर स्क्यान गरेर जानकारी लिनसक्ने व्यवस्था मिलाइएको दावी गरिएको छ । सेवा लिन आएका सेवाग्राहीको लागि व्यवस्थित प्रतिक्षालय र सहायता कक्षकोसमेत आवश्यक व्यवस्था गरिएको कार्यालयले जनाएको छ ।*

### अध्यागमनद्वारा पाँच सय एक जना डिपोर्ट

*काठमाडौं । अध्यागमन विभागले भिसा सन् २०२५ जनवरी १ देखि डिसेम्बर ३१ सम्ममा १५ लाख २३ हजार नेपाली नागरिकहरु विदेश प्रस्थान गरेको जानकारी दिएको छ । यसैगरी, १३ लाख १३ हजार १ सय ९१ नेपाली नागरिक विभिन्न मुलुकबाट नेपाल फर्किएको बिभाग स्रोतको दावी छ । यसैगरी सोही अवधिमा १० लाख १५ हजार ३ सय ७८ विदेशी पर्यटक नेपाल प्रवेश गरेको स्रोतको दावी छ । जसमध्ये नौ लाख ८२ हजार ५ सय ६१ जना विदेशी नेपालबाट बाहिरिएको बिभागको भनाई छ । विदेशी नागरिकहरु प्राय अधिकांश नेपाल घुम्ने प्रयोजनका लागि नेपाल आउने गरेको बताइन्छ ।*

*गृह मन्त्रालयमातहको बिभागले विदेशी नागरिकहरुलाई पर्यटक, श्रम, अध्ययनलगायतका विभिन्न १० प्रकारका भिसा उपलब्ध गराउँदै आएको स्रोत बताउँछ । कति नेपाली विदेश प्रस्थान गरे र कुन कुन मुलुकका नागरिकहरु नेपाल भ्रमणमा आए भन्ने विषयमा यकिन तथ्यांक संकलन गर्ने कार्य भइरहेकोले केही समयपछि विस्तृत रुपमा उपलब्ध गराउने बिभाग स्रोतले बताएको छ । उता, सन २०२५ मा नेपालको अध्यागमनले विभिन्न ३६ मुलुकका १ सय १६ जनाको प्रवेश अस्वीकार अर्थात इन्ट्री रिफ्युज गरेको दावी गरेको छ । उक्त संख्यालाई प्रवेश गर्न नदिई सम्बन्धित मुलुकमै फिर्ता गरिएको बिभागको भनाई रहेको छ ।*

*सो संख्यामध्ये सबैभन्दा बढी भारत र चीनका नागरिक रहेको स्रोतको दावी छ । भिसाको म्याद सकिएका, विगतमा शंकास्पद गतिविधिमा संलग्न, आपराधिक अभिलेख भएका, सुरक्षा खतराको कारण वा विगतमा पटक पटक अध्यागमन नियम उल्लंघन गरेका विदेशी नागरिकलाई अध्यागमनले नेपाल प्रवेश रोक लगाउँदै आएको छ । विश्वका विभिन्न ७७ मुलुकबाट २ हजार ७ सय ९० जना नेपाली यो अवधिमा नेपाल डिपोर्ट भएको पनि बिभागले जनाएको छ । तीमध्ये सबैभन्दा बढी मलेशियाबाट ४ सय ९८ जना नेपाली डिपोर्टमा परेका थिए । यस्तै, संयुक्त राज्य अमेरिकाबाट ४ सय ६२, यूनाईटेड अरब ईमिरेट्सबाट ३ सय २३, दक्षिण कोरियाबाट २ सय ५७ र जापानबाट १ सय २८ नेपाली डिपोर्टमा परेको विभागले जारी गरेको तथ्यांकमा उल्लेख छ । साथै, सम्बन्धित मुलुकमा ओभरस्टे बसेको, अपराधमा संलग्न भई कैद भुक्तान गरेको, भिसा नलिई गैरकानूनी रुपमा बसेको र ती मुलुकको अध्यागमन कानून विपरीतको कार्य गरेकोलगायतका कसुरमा नेपालीहरु डिपोर्टमा परेको बताइएको छ ।*

*यता, नेपालबाट भने सन् २०२५ मा ५ सय १ जना विदेशी डिपोर्ट भएको बताइन्छ । जसमध्ये ४ सय ३७ जना ओभरस्टे अर्थात १ सय ५० दिनभन्दा बढी पर्यटक भिसामा बसेका र बाँकी ६४ विभिन्न अपराधमा संलग्नलाई डिपोर्ट गरिएको स्रोत बताउँछ । भिसाको उद्देश्यविपरीत नेपालमा बसेका, लागूऔषध कारोवार, मानव बेचबिखन, संगठित अपराध, विदेशी मुद्रा अपचलन, अभद्र व्यवहारलगायतका कसुर र अपराधमा सजायँ भुक्तान गरेकाहरुलाई पनि अध्यागमन बिभागले डिपोर्ट गरेको बताइएको छ ।*

### जेन–जी मन्त्रीले पनि हेर्न थाले आफ्नै स्वार्थ ! सहकर्मी भण्डारीलाई गुठी संस्थानको सदस्य

*काठमाडौं । जेन-जी सरकारका होनाहार मन्त्री भनिएका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा. डा. कुमार इङ्नामले पूर्वसहकर्मी शान्ता भण्डारी श्रेष्ठलाई गुठी संस्थानको सञ्चालक सदस्य नियुक्त गरेकोमा चौतर्फी आलोचना भएको छ । मन्त्री इङ्नामले उनीसँगै गुठी संस्थानको अन्य सदस्यमा कालीदास देवकोटा सिन्धुली र विकास शाक्य काठमाडौंलाई मनोनित गरेका थिए । ०८२ पुष दोस्रो हप्ताको मन्त्रीस्तरीय निर्णयबाट मन्त्री इङ्नामले उनीहरुलाई मनोनित गरेको बताइन्छ । कानूनमा एलएलएम गरेकी भण्डारी भक्तपुरस्थित काठमाडौं स्कूल अफ ल कलेजकी एसिस्टेन्ट प्रोफेसर रहेको स्रोतले जानकारी दिएको छ ।*

*रोचक विषय त मन्त्री इङ्नाम पनि मन्त्री नियुक्त हुनु अघिसम्म सोही कलेजका प्रोफेसर रहेका थिए । त्यसैले मन्त्री इङ्नामले आफ्नै सहकर्मी भण्डारीलाई गुठी संस्थानको सञ्चालक सदस्यमा मनोनित गरेको दावी स्रोतको छ । मुलुकका धार्मिक, सामाजिक क्षेत्रबाट मनोनित गरेका गुठी सम्बन्धी अनुभव प्राप्त व्यक्ति हुनुपर्ने कानूनी प्रावधान रहेको छ । साथै, गुठी संस्थानको सञ्चालक समिति सदस्य हुन संस्थान ऐन, २०३३ को दफा ९ (१), (च) मा व्यवस्था बमोजिम हुनुपर्ने उल्लेख छ ।*

*तर, मन्त्री इङ्नामले मन्त्रीस्तरीय निर्णयबाट कानूनका जानकार भण्डारीलाई संस्थान ऐन विपरीत गुठी संस्थानको सदस्यमा मनोतित गरेको भन्दै विरोध हुँदै आएको छ । यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल कुमार सिन्हाले पनि आफ्नै सहपाठी वरिष्ठ अधिवक्ता डा. प्रकाशमणि शर्मालाई पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा मनोनित गरेका थिए । उनकै सिको गर्दै मन्त्री इङ्नामले पनि पूर्वसहकर्मी भण्डारीलाई गुठी संस्थानको सदस्यमा नियम-कानून विपरीत मनोनित गरेको भन्दै धार्मिक क्षेत्रबाट आलोचना भइरहेको छ । जेनजी आन्दोलन अगाडिसम्म तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका भूमि व्यवस्था मन्त्री बलराम अधिकारीलेसमेत सहपाठी टेकराज पौडेललाई गुठी संस्थानको सञ्चालकमा मनोनित गरेका थिए । उनको योग्यताको विषयमा प्रश्न उठेको र सर्वोच्च अदालतमा रिट समेत परेको थियो । उक्त रिट हाल अदालतमा विचाराधीन अवस्थामा रहेको बताइन्छ । भरखरै मनोनित भएका तीनैजना सदस्यले स्नाकोत्तर अध्ययन पूरा गरेको भएता पनि धार्मिक, सामाजिक क्षेत्रमा उनीहरूको खासै योगदान र अनुभव नरहेको जानकारहरु बताउँछन् ।*

# सार्वभौमिकतादेखि सभ्यतागत नेतृत्वसम्म :
# यिनै हुन् नयाँ नेपालका पाँच आधारस्तम्भ



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**नेपालको दीर्घकालीन राष्ट्रिय रणनीति केवल प्रशासनिक वा सैन्य सोचमा सीमित विषय होइन। यो राष्ट्रिय अस्तित्व, सार्वभौमिकता, आन्तरिक स्थिरता, आर्थिक समृद्धि, सामाजिक सहजीवन र सांस्कृतिक पहिचान सुनिश्चित गर्ने दीर्घदृष्टियुक्त मार्गचित्र हो। भौगोलिक रूपमा भारत र चीनजस्ता दुई महाशक्तिबीच अवस्थित, सीमित स्रोतसाधन र राजनीतिक संक्रमणको अनुभव बोकेको राष्ट्रका रूपमा नेपालले कुनै पनि प्रकारको दिशाहीनता दीर्घकालीन संकटको कारण बन्न सक्छ।**

त्यसैले दीर्घकालीन राष्ट्रिय रणनीति स्पष्ट उद्देश्य, संस्थागत समन्वय र सभ्यतागत पहिचानमा आधारित हुन अपरिहार्य छ।

**१. सार्वभौमिकता र रणनीतिक स्वायत्तता: प्राथमिक राष्ट्रिय हित**

दीर्घकालीन राष्ट्रिय रणनीतिको पहिलो र प्रमुख उद्देश्य नेपालले आफ्नो सार्वभौमिकता र रणनीतिक स्वायत्तता सुदृढ गर्नु हो। नेपालले भावनात्मक राष्ट्रवाद वा अल्पकालीन राजनीतिक फाइदाभन्दा पर उठेर छिमेकीहरूसँग सन्तुलित, सम्मानजनक र व्यवहारिक सम्बन्ध कायम गर्नुपर्छ।

पृथ्वीनारायण शाहको "दुई ढुंगाबीचको तरुल" उपमा केवल प्रतीकात्मक होइन, आजको वास्तविकतामा पनि अत्यन्त समानुपातिक चेतावनी हो। आधुनिक सन्दर्भमा चीनसँग पूर्वाधार, व्यापार र प्रविधिमा सहकार्य उत्पादनशील हुन्छ भने भारतसँग खुला सीमा, रोजगारी, व्यापार र जनस्तरीय सम्बन्ध सुरक्षित राख्नु नेपालको हितमा छ।

**२. आर्थिक रूपान्तरण: दीर्घकालीन रणनीतिको मेरुदण्ड**

नेपालले दीर्घकालीन रूपमा वैदेशिक रोजगारी वा विदेशी सहयोगमा निर्भर रहनु हुँदैन। ऊर्जा, जलविद्युत, कृषि, पर्यटन, साना तथा मध्यम उद्योग-यी क्षेत्रको योजनाबद्ध रूपान्तरण आर्थिक स्थायित्वको आधार हो।

जलविद्युतमा अपार सम्भावना हुँदाहुँदै पनि आन्तरिक औद्योगिक प्रयोग, क्षेत्रीय विद्युत व्यापार र छिमेकीहरूसँगको कूटनीतिक समन्वयको कमीले यसको पूर्ण उपयोग रोकिएको छ। भारत, बंगलादेश र चीनसँग दीर्घकालीन विद्युत व्यापारले स्थिर राजस्व र क्षेत्रीय प्रभाव दुवै बढाउँछ। नर्वेको जलविद्युत-केन्द्रित समृद्धि नेपालका लागि प्रेरणादायी उदाहरण हो।

**३. मानव पुँजी: सबैभन्दा मूल्यवान स्रोत**

प्रत्येक वर्ष लाखौँ युवाहरू विदेशिनु केवल समस्या होइन, समुचित रणनीति बनाएमा यसले ठूलो अवसर दिन सक्छ। नेपालले शिक्षा, प्राविधिक तालिम, डिजिटल दक्षता र उद्यमशीलतालाई अन्तर्राष्ट्रिय रोजगारी बजारसँग जोड्नुपर्छ। स्वास्थ्य, सूचना प्रविधि, नवीकरणीय ऊर्जा जस्ता क्षेत्रमा कौशल विकासले रोजगारी सिर्जना, प्रतिभा पलायन नियन्त्रण र उत्पादकता वृद्धि दुवै सम्भव बनाउँछ। फिलिपिन्सले आफ्नो स्वास्थ्यकर्मी उत्पादनलाई विश्व श्रम बजारमा सफलतापूर्वक उपयोग गरेको रणनीति नेपालका लागि अनुकरणीय छ।

**४. कूटनीति: बफर होइन, सेतु राष्ट्रको भूमिकातर्फ**

नेपालले आफूलाई केवल "बफर स्टेट" का रूपमा होइन, सेतु राष्ट्र (Bridge Nation) का रूपमा उभ्याउनुपर्छ। यातायात, ऊर्जा, पर्यटन, जलवायु संरक्षण र क्षेत्रीय सहयोगका माध्यमबाट नेपालले आर्थिक तथा रणनीतिक लाभ लिन सक्छ।

**ट्रान्स-हिमालयन रेल**
**एकीकृत जलविद्युत व्यापार**
**क्षेत्रीय पर्यटन मार्गहरूको विकास**

यी सबै दीर्घकालीन कूटनीतिक प्राथमिकता हुनुपर्छ। शान्ति स्थापनामा नेपालको योगदानले विश्व स्तरमा बनाएको उत्तरदायी छविलाई हिमालय संरक्षण, जलवायु कूटनीति र विपद् व्यवस्थापनमा उपयोग गर्न सकिन्छ।

**५. आधुनिक सुरक्षा अवधारणा : केवल सैन्य शक्ति होइन, सहनशील राष्ट्र**

नेपालका प्रमुख चुनौतीहरू परम्परागत सैन्य खतरा मात्र होइनन्-सीमा सुरक्षा, तस्करी, साइबर खतरा, आर्थिक दबाब, प्राकृतिक विपत्ति, महामारी र सामाजिक असन्तोष आजका वास्तविक सुरक्षा मुद्दा हुन्। नेपाली सेना, प्रहरी, स्थानीय सरकार र नागरिक समाजबीचको सुदृढ समन्वयले मात्र आधुनिक सुरक्षा सुनिश्चित गर्न सक्छ। भूकम्प, महामारी र जलवायु परिवर्तनले स्पष्ट रूपमा देखाइसकेको छ कि सुरक्षा भनेको संस्थागत तयारी र सहनशीलता पनि हो।

**६. सभ्यतागत रणनीति: बौद्ध-हिन्दू सहजीवन नेपालको शक्ति**

बौद्ध धर्म र हिन्दू धर्मको इतिहासिक, सांस्कृतिक र दार्शनिक संगम नेपालका लागि दीर्घकालीन सभ्यतागत शक्ति हो। लुम्बिनी, बोधगया, सारनाथ, पशुपतिनाथ, मुक्तिनाथ-यी स्थलहरू दुवै परम्पराले सम्मानित गर्छन्। जात्रा, परम्परा, कला र रीतिरिवाजमा रहेको सहजीवनले नेपाललाई सांस्कृतिक पुल बनाएको छ। यसले सामाजिक स्थिरता, राष्ट्रिय एकता, बहुलवाद, आन्तरिक सहजीवन जस्ता मूल्यहरू बलियो बनाउँछ। भूटानले "Gross National Happiness"लाई रणनीतिक ब्रान्ड बनाएको जस्तै, नेपालले शान्ति, सभ्यतागत सहजीवन र हिमाली संरक्षणलाई आफ्नो कूटनीतिक ब्रान्ड बनाउन सक्छ।

**नेपालको दीर्घकालीन राष्ट्रिय रणनीति सार्वभौमिकता, सन्तुलित कूटनीति, आर्थिक रूपान्तरण, मानव पुँजी विकास, सुरक्षा, संस्थागत स्थायित्व र सांस्कृतिक नेतृत्वमा आधारित हुनुपर्छ। बौद्ध-हिन्दू सभ्यतागत संगमले नेपाललाई आन्तरिक सहजीवन र अन्तर्राष्ट्रिय साख दुवैमा बलियो बनाउँछ।**

**७. सुशासन र संस्थागत स्थायित्व: दीर्घकालीन रणनीतिको आधार**

बारम्बार सरकार परिवर्तन र नीति अस्थिरताले कुनै पनि दीर्घकालीन योजना सफल हुन सक्दैन। नेपालले दीर्घकालीन रणनीति व्यक्तिकेन्द्रित होइन, संस्थाकेंद्रित बनाई अगाडि बढाउनुपर्छ।

स्वतन्त्र न्यायपालिका, व्यावसायिक प्रशासन : र तटस्थ सुरक्षा संयन्त्र राष्ट्रको दीर्घकालीन शक्ति तथा स्थायित्वका आधार हुन्।

**समकालीन रणनीतिक सिफारिसहरू**

**१. ऊर्जा कूटनीति**

- भारत, बंगलादेश र चीनसँग साझेदारीमा जलविद्युत परियोजनाहरू विस्तार गर्दै ऊर्जा आत्मनिर्भरता र दीर्घकालीन राजस्व सुनिश्चित गर्ने।

**२. पूर्वाधार एकीकरण**

- ट्रान्स-हिमालयन रेल, सडक सञ्जाल र व्यापारिक केन्द्र विकास गरी क्षेत्रीय आर्थिक जोड बलियो बनाउने।

**३. मानव पुँजी विकास**

- व्यावसायिक तालिम, डिजिटल सीप र प्राविधिक शिक्षा कार्यक्रमलाई घरेलु तथा अन्तर्राष्ट्रिय आवश्यकतासँग मिलाउने।

**४. पर्यटन र सांस्कृतिक कूटनीति**

- आध्यात्मिक, साहसिक तथा सांस्कृतिक पर्यटनलाई प्रोत्साहन गर्दै राष्ट्रिय आय र छवि वृद्धि गर्ने।

**५. पर्यावरण नेतृत्व**

- हिमाली भूगोलको विशेषता प्रयोग गरी जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण र पर्वतीय पारिस्थितिकी संरक्षणमा नेतृत्व लिनु।

**६. सौम्य शक्ति (Soft Power) विस्तार**

- बहुपक्षीय मंचमा सक्रियता, शान्ति स्थापनामा योगदान र सभ्यतागत सहजीवनमार्फत विश्वमा प्रभाव बढाउने।

**निष्कर्ष**

नेपालको दीर्घकालीन राष्ट्रिय रणनीति सार्वभौमिकता, सन्तुलित कूटनीति, आर्थिक रूपान्तरण, मानव पुँजी विकास, सुरक्षा, संस्थागत स्थायित्व र सांस्कृतिक नेतृत्वमा आधारित हुनुपर्छ। बौद्ध-हिन्दू सभ्यतागत संगमले नेपाललाई आन्तरिक सहजीवन र अन्तर्राष्ट्रिय साख दुवैमा बलियो बनाउँछ।

सबै राष्ट्रिय शक्ति-स्रोतलाई दीर्घकालीन दृष्टि र योजनाबद्ध ढाँचामा प्रयोग गर्न सके नेपाल इतिहासको प्रवाहमा बग्ने राष्ट्र होइन, आफ्नो भविष्य आफैँ निर्माण गर्ने आत्मविश्वासी, सक्षम र दीर्घकालीन शक्ति सम्पन्न राष्ट्र बन्न सक्छ।

(लेखक परिचय: ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर ाष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन्। फोन: +९७७ ९८५१०७३४७७। इमेल: thapalok53@gmail.com)

# भूपू सेनालाई कुकुरझैं व्यवहार! सैनिक अस्पतालमा हदको लापरबाही ?
# अस्पतालका ४५० फाइल वेपत्ता : सेनाको पीडामाथि संस्थागत बेवास्ता

*सम्पादकज्यू, साँघु साप्ताहिक, काठमाडौं*

***नेपाली सेनाका भूपू सैनिकहरूको जीवनमा एउटा साझा सपना हुन्छ-देश र जनताको सेवामा जीवनका अमूल्य वर्ष बिताइसकेपछि बाँकी समयमा गाउँकै वातावरणमा दुःखजिलो गरेर परिवाहरुसँगै शान्तिपूर्वक बस्न पाउने। नेपाली सेनाबाट प्राप्त धेरथोर पेन्सनकै भरमा नून-तेल चलाएर सकेसम्म अस्पताल धाउन नपरोस्, रोगले नसताओस् भन्ने हुन्छ। तर, हामी भूपू सेनामाथि कहिलेकाहीँ अचानक परेको विपत्तिले बाध्यतावश हामीजस्ता वृद्ध भूपूहरू काठमाडौँ झर्न बाध्य हुन्छौँ र त्यही यात्रामा कहिलेकाहीँ नेपाली सेनाभित्रका निकायहरुको संस्थागत कमजोरी र लापरबाहीले असैह्य रुपमा थप पीडा दिन्छ। प्रधान सेनापति अशोक राज सिग्देलज्यूबाट सैनिक अस्पतालको बेथितिमा सुधारको अपेक्षा सहित मैले भोगेको दर्दनाक सत्य घटना प्रस्तुत गरेको छ।***

म नेपाली सेनाको भूतपूर्व सैनिक सर्बजित गुरुङ, उमेर ७६ वर्ष, लमजुङ सुन्दरबजार-५ निवासी। २०८१ माघ महिनामा भिरबाट लडेर मेरो ढाड र खुट्टा भाँचिँदा स्थानीय अस्पतालले काठमाडौँ रिफर गऱ्यो। एम्बुलेन्स रिजर्भ गरी छाउनीस्थित वीरेन्द्र सैनिक अस्पताल आएँ। त्यति गम्भीर अवस्थाका विरामीलाई हाम्रै रगत पसिनाले सञ्चालित सैनिक अस्पतालमा चिकित्सकहरुबाट राम्रो सेवा-सुविधा मिल्ला भन्ने विश्वास थियो। तर, दुर्भाग्य नै भनौं, हाम्रो सैनिक अस्पतालको सिटिस्क्यान मेसिन बिग्रिएको रहेछ (?) र परीक्षणका लागि बाहिर पठाइयो।

छाउनी अस्पतालका चिकित्सकहरु एवं कर्मचारीहरूले मेरा शरीरको "दुई वटा सिटिस्क्यान रु. १२-१५ हजारमै हुन्छ" भन्दै काठमाडौं चण्डोलस्थित कुन्डलिनी(सैनिक अधिकृतहरुको लगानी सञ्चालित)मा पठाइदिए। तर, त्यहाँ पुग्नेबित्तिकै क्यासियर म्याडमले "चार वटा गर्नुपर्छ, रु. ५० हजार लाग्छ, नत्र परीक्षण हुँदैन" भनेर भनिन्। हामीले छाउनीबाट दुई वटा मात्रै गर्नु भनेको जानकारी दिँदै धेरै प्रार्थना गऱ्यौं, तर उनले "यहाँको नियम जान्नुहोस्" भन्ने शैलीमा अडान लिएर पैसा नतिरेसम्म प्रक्रिया अगाडि नबढ्ने बताइयो।

त्यही बेला, म माघ महिनाको सहन नसक्ने चिसो मौसममा बाहिर स्टेचरमै दुई घन्टा निरन्तर छटपटाइरहेको अवस्थामा पनि कसैले कुनै वास्ता गरेनन्। एक वृद्ध भूपू सैनिक, चोटपटकले अशक्त भएर गलिरहेको गम्भीर बिरामीलाई यस्तो अवस्थाबाट गुजार्नु कत्तिको मानवीय हो ? पछि सहयोगीले छाउनी अस्पतालका डाक्टरको फोन सिधै क्यासियरलाई दिएपछि मात्र उनी परीक्षणमा तयार भइन्। भूपू सैनिकसम्बन्धी छुट मिलाएर अन्त्यमा रु. १६,०००। मै परीक्षण सम्पन्न भयो।

यसपछि सुरु भयो भुक्तानी दाबीको अर्को मस्यौदा यात्रा। छाउनी अस्पतालमा बिलदेखि बैंक चेकको फोटोकपीसम्म-सबै कागजात बुझाएँ। तर ८-९ महिनासम्म "खातामै आउँछ", "फाइल यहाँ छैन", "उता सोध्नुहोस्" भन्दै म ७५-८० वर्षे भूतपूर्व वृद्ध सैनिकलाई विभाग-विभाग चाहार्न बाध्य पार्ने अति दुःख दिने काम मात्र भयो।

'जमक'लाई सोध्दा "४५० जनाको फाइल हराएको छ, तपाईंको मात्रै होइन" भन्ने ठाडो र गैरजिम्मेवार उत्तर पाइयो। कतिबेला त "सिटिस्क्यान मेसिन ठेकेदार नै भागिसक्यो, त्यसैले प्रक्रिया रोकिएको छ" भन्ने हामीलाई कुनै सरोकार नभएको तर, दुःखकष्ट दिने, अलमल्याउने कथा-व्यथा सुन्नुपऱ्यो। भूपू सैनिक जस्ता सेवाग्राहीलाई वास्तै नगर्ने, तर्कने-झर्किने, फड्कार्ने, तल्लो तहका भूपूहरु विरामीहरुको कथाव्यथा नै सुन्न नचाहने-सैनिक चिकित्सकहरुको यस्तो हेपाहा व्यवहारले विरामी परेर सैनिक अस्पताल पुग्ने भूपू सैनिकहरूलाई व्यथामाथि सेनाका चिकित्सकहरु झनै पीडा दिने गरेका छन्। सैनिक अस्पतालका चिकित्सकहरुको शैली व्यवहार सुधार्नका लागि तत्कालै नेपाली सेनाका प्रधान सेनापति अशोक राज सिग्देलज्यूबाटै विशेष निर्देशनको अपेक्षा गरेका छौं।

अन्ततः धेरै महिनापछि, मेरो सहयोगी आफैँ लेखामा रहेको फाइलको पोका पल्टाउँदै जाँदा एक घण्टामै मेरो फाइल भेटियो।

जुन फाइल "हरायो" भनेर ढाँटछल गरिएको थियो, त्यो कागजको फाइल त्यसै थन्क्याएर राखिएको रहेछ।

चीफ सा'ब, अब प्रश्न उठ्छ-

भूतपूर्व र वर्तमान सैनिकहरुको उपचारको ४५० जनाको फाइल "हराएको" भन्ने जवाफ दिएर लामो समयसम्म दुःखकष्ट दिनेहरुले सैनिक आचार र व्यवहार नगरेर अनुशासनहीन कार्य गरेको ठहर हुँदैन ? सैनिकहरुको उपचारको कागज पत्र जस्तो यस्तो संवेदनशील डकुमेन्टको व्यवस्थापनमा यस्तो लापरबाही किन हुन्छ र भइरहेको छ ? यो बेथितिको तत्कालै अन्त्य होस्।

तल्लो तहको एक वृद्ध, शक्त विरामी भूपू सैनिकले सैनिक नियमले पाउने उपचार खर्च जस्तो हकको पैसा माग्दा किन कुकुरझैँ व्यवहार गरिन्छ ? फलामे अनुशासनले बाँधिनु पर्ने नेपाली सेनाको अस्पतालजस्तो संवेदनशील र जिम्मेवार संस्थाका सैनिक कर्मचारी र चिकित्सकहरुबाट यस्तो दुर्व्यवहार कहिलेसम्म जारी रहने ?

विरामी वा पीडितसँग सरोकार नभएको कुरा "ठेकेदार भाग्यो" भनेर सैनिक अस्पताल जिम्मेवारहरुले बिरामीलाई पीडामाथि थप पीडा दिएर दुःख दिनु उचित हो ? तत्कालीन हाकिम वा जिम्मेवार अधिकृतमाथि छानबिन र कारवाही होस् र अब आइन्दा यस्ता पीडादायी व्यथाहरु हामी तल्लो तहका सेनाले सुन्न नपरोस्।

हाम्रो युवावस्थाको सैनिक सेवामा रगत-पसिनाले स्थापित कोषद्वारा प्रदान गरिने सेवामा छलकपट नहोस्। सैनिक सेवामा रहँदा र शान्ति स्थापनार्थ विदेशमा खटिंदा ज्यानको बाजी थापेर आर्जेको सैनिक कल्याणकारी कोषको रकमबाटै नै आजको सेनाको स्वास्थ्य र शिक्षा सेवाको "व्यवस्था" सुरु भएको हो। त्यसैले हामी तल्लो तहका भूपू र वर्तमान सैनिकहहरूलाई हेप्ने, अनावश्यक दुःख दिने, झर्किने व्यवहार सह्य हुँदैन। ३४/३५ वर्षसम्म पेन्सन लिएर बाँचिरहेका म/हामी जस्ता राष्ट्का सच्चा इमानदार सिपाहीहरु आज यस्तो पीडादायी पत्र लेखेर प्रधान सेनापतिज्यूलाई गुहार्न बाध्य भएका छौं किनकि- यो कथा-व्यथा मेरो मात्र निजी होइन, यस्ता ४५० भन्दा धेरै सैनिहरु पीडित भएर भोगेको आवाज दबिइरहेको अवस्था छ।

साँघु साप्ताहिकजस्तो नेपाली सेनाका तल्लो तहका पीडितहरुको आवाज बोल्ने पत्रिकाले यी वास्तविक पीडाहरू उजागर गरिदिए भूपू सैनिक समुदायको आवाज सशक्त रूपमा सैनिक संस्था, प्रधान सेनापति माझ पुग्नेछ भन्ने विश्वासका साथ साझा गुनासाको यो चिठी पेस गर्दछु।

*धन्यवाद।*

*-सर्बजित गुरुङ, भूपू सैनिक, नेपाली सेना।*
*लमजुङ, सुन्दरबजार-५*

## चिठ्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com



## स्वास्थ्य/घरेलु उपचार

### कम साइड-इफेक्ट नयाँ दर्दनाशक
## सुरक्षित पीडा-निवारकको नयाँ खोज



*पीडा (Pain) नियन्त्रणका लागि विश्वभर सर्वाधिक प्रयोग हुने औषधिहरू ओपिओइड (Opioids) हुन्। यी औषधि अत्यन्त प्रभावकारी भए पनि गम्भीर साइड-इफेक्टका कारण विवादास्पद छन्-जस्तै अत्यधिक निद्रा लाग्ने, श्वासको गति खतरनाक रूपमा कम हुने, र दीर्घकालीन प्रयोगले लत बस्ने। तर, सन् २०२६ जनवरीको पहिलो हप्तामा प्रकाशित अमेरिकी वैज्ञानिकहरूको चमत्कारिक अनुसन्धानले ओपिओइड उपचारलाई सुरक्षित बनाउने ऐतिहासिक सम्भावना प्रस्तुत गरेको छ।*

*यो नयाँ खोज अनुसार, ओपिओइड रिसेप्टर (Receptor) सक्रिय गराउने तरीका बदल्न सकिन्छ। परम्परागत औषधिले रिसेप्टरलाई बलपूर्वक सक्रिय गर्छन्, जसले दर्द कम हुने भए पनि खतरनाक असरहरू ल्याउँछन्। तर, वैज्ञानिकहरूले रिसेप्टरलाई छान्दै-छान्दै (Selective Modulation) सक्रिय गर्ने नयाँ विधि परीक्षण गरेका छन्, जसले-*

*दर्द नियन्त्रण उच्च स्तरमा गर्छ।*

*तर, श्वास-दम वा लत बस्ने प्रभाव कम गर्छ*

*अनुसन्धानले देखाएको छ कि मस्तिष्क र स्नायु प्रणालीमा रहेको ओपिओइड रिसेप्टरलाई भिन्न तरिकाले सक्रिय गर्दा दर्द कम गर्ने 'Beneficial Pathway' मात्र सक्रिय हुन्छ, र 'Harmful Pathway' भने निष्क्रिय रहन्छ। सिधा भाषामा भन्नुपर्दा, फाइदा मात्र सक्रिय, हानी न्यून।*

*यसको अर्थ भविष्यमा अस्पतालमा हुने शल्यक्रिया, दुर्घटना पीडा, क्यान्सर पीडा, दीर्घ पीडा आदि उपचारमा सुरक्षित औषधि उपलब्ध हुन सक्छ। विश्वभर ओपिओइड दुरुपयोगले लाखौं मानिस प्रभावित भएका सन्दर्भमा यो खोज निकै महत्वपूर्ण हो। वैज्ञानिकहरूले अहिले परीक्षण चरण विस्तार गर्दैछन्। यदि सफल भए, यसले फार्मेसी उद्योग, अस्पताल उपचार प्रक्रिया, दीर्घपीडा व्यवस्थापन सबैमा ठूलो परिवर्तन ल्याउनेछ।*

## ECG ले फोक्स रोग चिन्न सक्ने नयाँ खोज



*अमेरिकास्थित माउन्ट सिनाई हेल्थ सिस्टमका वैज्ञानिकहरूले हालै एक महत्वपूर्ण खोज सार्वजनिक गरेका छन्, जस अनुसार अब सामान्य इलेक्ट्रोकार्डियोग्राम (ECG) परीक्षणबाटै जटिल फोक्स-सम्बन्धी रोग क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज (सीओपीडी) चाँडै पहिचान गर्न सकिने सम्भावना खुलेको छ।*

*ईसीजी प्रायः मुटुको कार्यबारे जानकारी लिन प्रयोग हुन्छ। तर अनुसन्धानकर्ताहरूले यसमा अत्याधुनिक कृत्रिम बुद्धिमत्ता (एआई) मिसाएर फोक्समा हुने सामान्यभन्दा सूक्ष्म परिवर्तनहरू पनि खोज्ने गरी मोडेल तयार पारेका छन्। एआई ले शरीरमा मुटु र फोक्सबीच हुने जैविक संकेतहरूको सम्बन्ध पहिचान गर्न सक्छ। विशेषगरी, सीओपीडी हुादा फोक्समा वायु आवागमन कम हुने, फोक्स फुलेर बस्ने, र शरीरमा अक्सिजन कम हुने जस्ता सूक्ष्म संकेत ईसीजी मा पनि परावर्तित हुन्छन्। यी संकेत सामान्य मानव आाखाले छुट्याउन नसक्ने हुादा एआई-प्रशिक्षित मोडेल प्रयोग गरिएको हो।*

*यस विधिले सीओपीडी को प्रारम्भिक चरणमै चेतावनी दिने सम्भावना बढाएको छ। अहिले नेपालसहित धेरै देशमा सीओपीडी ढिलो मात्र पत्ता लाग्ने समस्या छ, जसले उपचारलाई कठिन बनाउँछ। यदि ईसीजी आधारित एआई परीक्षण स्वास्थ्य-केन्द्रमा लागू भयो भने साना अस्पताल, नगर-बस्ती वा ग्रामीण क्षेत्रमा पनि छिटो र सस्तो परीक्षणबाट फोक्स रोग पहिचान गर्न सकिन्छ।*

*अनुसन्धान अनुसार, एआई-ईसीजी ले सीओपीडी भएको/नभएको अनुमान उच्च शुद्धतासहित दिन सक्छ। वैज्ञानिकहरू यसलाई अझ ठूलो समूहमा परीक्षण गरिरहेका बताउँछन्। भविष्यमा यस प्रविधिले नियमित स्वास्थ्य जााचको स्वरूप बदल्न सक्छ। यो खोज विशेषगरी धूम्रपान गर्नेहरू, धुलो-धुँवामा काम गर्नेहरू, दीर्घ सास-सम्बन्धी समस्या भएका व्यक्तिहरूका लागि लाभदायक हुनेछ।*

## टच-फ्री टेक्नोलोजीबाट फोक्सोको रोग पहिचान हुने



*सन् २०२६ जनवरीको पहिलो हप्तामा वैज्ञानिकहरूले एउटा अत्यन्त रोचक खोज सार्वजनिक गरेका छन्- अब शरीर नछोइकनै (touch–free) फोक्स-सम्बन्धी रोग पत्ता लगाउन सकिने प्रविधि तयार भएको छ।*

*यो प्रविधिले मानव शरीरबाट स्वाभाविक रूपमा निस्कने वायरलेस संकेत (micro–waves, radio–signals) लाई क्याप्चर गर्छ। श्वास फेर्ने क्रममा फोक्सको आकार, आन्दोलन, र भित्री संरचनामा सूक्ष्म तरङ्ग परिवर्तन हुन्छ, जुन आँखाले देखिँदैन तर सेन्सरले सजिलै समात्न सक्छ। वैज्ञानिकहरूले ती संकेतलाई कम्प्युटरमा पठाएर AI ले विश्लेषण गर्ने मोडेल तयार पारेका छन्।*

*यसरी विश्लेषण गर्दा-*

*फोक्स भित्र हावा जमेको छ कि छैन,*

*फोक्स सुन्निएको छ कि छैन,*

*संक्रमण (infection) छ कि छैन,*

*फोक्सको सञ्चालन सामान्य छ/छैन,*

*अस्थमा, COPD, निमोनिया जस्ता रोगका संकेत*

*पाँच प्रकारका फोक्स-सम्बन्धी सामान्य रोगहरू उच्च शुद्धतासहित पहिचान गर्न सकिन्छ। सबैभन्दा ठूलो फाइदा-यो परीक्षणका लागि*

- *एक्स-रे चाहिंदैन*
- *सिटी-स्क्यान चाहिंदैन*
- *ब्लड-टेस्ट चाहिंदैन*
- *शरीर छुनै पर्दैन।*

*त्यसैले कमजोर बिरामी, साना बालबालिका, वृद्ध तथा अपाङ्ग व्यक्तिका लागि यो निकै उपयोगी हुन्छ। सायद भविष्यमा घरमै राख्ने 'होम-डायग्नोस्टिक' उपकरणको रूपमा पनि विकास हुनसक्ने सम्भावना छ। टेलिमेडिसिनको विकाससँगै यो प्रविधिले दूरदराजका बस्तीमा स्वास्थ्य सेवा पुऱ्याउने सम्भावना बढाएको छ। धेरैकुरा अझै परीक्षणमै छन्, तर वैज्ञानिकहरूका अनुसार यो प्रविधि लागू भएमा फोक्स जाँच सस्तो, छिटो र सुरक्षित हुनेछ।*

# राष्ट्रिय सभाको बैठक गर्नेतर्फ सरकारको ध्यानै गएन ?

# प्रतिनिधि सभा विघटनपछि शिक्षक र प्रहरी विधेयकहरू शून्यमा गए !



**गंगाकुमारी बेलबासे,**
**सचेतक एवम् सदस्य, राष्ट्रिय सभा**

*(उहाँ तत्कालीन नेकपा माओवादी केन्द्र र हाल नेपाली कम्युनिष्ट पार्टीतर्फबाट राष्ट्रिय सभा सदस्य तथा सचेतकको भूमिकामा हुनुहुन्छ । आगामी ०८२ फागुन २० गते नेकपाका ८, नेकपा एमालेका ८, जनता समाजवादीका १, लोकतान्त्रिक पार्टीका १ तथा राष्ट्रपतिबाट मनोनित बामदेव गौतमसहित १९ जना सदस्यहरूको कार्यकाल समाप्त हुँदैछ । त्यसैले पद रिक्त हुनु अगावै सरकारले २०८२ माघ ११ गते राष्ट्रिय सभा निर्वाचनको तयारीसँगै प्रक्रिया अगाडि बढाइसकेको छ । यी पदका लागि २०८२ पुस २३ गते बुधवार नै उम्मेदवारी दर्ता गर्ने कार्य सम्पन्न भइसकेको छ । कोशी प्रदेशबाट नेपाली काँग्रेस पार्टीतर्फबाट सुनिलबहादुर थापाको एकल उम्मेदवारी परे पनि निर्वाचन आयोगले उनी निर्वाचित भइसकेको घोषणा भने गरेको छैन ।*

*१८ सिटका लागि हुन लागेको यस निर्वाचनमा नेपाली काँग्रेस, एमाले र लोकतान्त्रिक समाजवादी पार्टीले चुनावी तालमेल गर्दै भागबण्डा मिलाएर अगाडि बढ्ने सहमति गरिसकेका छन् । जसका कारण नेपाली कम्युनिष्ट पार्टीलाई यस निर्वाचनमा ठूलो झड्का लागेको छ भने यसको बढी फाइदा नेपाली काँग्रेसले उठाउन सफल भएको बताइन्छ । प्रतिनिधि सभा बिघटन भइसकेकाले राष्ट्रिय सभाको भूमिका, अधिवेशन आव्हानमा देखिएको ढिलाइ, मुलुकको समसामयिक राजनीति, आगामी प्रतिनिधि सभा निर्वाचनलगायत विषयमा केन्द्रित रहेर 'साँघु साप्ताहिक'का लागि रामहरी चौंलागाईंले उहाँसँग गरिएको कुराकानीको सम्पादित अंश–सम्पादक)*

**० आगामी फागुन २१ गते घोषित प्रतिनिधि सभाको निर्वाचनलाई तपाईं कसरी नियालिरहनु भएको छ ?**

२०८२ फागुन २१ गते हुने निर्वाचनलाई अन्तरिम सरकारले मुख्य प्राथमिकतामा राखेर तयारी अघि बढाइरहेको मैले पाएको छु । प्रतिनिधि सभा विघटन भइसकेको र नयाँ सरकार पनि ६ महिनाका लागि गठन गरिएको अवस्थामा सरकारको मुख्य दायित्व भनेकै तोकिएको मितिमा निर्वाचन सम्पन्न गरी जन निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु हो ।

सरकारले निर्वाचन सुनिश्चितताका लागि मुख्य राजनीतिक दलहरूसँग निरन्तर छलफल गरिरहेको छ । निर्वाचन आयोगसँग निरन्तर रिपोर्टिङ र समन्वय भइरहेको छ । मतपत्र छपाइको काम सुरु भइसकेको छ । राजनीतिक दलहरूले समानुपातिकतर्फको बन्द सूची आयोगमा बुझाइसकेका छन् । प्रत्यक्षतर्फका उम्मेदवार सिफारिसका लागि जिल्लाबाट आन्तरिक प्रक्रियाहरू जारी छन् । तयारी निरन्तर रूपमा अघि बढिरहेको अवस्थामा निर्वाचन अब अवश्य हुन्छ भन्नेमा म विश्वस्त छु ।

**० प्रतिनिधि सभा विघटनपछि अन्तरिम सरकार गठन भएको पनि चार महिना बितिसकेको छ । यो अवधिमा राष्ट्रिय सभाले मन्त्रीहरूलाई समितिमा बोलाएर आवश्यक निर्देशन वा सुझाव दिएको छ कि छैन ?**

प्रतिनिधि सभा नभएको अहिलेको अवस्थामा राष्ट्रिय सभाको भूमिका र महत्व झनै बढेको छ । सरकारले गरेका कतिपय काममा देखिएका कमी-कमजोरीहरूतर्फ सभाले आवश्यक निर्देशन र सुझाव दिइरहेको छ । राष्ट्रिय सभाका समितिहरूले विभागीय मन्त्रालयका मन्त्रीहरूलाई आवश्यक ठानिएको बखत बैठकमा बोलाएर निर्देशन दिने कार्य नियमितरूपमा गरिरहेका छन् ।

जस्तै, कानून, पर्यटन, चलचित्र, सूचना तथा सञ्चारसम्बन्धी विधेयकहरूमा कानून मन्त्रीको उपस्थितिमा निरन्तर छलफल र समीक्षा गरिएको थियो । समितिहरूले केवल कमजोरीमाथि मात्र होइन, समाजमा भएका घटनाका समाधानतर्फ पनि निर्देशात्मक सुझाव दिइरहेका छन् । विशेष गरी विधायन समितिमा विभागीय मन्त्रीको उपस्थितिलाई अनिवार्य जस्तै मानिन्छ ।

त्यसैले, कानून, पर्यटन, सञ्चारलगायत मन्त्रीहरूलाई आवश्यक ठानेअनुसार निरन्तर बैठकमा उपस्थित गराएर प्रभावकारी समन्वय गरिरहेका छौँ ।

**० तपाईंलगायत १९ जनाको कार्यकाल २०८२ फागुन २० गते सकिँदैछ । २०८२ माघ ११ गते हुन गइरहेको राष्ट्रिय सभाको निर्वाचनलाई कसरी हेर्नु भएको छ ?**

आगामी माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनका लागि उम्मेदवार दर्ता प्रक्रिया भइसकेको छ । उम्मेदवार छनोटदेखि मतदानसम्मको सम्पूर्ण प्रक्रिया संविधान र कानूनअनुसारै अघि बढ्नेछ ।

यस निर्वाचनमा गाउँपालिकाका अध्यक्ष-उपाध्यक्ष, नगरपालिकाका मेयर-उपमेयर तथा प्रदेश सभा सदस्यहरूले मतदान गर्नुपर्ने हुन्छ । प्रदेशस्तरबाट प्रतिनिधि मतदान गर्ने भएकाले सातै प्रदेशबाट रिक्त १८ जना सदस्य चयन हुनेछन् ।

हालै नेपाली काँग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीबीच सहकार्य भएको छ । म आवद्ध रहेको नेपाली कम्युनिस्ट पार्टीले भने सबै प्रदेशमा एकल रूपमा उम्मेदवारी दर्ता गराएको छ ।

**० नेपाली काँग्रेस र एमालेले चुनावी तालमेल गरेर नेकपालाई एक्ल्याएको घटनालाई तपाईंले कसरी लिनु भएको छ ?**

राजनीतिमा यस्तो तालमेलका घटना नौलो होइनन् । यसअघि पनि तत्कालीन नेकपा माओवादी केन्द्र र नेपाली काँग्रेसबीच चुनावी तालमेल भएको थियो । यसपटक नेकपाले एकल रूपमा उम्मेदवारी दिएको हो । दुई पार्टी मिल्दा तेस्रो पक्षलाई केही क्षति हुन सक्छ ।

पछिल्लो जेन-जी आन्दोलनको पृष्ठभूमिलाई समेत हेर्दा ठूला दुई दल सहकार्य गरेरै निर्वाचनमा जाने स्थितिमा पुगेका छन् । यसले उनीहरूको जनाधार कत्तिको कमजोर भइसकेको छ भन्ने संकेत पनि गर्छ ।

**० ठूला दलबीच सहकार्य हुँदा समीकरण तलमाथि हुनुपर्ने वा जननिर्वाचित प्रतिनिधिबाट खस्ने मत अर्थात् जनमत स्पष्ट नदेखिने आशंका गरिन्छ, नि ?**

राष्ट्रिय सभाको निर्वाचनमा जनमत पूर्ण रूपमा स्पष्ट नहुन सक्छ । किनकि उम्मेदवारी पनि केन्द्रमै सहमतिबाट दर्ता गरिन्छ । तर, समग्रमा कुन प्रदेशमा को जित्यो र मत कसरी खस्यो भन्ने कुरा परिणामबाट प्रष्टै हुनेछ ।

सहमतिको अवस्थामा सबैले सबैलाई मत दिनुपर्ने भएकाले मेयर, अध्यक्ष, उपाध्यक्ष तथा प्रदेश सभा सदस्यहरूले दलले दिएको निर्देशनअनुसार नै मतदान गर्नेछन् । त्यसैले अन्ततः कसको मत कहाँ गयो भन्ने त नतिजा नआउँदै नै अनुमान गर्न सकिने अवस्था रहन्छ ।

**० एउटा पार्टीबाट निर्वाचित प्रतिनिधिले अर्को पार्टी वा गठबन्धनलाई मत दिनुपर्दा आन्तरिक समीकरण मिलाउन समस्या पर्छ भनिन्छ नि ?**

निर्वाचित भइसकेपछि सबै प्रतिनिधिहरू अन्ततः जनताका प्रतिनिधि नै हुन् । सहमतिमा उम्मेदवारी उठाउने अवस्थामा कुनै प्रदेशमा आफ्नै दलको उम्मेदवार नभए अन्य प्रदेशमा हुन्छ नै । यसरी कतै न कतै क्षतिपूर्ति हुने भएकाले यस्तो समीकरण स्वाभाविक मानिन्छ ।

२०८२ फागुन २० गते एमालेका आठ र पूर्व माओवादी तथा वर्तमान नेकपाका आठ सदस्यहरूको कार्यकाल सकिँदैछ । नेकपाका तर्फबाट सात जना तत्कालीन माओवादी केन्द्रबाट र एक जना एकीकृत समाजवादीबाट (वेदुराम भुसाल) हुनुहुन्छ ।

**० राष्ट्रपतिबाट मनोनयन भएका एकजना सांसदको कार्यकाल पनि सकिन लागेको होइन ?**

सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनयन भएका बामदेव गौतमको कार्यकाल पनि सकिँदैछ । एमाले र नेकपाका आठ-आठजनाको कार्यकाल समाप्त हुँदैछ । त्यसपछि जनता समाजवादी पार्टीबाट निर्वाचित एक तथा लोकतान्त्रिक समाजवादी पार्टीबाट शेखर सिंह हुनुहुन्छ ।

यी निर्वाचित १८ तथा मनोनयनसहित १९ सदस्यको कार्यकाल फागुन २० गते सकिनेछ । मलगायत नयाँ निर्वाचित सदस्यहरूको कार्यकाल भने २०८२ माघ ११ गतेपछि विजयी भइसके पनि कार्यकाल चाहिं २०८२ फागुन २१ गतेबाट मात्र सुरु हुनेछ ।

**० ०८२ भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनपछि राष्ट्रिय सभाको बैठक हालसम्म बस्न नसक्नुको कारण के हो ?**

जेन-जी आन्दोलनकै दिन, अर्थात् २०८२ भदौ २३ गते, राष्ट्रिय सभाको बैठक बोलाइएको थियो । तर, सरकार र जेनजीबीच एक प्रकारको मुठभेडको अवस्था सिर्जना भयो । शान्तिपूर्ण भनी घोषणा गरेर माइतीघर मण्डलबाट सुरु भएको आन्दोलन क्रमशः अत्यन्तै तनावपूर्ण बन्दै गयो र ठूलो मानवीय, राष्ट्रिय क्षति समेत भयो । साना-साना बालबालिका तथा युवाहरूले ज्यान अनाहकमा गुमाउनु दुःखद कुरा रह्यो ।

त्यसपछि २४ गते मुलुकको राजनीतिक अवस्था नै तनावपूर्ण र अव्यवस्थित भयो । सोही घटनाका कारण प्रतिनिधि सभा बिघटन गरियो । त्यसपछि आजसम्म पनि राष्ट्रिय सभा बैठक सरकारले आव्हान गर्न सकेको छैन ।

**० सरकारले बीचबीचमा बैठक बोलाउने भने पनि किन नभएको होला ?**

जेन-जी आन्दोलनलगत्तै नेपालीहरूको महान् पर्वहरू दशैं-तिहार परेकाले पनि अधिवेशन बोलाउन सम्भव भएन । सरकार गठन भएको पनि करिब चार महिना हुन लाग्यो । तर, राष्ट्रिय सभा बैठक आव्हान गर्ने दिशामा सरकारको ध्यानै गएको छैन ।

आन्दोलनका क्रममा सरकारी संरचनाहरू धेरै ध्वस्त भएका थिए ।

- **अब विधेयकहरु पारित हुने कुरामा शंका उत्पन्न भएको छ ।**
- **दुई पार्टी मिल्दा तेस्रो पक्षलाई  क्षति पुग्न सक्छ ।**
- **निर्वाचित प्रतिनिधि नै सम्पूर्ण जनताका प्रतिनिधि हुन् ।**
- **प्रतिनिधि सभामा दलगत स्वार्थ हाबी भए ।**
- **राष्ट्रिय सभा बैठक क्यालेन्डरअनुसारै चल्छ ।**
- **विधेयक पास गर्दा सर्वसम्मत र व्यवस्थित प्रक्रिया अपनाइन्छ ।**
- **पिछडिएका क्षेत्र र अल्पसंख्यकहरूको प्रतिनिधित्व सुनिश्चित छ ।**

बानेश्वरस्थित संसद भवनसमेत क्षतिग्रस्त छ । यद्यपि यसबीचमा समितिहरूका बैठकहरू भने सञ्चालन भइरहेका छन् । समितिहरूमा समीक्षा बैठकहरू निरन्तर भईरहेका छन् ।

राष्ट्रिय सभाका अध्यक्ष, समितिका सभापति र सचेतकहरूको बैठक बसी कामको प्रगति रिपोर्टिङ र आगामी दिनमा के गर्न सकिन्छ भन्ने विषयमा छलफल हुँदै आएको छ । राष्ट्रिय सभाका चारै समितिहरू अहिले चलायमान छन् । विभिन्न मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल भइरहेको छ । विशेषगरी विधायन समितिले चलचित्र सम्बन्धी विधेयक र पर्यटन सम्बन्धी विधेयकमाथि छलफल गरिरहेको छ । म स्वयं विधायन समितिमा भएकाले दुवै विधेयकमा समानान्तर रूपमा छलफल चलिरहेको छ ।

**० समितिबाट चलचित्र र पर्यटन विधेयकमाथि के–कस्ता प्रश्नमा छलफल भइरहेको छ ?**

चलचित्र विधेयकमा हामी लगभग निष्कर्षको चरणमा पुगिसकेका छौं, यद्यपि दफावार छलफलका केही विषय अझै बाँकी छन् । समितिले प्रतिवेदनका आधारमा अन्तिम निर्णय गर्ने तयारी गरिरहेको छ ।

पर्यटन विधेयकमा पनि छलफल जारी छ । विकास, आर्थिक मामिला तथा सुशासन समितिले सुशासन सम्बन्धी सरोकारवालासँग भव्य कार्यक्रम गरी अन्तरक्रिया समेत गरेको छ, जसबाट सरकारलाई प्रभावकारी सुझाव दिन सक्ने अवस्थामा समिति पुगेको छ । त्यसैगरी स्वास्थ्य, संघीयता सबलीकरण र सरोकारसम्बन्धी समितिहरूले पनि वर्तमान नीतिहरूको मूल्यांकन गर्दै छलफल गरिरहेका छन् ।

**० यति हुँदाहुँदै पनि सरकारले किन अधिवेशन बोलाउन आनाकानी गरिरहेको होला ?**

प्रधानमन्त्री सुशीला कार्कीको सल्लाह-परामर्शअनुसार नै राष्ट्रिय सभाको अधिवेशन बोलाउने तयारी भइरहेको मैले बुझेको छु । सभाका अध्यक्ष नारायण प्रसाद दाहालले पनि सकारात्मक पहल भइरहेको जानकारी सदस्यहरूलाई दिनुभएको छ । साथै समितिहरू सक्रिय रूपमा काममा संलग्न छन् ।

जेनजी आन्दोलनपछि सरकारले सम्बोधन गर्नुपर्ने विषयहरूमा पनि समितिहरूले ध्यान दिइरहेका छन् । यसअघि २०८२ पुस १५-१६ गते नै राष्ट्रिय सभा अधिवेशन आव्हान गर्ने मिति तय भएको थियो ।

**० तर, पनि किन गरिएन त ?**

यसअघि सञ्चालन हुँदै आएको राष्ट्रिय सभाको हल जलेको छ । त्यसैले अहिले कृषि समितिको हललाई पुनःसंरचना गरेर बैठक सञ्चालन गर्ने तयारी भइरहेको छ । लगभग सबै निर्माणकार्य सम्पन्न भइसकेको छ र अब बैठक सञ्चालनको अन्तिम तयारी मात्र बाँकी छ ।

अध्यक्षले समय-समयमै अनुगमन गरिरहनुभएको छ । अब सरकारले राष्ट्रपतिलाई बैठक बोलाउन सिफारिस गर्नु र सूचना आउन मात्र बाँकी छ । कानूनी रूपमा पनि ६ महिनाभित्र राष्ट्रिय सभाको अधिवेशन बोलाउनुपर्ने व्यवस्था छ । त्यसैले चाँडै नै राष्ट्रिय सभाको १९औं अधिवेशन आव्हान हुनेछ ।

**० प्रतिनिधि सभा नहुँदा राष्ट्रिय सभाले भोग्नु परेको समस्याहरू के–के छन् ?**

दुवै सदनको मुख्य काम विधेयक पारित गर्नु हो । प्रतिनिधि सभा विघटन भएपछि कतिपय विधेयक शून्यमा पुगेका छन् । उदाहरणका लागि, राष्ट्रिय सभाले धेरै मेहनत गरेर पारित गरेको निजामती सेवा विधेयक प्रतिनिधि सभामा पठाइएको थियो, तर सभा भंग भएकाले निजामती सेवा विधेयक शून्यमा गयो । विद्यालय शिक्षा विधेयक पनि विभिन्न समितिमा विस्तृत छलफलपछि अन्तिम चरणमा थियो, तर प्रतिनिधि सभा बिघटन भएका कारण त्यो पनि शून्यमा पुग्यो । यस्तै, नेपाल प्रहरी र सशस्त्र प्रहरी सम्बन्धी विधेयकहरू प्रतिनिधि सभामा दर्ता भएका थिए, तर राष्ट्रिय सभामा आइपुगेका थिएनन् ।

यदि दुवै सदन अविच्छिन्न रूपमा सञ्चालनमा भएको भए यीमध्ये धेरै विधेयक समयमै पारित हुन सक्थे ।

**० त्यसो भए निजामती सेवा विधेयक शून्यमा गएकै हो ?**

हो, निजामती सेवा विधेयक शून्यमै गयो । सुरुबाटै सरकारले अनुमति दिएर ल्याउन सकेको भए यो ऐन जारी भइसकेको हुन्थ्यो । अब नयाँ प्रतिनिधि सभाको निर्वाचनपश्चात् मात्र छलफल सम्भव हुनेछ । नयाँ सांसद र नयाँ मन्त्रालय-मन्त्री हुने भएकाले पहिले जस्तो अब विधेयकहरु सहज रूपमा पारित हुने कुरामा शंका बढाएको छ ।

कानूनी रूपमा प्रतिनिधि सभाबाट आएका विधेयक राष्ट्रिय सभाले २ महिनाभित्र फिर्ता पठाउनुपर्छ र राष्ट्रिय सभामा दर्ता भएकालाई ६ महिनाभित्र छलफल सम्पन्न गर्नुपर्छ । यी प्रक्रिया अहिले अवरुद्ध छन् । यस कारण प्रतिनिधि सभा नहुँदा राष्ट्रिय सभाले आफ्नो विधायन भूमिका प्रभावकारी रूपमा पूरा गर्न कठिनाई भोगिरहेको छ ।

**० अब प्रहरी सम्बन्धी विधेयकहरू के हुनेछन् ?**

नेपाल प्रहरी र सशस्त्र प्रहरी सम्बन्धी विधेयकहरू पनि शून्यमा जानेछन् । यद्यपि ती विधेयकमाथि खासै छलफल अघि बढेको अवस्था थिएन । माथिल्लो सदनमा दर्ता भइसकेका केही विधेयकलाई चाहिँ पुनः छलफल गर्न सकिन्छ । तर, अघि नै छलफल भई प्रतिनिधि सभामा पठाइसकिएका वा तयारीको अन्तिम चरणमा रहेका विधेयकहरू पुनः छलफल हुन नसक्ने भएकाले स्वतः शून्यमा जानेछन् ।

**० राष्ट्रिय सभालाई केवल राजनीतिक दलका नेता तथा कार्यकर्ता व्यवस्थापन गर्ने थलो भन्ने आरोप लाग्ने गर्दथ्यो । अहिले प्रतिनिधि सभा नभएको अवस्थामा यस सभाको भूमिका र गरिमा कस्तो देख्नुहुन्छ ?**

राष्ट्रिय सभा र प्रतिनिधि सभाको तुलनात्मक अध्ययन गर्दा यसको महत्व गम्भीर रूपमा बुझ्नुपर्छ । प्रतिनिधि सभामा दलगत स्वार्थ र विचारहरू हावी हुने, अवरोध वा नाराबाजी हुने अवस्था रहन्छ ।

तर, राष्ट्रिय सभामा हामी जायज विषयमा मात्रै उभिएर विरोध गर्छौं । नारा-जुलुस जस्ता अमर्यादित व्यवहार राष्ट्रिय सभामा स्वतः कम भएका छन् ।

हाम्रो दल प्रतिनिधि सभामा नाराबाजी गरे पनि राष्ट्रिय सभामा भने केवल प्रक्रियागत, कानूनी र मर्यादित ढंगले विरोध गर्ने भूमिकामा सीमित रहन्छौं । राष्ट्रिय सभा परिपक्व–व्यवस्थित, कानूनी, प्रक्रियागत रूपमा स्थिर र सही तरिकाले अघि बढिरहेको छ ।

**० पछिल्लो समय क्यालेण्डर अनुरुप संचालन हुन नसकेको आरोप पनि लाग्ने गरेको छ, नि ?**

विभिन्न विधेयक उत्पतिदेखि दर्ता प्रक्रियाहरूमासमेत हामी स्पष्ट छौं । अझ विधेयकहरू कसरी दर्ता, छलफल र पास गर्ने भन्ने स्पष्ट शैली र क्यालेण्डर नै बनाएर अगाडि बढ्दै आएका छौं । राष्ट्रिय सभा समयमै सुरु हुन्छ र क्यालेन्डर अनुसार चल्ने भएकाले समितिहरूका बैठकहरू स्थलगत अनुगमन र व्यवस्थित रूपमा संचालन गर्न सजिलो भएको छ । हाल प्रतिनिधि सभाले जस्तै यो सभाले पनि क्यालेन्डर नै बनाएर काम कारवाही गर्दै आएको छ । राष्ट्रिय सभामा दलका नेताहरु पुन दोहोरिएर वा निर्वाचित आउने परम्परा पनि खासै छैन । समिति सदस्यहरू पनि फरक-फरक दलका र विषयगत रुपमा पनि विज्ञ रहेकाले पनि व्यवस्थित र मिहिन ढंगले छलफलमा भाग लिइरहेका हुन्छन् ।

**० राष्ट्रिय सभामा प्रत्यक्ष रुपमा चुनाव हारेका र अनुभवहीनलाई प्राथमिकता दिएको आरोपसमेत लाग्ने गरेको छ, नि ?**

यी आरोपमा म खासै सत्यता देख्दिन । किनकि, हामी राष्ट्रिय सभामा दलगत स्वार्थभन्दा माथि उठेर भूमिका निर्वाह गर्दै आएका छौं । बहुमत अल्पमत भन्दा पनि एकमतका आधारमा प्रस्तावहरू पास गर्छौं । अझ विधेयक पास गर्दा पनि सर्वसम्मत ढंगले गर्ने प्रणाली अपनाइएको छ । विधायन समितिमा आउने सबै विधेयकमा सदस्यले संशोधन, छलफल र अन्तत : एक रूपताका साथपास गर्ने प्रक्रिया छ । संख्याको हिसाबले राष्ट्रिय सभा प्रतिनिधि सभाजस्तो ठूलो छैन । तर, भूमिकाको हिसाबले अझ महत्वपूर्ण रहेको छ । रोचक विषय त हामीले प्रादेशिक समयसमेत व्यवस्था गरेका छौं । जसअन्तर्गत सदस्यहरूले आफ्नो प्रदेशका समस्याहरू, क्षेत्रीय जटिलता र महत्वपूर्ण विषयमा आफ्ना भनाईहरु राख्न सक्नेछन् ।

**० त्यसो हो भने यो सभामा खासै युवाहरुको सहभागिता किन कमजोर छ, त ?**

त्यस्तो होइन । ३५-३८ वर्ष उमेर समूहका युवादेखि प्रौढ उमेरका अनुभवी नेताहरु सदस्य हुनुहुन्छ । पहिलो पटक सदस्य चुनिएर आएकाहरूले पनि राम्रो भूमिका खेल्नु भएको छ । अझ भन्नुपर्दा प्रदेश, अपांगता, पिछडिएको क्षेत्र र अल्पसंख्यककोसमेत प्रतिनिधित्व रहेकोले राष्ट्रिय सभा प्रभावकारी भूमिका रहेको पुष्टि हुँदै गएको छ । राष्ट्रिय सभामा अनुभवी धेरै नेताहरू हुनुहुन्छ । नेपाली काँग्रेसबाट आनन्द ढुंगाना, कृष्ण सिटौला तत्कालीन एमालेबाट वामदेव गौतम, माओवादी केन्द्रबाट नारायणकाजी श्रेष्ठ लगायतका चर्चित र दिग्गज व्यक्तित्वहरू हुनुहुन्छ । यो सभामा आकस्मिक घटनामा बोल्नका लागि विशेष समय पनि व्यवस्था गरिएको छ । यी समयमा सदस्यहरूले आकस्मिक घटनाका विषयमा समय मागेर व्यवस्थित ढंगले बोल्न पाउँछन् । यसरी समय व्यवस्थापन र विषयगत छलफलले राष्ट्रिय सभाको गरिमा र महत्व अझ बढेको म ठान्छु ।

**० अन्त्यमा, नेपाली कम्युनिस्ट पार्टीको आन्तरिक सांगठनिक गतिबिधिहरु के कसरी अगाडि बढिरहेको छ ?**

१६-१७ वटा पार्टी मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन हुनेक्रम अझै जारी छ । यो पार्टी निर्वाचन आयोगमा दर्तासमेत भइसकेको छ । चुनाव चिन्हसमेत प्राप्त गरेका छौं । अधिकांश कम्युनिष्ट, दिग्गज र अनुभवी नेताहरू संगठित हुनेक्रम जारी छ । बिचार मिल्ने अधिकांशलाई समेट्ने ढंगले पार्टीको आन्तरिक जीवन अगाडि बढिरहेको अवस्था छ । अब पार्टीलाई महाधिवेशनमार्फत थप सुदृढ र व्यवस्थित बनाउने प्रयास जारी छ । बामपन्थी आन्दोलनलाई नयाँ उर्जा प्रदानका लागि एकताको प्रक्रियामा थप जोड दिइएको अवस्था छ ।

## अदालतमै बयान उल्टाउने सरकारी साक्षी फन्दामा :

# घुसदातामाथि अख्तियारको कडा कुशाघात !

● साँघु संवाददाता

**काठमाडौं । विशेष अदालत, काठमाडौंमा दर्ता भएको भ्रष्टाचार मुद्दा नं. ०८२-CR-००१०, जसमा बरिष्ठ वन अधिकृत पूर्ण शंकर यादवमाथि रु. ७,३१,००० घुस/रिसवत लिएको आरोप छ, त्यही मुद्दामा सरकारी साक्षीका रूपमा प्रस्तुत दुई व्यक्तिले अदालतमा बयान उल्टाएपछि घटनाले अनपेक्षित मोड लिएको छ । अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष दुवैले स्पष्ट रूपमा घुस दिएको स्वीकारेका थिए ।**

तर, विशेष अदालतमा उपस्थित भएपछि दुवैले अनुसन्धान अधिकृत समक्ष दिएको बयानभन्दा प्रतिकूल तरिकाले, व्यहोरा बदलिने गरी, आफ्नो पूर्वबयानलाई नै कमजोर पार्ने अभिव्यक्ति दिएका छन् । अदालतमा प्रस्तुत समस्त कागजी प्रमाण, बयान र परिस्थितिजन्य तथ्य पडताल गर्दा प्रहरीले होइन, यस प्रकरणमा स्वयं 'सरकारी साक्षी' निक्कै खतरनाक ढंगले आफ्नो भूमिका बदलिएको देखिएपछि अख्तियारले दुवैलाई पनि प्रतिवादी बनाउँदै २०८२ पुस २४ गते विहीबार फरक मुद्दा दायर गरेको हो ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, जिल्ला कैलाली, चुरे गाउँपालिका-६ निवासी प्रेम सिंह ठगुन्ना र कैलालीकै गोदावरी नगरपालिका-२ निवासी किसन सिंह साउद दुवैलाई मूल भष्टाचार मुद्दामा सरकारी साक्षीका रूपमा विशेष अदालतमा पेस गरिएको थियो। यस अघि आयोगमा दुवैले पूर्ण शंकर यादवलाई नगद रु. ७,३१,०००(सात लाख एकतिस हजार रपैयाँ) घुस दिएका हुन् भनेर स्पष्ट रूपमा बयान दिएका थिए । अनुसन्धान अधिकृतका अभिलेख, उजुरीका विवरण र बयानका शब्द, समय र परिस्थितिमा पनि कुनै असमानता थिएन। तर अदालतमा पुगेपछि-तिनै व्यक्तिहरू, त्यही आरोप, तर बयान भने एकाएक विपरीत । यो परिवर्तन सामान्य भूल, सम्झनाको त्रुटि वा परिस्थिति बिग्रिएको कारणले नभई, अख्तियारका अनुसार, प्रतिवादी पूर्ण शंकर यादवसँग पछिल्लो चरणमा पुनः सम्पर्क र गैरकानूनी स्वार्थका कारणविशेष उत्पन्न भएको देखिएको अख्तियारले दायर गरेको मुद्दामा उल्लेख छ ।

यही बदलिएको बयानले न केवल मूल मुद्दालाई प्रभावित गर्ने खतरा थियो, तर न्यायिक प्रक्रियामै प्रत्यक्ष हस्तक्षेप गर्ने प्रयासको रूपमा पनि देखियो ।




भ्रष्टाचार प्रकरणमा साक्षीले अदालतका लागि आफ्नो पूर्वबयान परिवर्तन गर्नु-वास्तवमा 'साक्ष्य बिनाश' को प्रारूप मानिएको छ । खासगरी भ्रष्टाचार मुद्दामा साक्षी बयान अत्यन्त महत्वपूर्ण आधार मानिन्छ । बयान बदलियो भने मुद्दा कमजोर हुने सम्भावना अत्यन्तै ठूलो हुन्छ । यही जोखिमलाई ध्यानमा राख्दै अख्तियारले दुवै साक्षीमाथि छुट्टै अनुसन्धान अघि बढायो, र प्रमाणहरू विश्लेषण गर्दा अदालतमा दिएको बयान, आयोगमा दिएको पूर्वबयान विपरीत र भ्रामक भएको तथ्य पुष्टि भयो । साक्षीका रूपमा बोलाए पनि, उनीहरू स्वयम् घुसदाताको श्रेणीमा परेपछि, बयान बदल्नु भ्रष्टाचार निवारण ऐन, २०५९ ले परिभाषित गरेको दफा ३(३) अन्तर्गतको स्पष्ट भ्रष्टाचारको कार्य हुने ठहर गरिएको छ ।

साक्षी दुवैले अनुसन्धानका प्रारम्भिक चरणमा सहयोग गरेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ अन्तर्गत छुट र सुविधा पाएका थिए । तर अदालतमा प्रतिकूल बयान दिएपछि उनीहरूले त्यही सुविधाको शर्त उल्लङ्घन गरेका छन् । अख्तियारको ठहरमा अदालतमा बयान बदलिनु कुनै सामान्य 'अनिच्छित त्रुटि' होइन, भ्रष्टाचारी जोगाउन 'योजनाबद्ध हेरफेर' मानिएको छ । दुवै व्यक्तिले अदालतमा बयान बदल्दा घुसदातालाई जोगाउने प्रयास देखिन्छ, जसले न्यायिक प्रक्रियामा गम्भीर असर पार्न सक्ने अवस्था बनेको हो । यसले स्पष्ट गर्छ-दुवै साक्षी अब केवल अभियोजन पक्षका सहयोगी होइनन्, घुस/रिसवत लेनदेनका सक्रिय सहभागी नै हुन् ।

यही कारण अख्तियारले दुवै व्यक्तिमाथि आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ। आरोपपत्रमा दुवै प्रतिवादीको कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अन्तर्गतको कसूर मानिएको छ । उनीहरूमाथि रु. ७,३१,००० बिगो कायम गरी त्यही बराबरको जरिवाना, कैद सजाय र दफा ३(१क) अनुसार घुस रकम जफत गर्ने माग गरिएको छ । यससँगै दफा ३(३) अनुसार बयान बदल्नु नै अपराध भएकाले उनीहरूलाई भ्रष्टाचारका प्रत्यक्ष कसुरदारका रूपमा उपचार गर्न अख्तियारले मागदाबी अघि सारेको छ ।

विशेष अदालतमा यस्ता प्रकृतिका मुद्दा विरलै आउने गर्छन् । सरकारी साक्षी नै प्रतिवादी बन्नु आफैंमा गम्भीर घटना हो । अदालतमा उपस्थित व्यक्तिले आफ्नो पूर्वबयान बदलेर मुद्दाको नतिजामा प्रभाव पार्ने प्रयास गर्नु केवल न्यायिक प्रक्रिया कमजोर पार्ने प्रयास मात्र होइन, कानूनलाई चक्मा दिने उच्चस्तरीय कुचेष्टा रहेको कानूनविद्हर बताउछन् । यस्ता कार्यले यदि सजिलै उन्मुक्ति पाउने हो भने भविष्यका भ्रष्टाचार मुद्दामा साक्षीको भूमिका मात्र अविश्वसनीय बन्ने होइन, मुद्दा नै धरमरिने खतरा हुन्छ ।

यसकारण अख्तियारले उठाएको कदम केवल दुवै प्रतिवादीविरुद्धको कार्यवाही मात्र होइन, पूर्ण शंकर यादवमाथिको मूल मुद्दालाई सुरक्षित, प्रभावकारी र प्रमाण-आधारित ढंगले अघि बढाउन आवश्यक कानूनी हस्तक्षेप पनि हो । बयान बदल्ने, सत्य उल्ट्याउने र न्यायलाई नै प्रभावित पार्ने प्रवृत्ति रोक्न पनि यो मुद्दा एउटा महत्वपूर्ण मिसाल बन्ने भएको छ ।

अब विशेष अदालतले यो मुद्दालाई कस्तो ढंगले व्याख्या गर्छ र दुवै प्रतिवादीका बयान, कागजी प्रमाण तथा मूल मुद्दा बीचको सम्बन्धलाई कसरी समायोजन गर्छ भन्ने प्रश्न आगामी प्रक्रियामा टुङ्गो लाग्नेछ । तर अख्तियारले दिएको संदेश स्पष्ट छ-भ्रष्टाचार मुद्दामा साक्षीले बयान बदल्नु पनि भ्रष्टाचार कै अंश हो, र कुनै व्यक्ति केवल 'साक्षी भएको' कारणले दण्डहीन रहँदैन । यो प्रकरणले न्यायिक प्रणालीलाई सुरक्षित राख्न र भ्रष्टाचारविरुद्धको कानूनी कठोरता कायम राख्न आवश्यक एक महत्त्वपूर्ण पहलकदमीको रूपमा उभिएको स्रोत बताउँछ ।

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### युवा हो, लौरो चिन्हलाई पुनः जीवन कसरी दिने ?



२०७९ मंसिर ४ गतेको आम निर्वाचनमा लौरो चिन्ह लिएर प्रतिस्पर्धा गर्ने करिब ३०० जना युवा सशक्त उम्मेदवार थिए। तीमध्ये १३० जना प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फबाट चुनाव लडेका थिए। बागमती प्रदेशमा समेत लौरो चिन्हबाट २ जना सांसद निर्वाचित भएका थिए ।

तर, अहिले २०८२ को निर्वाचनमा विगतमा लौरो चिन्ह पाएको त्यो दल निस्क्रिय र फ्रिज भएको अवस्था देखिन्छ। यतिबेला केन्द्रीय संरचना सक्रिय नभएकाले संगठनगत व्यवस्थापन तथा नेतृत्व अद्यावधिक गर्नु अत्यावश्यक छ ।

साविक हाम्रो नेपाल पार्टी (हाल नाम परिवर्तन भई देश विकास पार्टी) ले समानुपातिकमा भाग लिन नपाए पनि कम्तीमा प्रतिनिधि सभाको चुनावमा सक्रिय सहभागिता जनाउनै पर्छ। त्यसपछि प्रदेश सभाको चुनावमा पनि सहभागी भई संगठनलाई मजबुत बनाउनु आवश्यक देखिन्छ ।

२०७९ को चुनावमा लौरो चिन्हले जनमानसमा राम्रो पहिचान र लोकप्रियता बटुलेको थियो । त्यसकारण, पहिलेदेखि लौरो चिन्हमा खटिएका साथीहरू तथा अलग-अलग स्वतन्त्र चिन्ह लिएर प्रतिस्पर्धा गरेका युवाहरूले आपसमा समझदारी कायम गरी आगामी चुनावमा एकीकृत रूपमा लौरो चिन्ह लिएर उठ्ने तयारी गर्नुपर्छ भन्ने मेरो सुझाव छ ।

छोटो अवधिमै यसरी निस्क्रिय हुने प्रवृत्ति राजनीतिक चेतना अनुरूपको व्यवहार मानिंदैन । अबको आवश्यकता भनेको, दललाई पुनर्गठन गर्दै आगामी चुनावमा योजनाबद्ध रूपमा प्रस्तुत हुने हो ।

*-भीम उपाध्याय*

### मेथी : तीतोपनभित्रको चमत्कारिक औषधि




मेरो बिहान कागती-पानीबाट सुरु हुन्छ। त्यसपछि टुसा उमारेको मेथी, आलस, मुंग्रेलो, फर्सीको दाना, ज्वानो र भाङ्गो मिसिएको एक चम्चा मिश्रण लिन्छु। त्यसपछि मरिच र कागती हालेर पकाएको चिया पिउँछु ।

हामी साना छँदा पेट दुख्दा वा पखाला लाग्दा बज्यैले मेथी जाउलो पकाएर दिनुहुन्थ्यो । एक मुठी चामल र दुई मुठी दाल कसौंडीमा पकाउनुहुन्थ्यो । पाक्ने बेलामा मेथी र लसुनलाई घिउमा फुराएर जाउलोमा हाल्नुहुन्थ्यो, केही छिन छोपेर अन्त्यमा अलिकति गाईको घिउ हालेर पस्किनुहुन्थ्यो । त्यो मेथी जाउलोले पेट निको गर्थ्यो। त्यतिबेलाको मेथी जाउलोको स्वाद आज पनि स्पष्ट सम्झनामा छ ।

बज्यैलाई मेथी फुराएर खाँदा पेट दुखेको बेला कसरी निको हुन्छ भन्ने वैज्ञानिक कारण सायद थाहा थिएन । तर उहाँले थाहा पाएको रैथाने ज्ञान नै हामीलाई औषधि बनिदिन्थ्यो ।

आज आएर मेथीका अनेकौं गुणहरू वैज्ञानिक रूपमा प्रमाणित भइसकेका छन् । मेथीमा रहेको रेशायुक्त तत्वले कब्जियत घटाउन मद्दत गर्छ । मधुमेह र उच्च रक्तचाप भएका व्यक्तिलाई पनि यसको सेवन लाभदायक हुन्छ। यद्यपि, औषधि छोडेर केवल मेथी सेवन गरेर मात्रै मधुमेह निको हुन्छ भन्ने भ्रम भने राख्नु हुँदैन ।

सुत्केरी आमालाई मेथीको दानाको खिर बनाएर दिने चलन पुरानै हो । कतिपयलाई "मेथीको खिर कसरी खाने होला, तीतो हुन्छ" भन्ने लाग्छ। तर मेथीलाई पहिले भिजाएर पानी निचोरेपछि दूधमा पकाएर खाँदा यसको तीतोपन निकै कम हुन्छ । बानी परिसकेपछि त्यही तीतोपन नै मिठोपनमा बदलिन्छ ।



मेथी सेवनले सुत्केरी आमाको स्तनबाट दूध बढ्न मद्दत गर्छ। गर्भवती र सुत्केरी महिलालाई स्वस्थ राख्न महँगा र बाहिरी खानेकुरा अनिवार्य हुँदैनन्। घरमै उपलब्ध रैथाने खानाबाट पनि महिलालाई स्वस्थ राख्न सकिन्छ, र तीमध्ये मेथी एक प्रभावकारी विकल्प हो।

गर्भवती महिलामा कब्जियत सामान्य समस्या हो। बाहिरका औषधि किन्नुभन्दा भिजाएर टुसा उमारेको मेथीको सलाद बनाएर खानु उत्तम हुन्छ । मेथीमा रहेको लौह तत्वले रगत बढाउन मद्दत गर्छ, र सलादमा कागती हालेपछि उक्त लौह तत्व शरीरमा अझ राम्रोसँग शोषण हुन्छ ।

भिटामिन 'ए' ले भरिएको मेथीको साग बालबालिकालाई खुवाउँदा उनीहरूको आँखा र छाला स्वस्थ हुनुका साथै रोगसँग लड्ने शक्ति पनि बढ्छ ।

मेथीको सागलाई मसिनो पारेर पिठो मुछ्दा हालेर पराठा बनाउन सकिन्छ। स्कुल जाने नानीलाई बिस्कुट र चाउचाउजस्ता अस्वस्थकर खाजाको सट्टा यस्तो साग मिसाएर बनाएको रोटी र तरकारी दिन सके अझ धेरै फाइदा पुग्छ ।

*-डा. अरूणा उप्रेती*

### नेपाली सेनाका क्याप्टेन डा. प्रणय राणाको चिनारी



१) सामाजिक व्यक्तित्व डा. प्रणय राणा विगतको माओवादी द्वन्द्वका समयमा समेत खटिएका र नेपाली सेनाका स्वेच्छाले अवकाशप्राप्त अधिकृत हुन् । अवकाश पश्चात अमेरिका गएर पीएचडी सम्पन्न गरेपछि पुनः नेपाल फर्किएर सामाजिक क्षेत्रमा सक्रिय छन् । साथै डा. राणा विभिन्न कलेज तथा शिक्षण संस्थाहरूमा समेत अध्यापन गर्दै आएका छन् ।

२) हाल उनी राजनीतिमा सक्रिय रहेको र काठमाडौं क्षेत्र नं. ५ बाट प्रतिनिधिसभाका लागि प्रत्यक्ष उम्मेदवार बन्ने तयारीमा रहेका छन् ।



३) उनी कुँवर-राणा परिवारका सदस्य तथा काजी बालनरसिंह कुँवरका वंशज हुन् । बालनरसिंह कुँवरका छोरा प्रधानसेनापति धिरशम्शेर राणाका १७ भाइ छोरामध्ये सामाजिक सुधारक प्रधानमन्त्री श्री ३ देवशम्शेर राणा प्रमुख रूपमा समेत परिचित छन् । देवशम्शेरका छोरा जनरल लवशम्शेर, उनका छोरा ढुण्डिराज शम्शेर राणा र ढुण्डिराजका छोरा कर्नेल दिलीपशम्शेर राणाका पुत्र हुन्- समाजसेवी डा. प्रणय राणा ।

४) मैले नेपाली सेनाबाट अवकाशप्राप्त अधिकारीहरूको तथा आगामी सांसद चुनावका उम्मेदवारहरूको परिचय दिने अभियान निरन्तर रूपमा जारी राख्ने कोसिस गर्दैछु। समाजसेवी डा. प्रणय राणालाई सफलताका लागि हार्दिक शुभकामना ।

*-प्रेम सिंह बस्न्यात*

### कानमा तेल राख्नु हुन्छ कि हुन्न ?



हामी दिनहुँ दाँत माझ्छौं, कपालमा तेल लगाउँछौं-कोर्छौं, आँखाको पनि हेरचाह गर्छौं तर कानलाई बेवास्ता गर्छौं । कान लगभग उपेक्षित जस्तै रहन्छ. कान केवल आवाज सुन्ने माध्यम होइन, शरीरको सन्तुलन कायम राख्ने महत्त्वपूर्ण अङ्ग पनि हो ।

आज हामी चर्को ध्वनि प्रदूषण, घण्टौं इयरफोन र तनावपूर्ण जीवनशैलीमा बाँचेका छौं । यसले कानमा अनेक समस्या ल्याएको छ, तर हाम्रो भ्रम अझै उस्तै छ, "कान आफै सफा हुन्छ, केही गर्नु पर्दैन ।"

कर्ण पूरण (कानमा तेल राख्नु) कुनै अन्धविश्वास नभएर न्यूरोलोजिकल विज्ञान हो । आयुर्वेदको हजारौं वर्ष पुरानो यो अभ्यास आज झन् सान्दर्भिक स्वास्थ्य-लगानी बनेको छ। प्राकृतिक पोषण-सन्तुलन र आयुर्वेदका अनुसार कान 'वात' दोषको मुख्य स्थान भएकोले तेलले कानको भित्री पत्रलाई स्नेहन (lगदचष्अबतष्यल) प्रदान गरी वात दोषलाई शान्त पार्छ । यसले कान र मस्तिष्कलाई जोड्ने स्नायु प्रणालीको भ्यागस नर्भलाई शान्त पारेर अनिद्रा, टाउको दुख्ने, टिनिटस (कान बज्ने) र मानसिक तनाव मात्र कम गर्दैन मस्तिष्क, नाक, घाँटी र मुखका अरूपनि कैयौं समस्यामा फाइदा गर्छ ।

कानेगुजीलाई "फोहोर" भन्ने हाम्रो भ्रम छ तर आधुनिक चिकित्साले समेत यसलाई स्वयम् एन्टिमाइक्रोबियल र एन्टिफङ्गल गुणले भरिएको कानको प्राकृतिक ढाल वा सुरक्षा कवच मान्छ । कानेगुजी कडाभई जमेर समस्या भएमा बेलाबेला ३-४ थोपा तिल वा जैतुनको मनतातो तेल राख्दा कानेगुजी नरम भएर स्वाभाविक रूपमा आफै बाहिर निस्किन्छ. सिन्का, छेस्को, कटन बड्स र कन्कर्नो घुसार्न र कानको जालीमा झुक्किएर हुने क्षति निम्त्याउनै पर्दैन ।

तर ख्याल गर्नुपर्ने कुरा यत्ति हो कि, कानमा सङ्क्रमण भई पिप बग्ने र कानको जाली च्यातिएको वा प्वाल परेको अवस्था छ भने तेल राख्नु हुँदैन, झन् नोक्सान हुन सक्छ ।

यसरी कर्ण पूरण त्रिविध अर्थात् शारीरिक मात्र होइन मानसिक र सामाजिक स्वास्थ्यसङ्ग पनि जोडिएको राम्रो अभ्यास हो । श्रवण स्वास्थ्यको महत्व बुझेर हामीले कानलाई पनि आँखा र कपालजस्तै आफ्नो दैनिकीमा स्थान दिन नभुलौं है ।

*-बाबुलाल भण्डारी*

## रंग विरंग

### युरोपमा १४ हजार वर्ष पुरानो जंगल भेटियो



*सन् २०२६ जनवरीको पहिलो सातामा युरोपको अल्प्स पर्वत क्षेत्रबाट एक अनौठो तथा ऐतिहासिक प्रकृति-सम्बन्धी खोज सार्वजनिक भयो । स्विजरल्याण्डका जलवायु वैज्ञानिकहरूले बर्फको ५० मिटर गहिराइमा १४, हजार वर्ष पुरानो 'जमेको जंगल' भेटिएको पुष्टि गरे ।*

*यो जंगल अन्तिम हिमयुग (Last Ice Age) समाप्त हुनै लाग्दा रहेको भू-परिस्थितिको प्रत्यक्ष प्रमाण हो । रूखका ठूंगा, शाखा, बोक्रा, अझै बोटका पातका दाग समेत अत्यन्तै राम्रो अवस्थामा भेटिए-कसैले ताजा काटेको जस्तै । बर्फले अक्सिजन प्रवेश रोकेको कारण किनारिलो रूपमा संरक्षित रहन सफल भएको बताइयो ।*

*सबैभन्दा रोचक पक्ष-यो क्षेत्र अहिले समुद्री सतहबाट २,००० मिटर उचाइमा छ, जहाँ आज कुनै जंगल छैन । यसले हजारौं वर्षअघिको पृथ्वीको चरम जलवायु परिवर्तन पुष्टि गर्छ। वैज्ञानिकहरूले अब नमुनाको कार्बन-मापन, पराग तथा किटाणु संरचना विश्लेषण गर्दैछन् । यस खोजलाई सन् २०२६ को प्रारम्भमै विश्वको सर्वाधिक महत्वपूर्ण Paleo-Climate Discovery मानिएको छ ।*

### चीनद्वारा भूमिगत दोस्रो विश्वको खोजी



*सन् २०२६ जनवरीको पहिलो सातामा चीनको ग्वाङ्सी क्षेत्रमा भूविज्ञान अनुसन्धानकर्ताहरूले एक यस्तो प्राकृतिक चमत्कार पत्ता लगाए, जसले विश्व वैज्ञानिक समुदायलाई चकित बनायो । भूमिगत रूपमा करिब १,००० मिटर गहिराइमा फैलिएको एक विशाल मेगा-गुफा प्रणाली भेटिएको घोषणा चीन भूविज्ञान मन्त्रालयले सार्वजनिक गरेको हो ।*

*यस मेगा गुफाको सबैभन्दा अनौठो विशेषता भनेको–भित्रै आफ्नै मौसम प्रणाली हुनु हो । वैज्ञानिकहरूले गुफाभित्र कुहिरो, बादल, स्थिर हावा-चाप तथा सूक्ष्म पानीका थोपा बन्ने प्रक्रिया प्रत्यक्ष देखेको बताएका छन् । तापक्रम सतहभन्दा स्थिर-१७ देखि १८ डिग्री-र आर्द्रता ८० प्रतिशत भन्दा बढी मापन गरियो ।*

*गुफाभित्र केही बिरुवाजस्ता संरचना, दुर्लभ ढुसी (fungi) तथा अँध्यारो वातावरणमा अनुकूलित कीराबीउँ(बिउ (बीउ/अण्डा/लार्भा) भएका जीव पाइएको छ । गुफाका क्याम्बरहरू १० तले भवन बराबर अग्ला छन्, र केही भाग ३० किमी भन्दा लामो हुनसक्ने अनुमान गरिएको छ ।*

*वैज्ञानिकहरूले यसलाई "पृथ्वीभित्रको दोस्रो पृथ्वी" नाम यसको अनौठोपनका कारण दिएका छन् । उनीहरूको अनुमान अनुसार, यो गुफा अन्तिम हिमयुग समाप्त भएपछि बनेको प्राकृतिक वातावरणको जीवित प्रमाण हुनसक्छ ।*

*यो खोजले पृथ्वीको भू-इतिहास, जलचक्र र वातावरणीय रूपान्तरण अध्ययनमा नयाँ ढोका खोलिदिएको छ । विश्वका विभिन्न अनुसन्धान संस्थाहरूले संयुक्त अन्वेषणको तयारी थालेको बताका छन् ।*

### नयाँ युग : जापानको नयाँ सौर्य चमत्कार

*सन् २०२६ जनवरीको पहिलो हप्तामा जापानको टोकियो-टेक अनुसन्धान संस्थाले एक क्रान्तिकारी ऊर्जा प्रविधिको सफल परीक्षण गरेको पुष्टि गर्‍यो-हावाहीन (Vacuum-Sealed) सौर्य प्यानल । यो प्रविधिले सामान्य सौर्य प्यानलभन्दा २.८ देखि ३ गुणासम्म अधिक ऊर्जा उत्पादन गर्न सक्षम भएको परीक्षण परिणामले देखाएको दावी गरिएको छ ।*

*यस प्यानलमा पारदर्शी तर अत्यन्त पातलो च्याम्बर राखिन्छ, जसको भित्री*



*भाग पूर्णरूपमा हावामुक्त (vacuum) हुन्छ । हावा नभएकाले सूर्यका किरणहरू बिनाअवरोध लक्ष्यित सतहमा पुग्छन्, जसले ऊर्जा रूपान्तरण क्षमतामा ठूलो वृद्धि गर्छ ।*

*७ दिने परीक्षणमा-*

*सामान्य प्यानलले ४.२ kWh ऊर्जा उत्पादन गर्‍यो ।*

*नयाँ प्यानलले ११.६ kWh ऊर्जा दियो ।*

*धुलो, चिसो, बादल तथा धुवाँ हुने देशहरूका लागि यो प्रविधि निकै प्रभावकारी हुने वैज्ञानिकहरूको ठहर छ । जापानको ऊर्जा मन्त्रालयले यस प्रविधिलाई सन् २०२९ भित्रै व्यावसायिक उत्पादनमा ल्याउने लक्ष्य सार्वजनिक गरेको छ । ऊर्जा विशेषज्ञहरूले यसलाई "सौर्य संसारको नयाँ युग" को संकेत भनेका छन् ।*

# साढे तीन वर्षमा प्रहरीमा पाँचजना आईजीपी
## दरबन्दी थप, प्रहरीका १० एसपी बढुवा

● साँघु संवाददाता

**काठमाडौं । सरकारले नेपाल प्रहरीमा एसएसपी, एसपी र डीएसपीका तीन– तीन दरबन्दी थप गरेको छ । त्यस्तै, प्रहरी निरीक्षकमा पनि ६ जनाको दरबन्दी थप गरिएको छ । ०८२ पुस २१ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) स्वीकृत गरी नयाँ दरबन्दी मिलान गरेको बताइन्छ । थपिएको एसएसपीको तीन पदमा प्रहरी महानिरीक्षकको सचिवालय, सीआईबी र कानून महाशाखामा राखिएको छ ।**

प्रहरीको केनाइल शाखा र सवारी महाशाखाका दुई एसएसपीको दरबन्दी कटौती गरी जनपथ प्रहरीतर्फ थप गरिएको छ। अब केनाइल शाखा र सवारी महाशाखामा प्राविधिक एसपी मात्रै प्रमुख रहने भएका छन् । त्यस्तै, संगठनमा एसपीको तीन दरबन्दी थप र एक स्थानान्तरण गरिएको छ । प्रहरी महानिरीक्षकको सचिवालय, सीआईबी र प्रहरी अस्पतालमा एसपीको दरबन्दी थप गरिएको बताइन्छ ।

सिंहदरबार गणमा पनि एसपीको दरबन्दी थप गरिने भएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको एसपीको पदलाई स्थानान्तरण गरी सिंहदरबार गणमा राख्न लागिएको गृह स्रोत बताउँछ । सो गणमा हाल डीएसपी इन्चार्ज रहँदै आएका थिए । शुद्धीकरण अनुसन्धान विभागको दरबन्दी केन्द्रीय अनुसन्धान व्युरोको पिल्लर नं २ मा मिलान गर्न लागिएको छ । अब सोही पिल्लरबाट विभागमा जनशक्ति खटिने संगठन स्रोत बताउँछ। सम्पत्ति शुद्धीकरणका मुद्दा बिभिन्न २४ वटा सरकारी निकायले हेर्ने भएपछि विभागमा उजुरीको चाप स्वत कम भएको बताइन्छ ।

**एकै प्रकृतिका कार्यालय गाभिने**

एकै प्रकृतिका शुद्धीकरण र राजस्व अनुसन्धान विभाग आपसमा गाभ्ने र राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरणका मुद्दाको छानबिन अनुसन्धान गरी अभियोग दर्ता गर्ने एउटै निकाय बनाउन छलफल चल्दै आएको स्रोत बताउछ । त्यही भएर प्रहरीको त्यहाँको जनशक्ति ठुला संगठित अपराध हेर्ने केन्द्रीय अनुसन्धान व्युरोमा गाभ्न लागिएको गृह स्रोतको भनाई रहेको छ। सीआईबी, प्रहरीको कानून महाशाखा र अन्वेषण महाशाखामा डीएसपीको एक-एक दरबन्दी थप भएको छ ।

इन्सपेक्टरका ६ दरबन्दी पनि यिनै निकायमा थप गर्ने तयारी संगठनले गरेको छ । प्रहरी अस्पतालमा तल्लो पद कटौती गरी चिकित्सक प्राविधिक एसपीका ८ दरबन्दी थप गरिएको छ । प्राविधिक र प्रशासनतर्फ गरेर समग्रमा एसपीको ११ दरबन्दी थप गरिएको बताइन्छ । उता,




**सरकारले संगठनको मनोबल बढाउने गरी यस्तो अवस्थामा सरूवा, बढुवा, पदस्थापन, सन्तुलित ढंगले सुव्यवस्थित रुपमा परिचालन समयमा गर्न नसकेको गुनासाहरु आइरहेका छन् । अझ एसएसपीका १० पद रिक्त भएको करिब तीन महिना बितिसकेको छ । त्यति हुँदासमेत प्रहरी संगठनका साथै गृह मन्त्रालयको नेतृत्वको यी रिक्त एसएसपी पदमा बढुवामा खासै चासो देखाएको थिएन ।**

जेनजी आन्दोलनकाक्रममा नेपाल प्रहरी संगठनका कर्मचारीहरुमाथि कुटपिट, हातहतियार लुट्ने, पोशाक लुट्ने, प्रहरी इकाइका भवन जलाइएको, सम्पत्ति लुट्नुका साथै तीनजना कर्मचारीको हत्या गरेपछि व्यक्तिगत मनोबल निकै खस्किएको अवस्था छ ।

सरकारले संगठनको मनोबल बढाउने गरी यस्तो अवस्थामा सरूवा, बढुवा, पदस्थापन, सन्तुलित ढंगले सुव्यवस्थित रुपमा परिचालन समयमा गर्न नसकेको गुनासाहरु आइरहेका छन्। अझ एसएसपीका १० पद रिक्त भएको करिब तीन महिना बितिसकेको छ । त्यति हुँदासमेत प्रहरी संगठनका साथै गृह मन्त्रालयको नेतृत्वको यी रिक्त एसएसपी पदमा बढुवामा खासै चासो देखाएको थिएन ।

बाराम्बार परिवर्तन भइरहने आइजीपी, सचिव, मन्त्री, प्रधानमन्त्री र सरकारको नेतृत्वका कारण पनि प्रहरी संगठनमा सरूवा-वढुवा, पदस्थापन र परिचालनमा सुशासनको थिति बस्न नसकेको जनगुनासाहरु बढेका छन् । हरेक सरकारका कार्यकालमा प्रहरी संगठनलाई सचिव, मन्त्री र प्रधानमन्त्रीहरूले आफू अनुकूल परिचालन गर्दै आएका छन् । त्यसैको असन्तुष्टि, गुनासोलगायतको परिणाम २०८२ भदौ २३ को विद्रोहका कारण हत्या र दमन भएको बताइन्छ । भदौ २४ गते सरकारले कर्फ्यू लगाउँदासमेत आन्दोलनकारीले उल्लंघन गर्दै प्रहरी कार्यालयहरूमा तोडफोड, आगजनी, लुटपाट गरेका थिए ।

सो आन्दोलनमा परेर कूल ७६ जना नागरिकको ज्यान गएको दावी गरिएको छ । प्रहरीलाई भिड नियन्त्रणका लागि सरकारले पर्याप्त स्रोत साधन र जनशक्तिको व्यवस्था गरेको थिएन । त्यस्तो स्रोत साधनविहीन प्रहरी फोर्सले अति दर्दनाक अवस्था भोग्नु परेको भनाईहरु सार्वजनिक रुपमा बाहिर आएका थिए ।

**नेपाल प्रहरी भन्दा सशस्त्र व्यवस्थित**

सशस्त्र प्रहरी वलमा विगत साँढे तीन वर्षदेखि राजु अर्याल आईजीपी भूमिकामा कार्यरत छन् । उक्त संगठनमा राजनीतिक हस्तक्षेप अन्यत्रभन्दा कम भएको कारणले पनि २०७९ बैशाखदेखि एकैजनाले सुव्यवस्थित रुपमा सशस्त्र प्रहरी संगठनको नेतृत्व गर्न सफल छन्। आइजीपी अर्याल अझ २०८३ बैशाख १९ गतेसम्म पदमा बहाल रहने बताइन्छ। तर, नेपाल प्रहरीमा भने अर्यालसँगै २०७९ बैशाखमा धिरजप्रताप सिंह आईजीपी नियुक्त भएका थिए ।

सिंहले एक वर्षमात्र संगठनको नेतृत्व गर्न पाए। उनको अवकाससँगै वसन्तबहादुर कुँवरले संगठनमा आईजीपीको नेतृत्व गर्ने अवसर प्राप्त गरेका थिए। उनी अवकासमा गएसँगै २०८१ चैत्र ५ गते दीपक थापाले संगठनको नेतृत्व गरेका थिए । थापाले ५ महिना संगठनको नेतृत्व गर्न नपाउँदै अवकाशमा गएको बताइन्छ । त्यसपछि २०८२ भदौ २४ गते चन्द्रकुबेर खापुङले संगठनको नेतृत्व गर्ने अवसर पाएको र २०८२ साल कार्तिक २६ गते उनी अवकास भए । त्यसपछि भने ०८२ कार्तिक २७ गतेदेखि नेपाल प्रहरीको कमाण्ड दानबहादुर कार्कीले संहाल्दै आएका छन् ।

साँढे तीन वर्षको अवधिमा नेपाल प्रहरी फोर्समा पाँच जना आईजीपी फेरबदल भइसकेका छन्। यसरी छिटोछोटो अवधिका लागि आईजीपी नियुक्ति र अवकास हुँदा संगठनमा बेथितिहरु बढेको गुनासाहरुसमेत बाहिर आउने गरेका छन् । यही कारण सरूवा, बढुवा, पदस्थापन र परिचालन, अपराध नियन्त्रण र रोकथाममा प्रहरीले दीर्घकालीन सुधार र प्रभाव पार्ने नीति-नियम बन्न सकिरहेको छैन ।

तत्कालीन नाफा-घाटा हेरेर, गृह सचिव, गृह मन्त्री र प्रधानमन्त्रीले जे भन्यो त्यही मानेर काम गर्दा फोर्स भुत्ते हुँदै गएको चर्चासमेत चल्ने नगरेका होइनन् । अझ समयमा सरूवा-बढुवा र पदस्थापन जाम भएर बस्दा संगठनले गतिलिन नसकेका कारण प्रहरी फोर्समा बेतिथिहरु थप मौलाएको बताइन्छ । जसले संगठनभित्र सुशासन र थिति बस्न नसकेको सुरक्षाविज्ञहरु बताउँछ ।

# कर्मचारीका यी मागलाई सरकारले पूरा गर्ला ?

साँघु संवाददाता

काठमाडौं । नेकपा एमालेनिकट नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमितिको तेस्रो बैठक २०८२ पौष १९ र २० गते सम्पन्न भएको छ । बैठकले संगठनको गतिशील जीवनलाई व्यवस्थित गर्न महासचिव रामचन्द्र अधिकारीद्वारा सांगठनिक र कोषाध्यक्ष यामकुमारी सापकोटाद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सुझावसहित सर्वसम्मत रूपमा पारि तसमेत गरेको छ । बैठकले सार्वजनिक प्रशासनमा सेवा प्रवाह, पारदर्शीता, जवाफदेहिता र प्रभावकारितामाथि जोड दिएको छ । सो बैठकमा संगठनका १६ केन्द्रीय विभागहरु, ८ प्रदेश र १ सय १७ वटा जिल्ला/विभागीय कार्यसमितिको तर्फबाट दोस्रो बैठक पश्चात सम्पन्न गतिविधिको बारेमा समिक्षासमेत गरिएको बताइन्छ ।

केन्द्रीय समितिले सदस्यता नवीकरण तथा विस्तार, सेवा प्रवाहमा आएका समस्यालगायतका विषयमा रिपोर्टिङ प्रस्तुत गरिएको संगठन स्रोतले जानकारी दिएको छ । बैठकले समसामयिक तथा विविध विषयका निर्णयहरू पारित गर्दै सम्पन्न सार्वजनिकसमेत गरेको छ । संगठनले केन्द्रिय समिति बैठकद्वारा पारित समसामयिक र बिबिध सवालमा गर्नुपर्ने सुधारका सावलमासमेत नेपाल सरकारको ध्यानाकर्षण गरेको छ । जसमा संघीय, प्रदेश र स्थानिय सेवा ऐन तत्काल जारी गर्नका लागि सरकारसँग माग गरेको छ ।

यसैगरी, राष्ट्रियस्तरका ट्रेड युनियनले दिएका साझा सुझावसहित स्वास्थ्य सेवा र संसद सेवालाई निजामती सेवामा समावेश गरी संघीय निजामती सेवा ऐन जारी गर्दै, संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई निजामती सेवाको परिभाषामा समेटी एकरुपता कायम गर्न बैठकले माग गरेको छ। कुनैपनि पदमा लगातार ५ वर्ष सेवा गरेको कर्मचारीलाई एक तह र १० वर्ष सेवा गरेको कर्मचारीलाई एक श्रेणी बढुवा गरी तह मिलान गर्नपनि बैठकले जोडदार रुपमा माग गरेको छ ।

उता, अन्तरतह, अन्तर प्रदेश, अन्तर स्थानीय तह कर्मचारीहरुको सरुवाको व्यवस्थासहित वैज्ञानिक, चक्रिय र पूर्वानुमान योग्य सरुवा व्यवस्था, तीनै तहका सरकारमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाइ ट्रेड युनियन अधिकारको ग्यारेण्टी, आधिकारीक ट्रेड युनियन गठन, निर्वाचनमा भाग लिन, वार्ता, सम्वाद, सौदावाजीमा सहभागी हुन पाउने व्यवस्था मिलाउन पनि माग गरेको छ । कर्मचारीसँग सम्बन्धित निकायहरु निजामती कर्मचारी अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता कर्मचारीका सरोकावाला निकायहरुमा ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्नसमेत बैठकले निर्णय गरी जोडदार माग गरेको छ ।

सकारात्मक विभेद तथा आरक्षण कोटाको व्यवस्था भएतापनि इलाइट क्याप्चर भएकोले ऐनको भावनाअनुसार विषयगत कानूनमा लक्षित वर्गलाईसमेत वैज्ञानिक तथा यथार्थपरक उपविभाजन गर्नुपर्ने बैठकको ठहर छ। तर, यस्तो उपविभाजनमा न्यूनतम मापदण्डमासमेत जनशक्ति प्राप्त नभएमा खुल्लाबाट नियुक्त गर्न बाधा नपर्ने व्यवस्था मिलाउन भनिएको छ । जसको प्रयोग एकै व्यक्तिले राजपत्र अनंकित र राजपत्रांकित तहमा एक एकपटक मात्र आरक्षण उपयोग गर्न पाउने व्यवस्थाको लागि पहल गर्नका लागि सरकारसमक्ष माग राखेको छ ।

संबिधानको धारा १५५ र धारा १६१ बमोजिमका क्रमश न्याय सेवा र सरकारी वकिलका कर्मचारीहरुको पारिश्रामिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी संघीय ऐन जारी, अदालतको कार्यबोझ र कार्य प्रकृतिअनुसार न्यायपालिकामा जनशत्तिहरुको आवश्यकता पहिचान र दरबन्दी पुनरावलोकन गर्न अविलम्ब संगठन तथा ब्यवस्थापन सर्भेक्षण गर्न बैठकद्वारा पारित निर्णयमा भनिएको छ । त्यसैगरी, बैठकले पारित गरिएको प्रस्तावमा कर्मचारी गुनासो तथा व्यवस्थापन तत्काल पूरा गर्न भनिएको छ ।

साविकको स्थानीय निकाय, दुर्गम क्षेत्र विकास, घरेलु विकास, जिल्ला विकास समितिलगायतका निकायबाट समायोजन भएका र प्रदेश कानुन बमोजिम नियुक्ति भइ स्थानीय तहमा कार्यरत कर्मचारीहरुको उपदानको सुनिश्चितताको लागि माग गरिएको छ । प्रदेशस्तरमा एकिकृत उपदान कोष स्थापना गरी कर्मचारीहरुलाई उपदान उपलब्ध गराउने ब्यबस्था मिलाउन बैठकले जोडदार माग गर्ने पारित गरेको छ। उपसचिव भन्दा माथिल्लो पद नभएका विविध सेवा, अधिकृत भन्दा माथिल्लो पद नभएका कम्प्युटर अधिकृतहरुको निश्चित अवधिको आधारमा विशेष दरबन्दी सिर्जना गरी बढुवा हुने अवसर प्रदान गरी वृत्ति विकासको व्यवस्था गर्न बैठकले जोडदार माग गरेको छ ।

उपसचिव तथा सहसचिवहरुको लोकसेवाको परीक्षा प्रदेशको राजधानीमा केन्द्र संचालन गर्ने व्यवस्था, योग्यता पुगेका अस्थायी र करारमा कार्यरत कर्मचारीका लागि एकपटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोकसेवा आयोगबाट सीमित प्रतियोगिता गराई स्थायी गर्नका लागि पहल गर्न सरकारसँग आग्रह गरेको छ । करार सेवाका कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता मापदण्ड २०७८ मा सेवा निरन्तरता र अवकाश पछिको सुविधा अस्थायी कर्मचारीले पाउने सरह शुरु करार सम्झौता मितिदेखी लागु गर्न माग गरेको छ ।

बैठकले विदा, बिमा, निजामती अस्पतालमा पाउने निजामती कर्मचारी सरह सहुलियत र शिशु स्याहार केन्द्रमा बालबच्चाको हेरचाह गर्न पाउने सुविधा उपलब्ध गराउन सरकारसंग माग गर्ने निर्णय गरेको छ । हाल बिभिन्न मन्त्रालयहरुले मानव संशाधन योजना विना हचुवाको भरमा दरबन्दी कटौती गर्ने गरी भएका संगठन तथा व्यवस्थापन सर्भेक्षणप्रति संगठनको गम्भीर ध्यानाकर्षण भएको बताएको छ । यस प्रकारका कार्यहरु तत्काल रोक्न नेपाल सरकारसँग बैठकले जोडदार माग गर्नेलगायत निर्णयहरु गरिएको महासचिव रामचन्द्र अधिकारीले साँघु साप्ताहिक प्रतिनिधिलाई बताए ।

# सौर्य दैनिकमा प्रकाशित गाउँपालिकाको झुट्टा बोलपत्र काण्ड : स्थानीय तहमा गहिरिंदै कागजी भ्रष्टाचारको स्पष्ट चित्र !

● साँघु संवाददाता

**वीरगञ्ज । पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनको फन्दामा परेको छ । यस भ्रष्टाचार प्रकरणले स्थानीय तहमा बढ्दै गएको कागजी भ्रष्टाचारको स्वरूपलाई अत्यन्त स्पष्ट र गम्भीर रूपले उजागर गरेको छ । कागजमा सही प्रक्रिया देखाउने, तर व्यवहारमा केही पनि नघटेको–यही विसंगति यस घटनाको मूल थलनी हो ।**

गाउँपालिकाले ठेक्का प्रक्रिया अघि बढाउन आवश्यक सूचना राष्ट्रिय स्तरको सौर्य दैनिकमा प्रकाशन गरिएको झुठो दाबी गर्दै रकम भुक्तानी गरिसकेको अवस्थामा पत्रिका पक्षका आधिकारिक अभिलेखले भने त्यस दिन कुनै सूचना नै नछापिएको पुष्टि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरिदिएको छ । यही भिन्नताले सम्पूर्ण प्रकरणलाई अख्तियारले एक गम्भीर भ्रष्टाचारको नमुना केसका रूपमा प्रस्तुत गरेको हो ।

छिपहरमाई गाउँपालिका अध्यक्ष मनोज कुमारदेखि प्रमुख प्रशासकीय अधिकृत, लेखापाल र विज्ञापन एजेन्सीसम्मको मिलेमतोले सार्वजनिक रकम बोक्ने कागज मात्र बनाइयो, तर बोलपत्र सूचना भने कुनै पत्रिकामा देखा परेन । बोलपत्र आव्हानका लागि गाउँपालिकाले २०७९ साल पुस १७ र फागुन १९ मा सूचना सौर्य दैनिकमा प्रकाशित गरियो भनिएको थियो । तर, अख्तियारले प्रेस काउन्सिल नेपालबाट प्राप्त प्रमाणित हार्डकपी, पीडीएफ अभिलेख र सौर्य दैनिकको आधिकारिक प्रतिलिपि जाँच्दा उक्त मितिहरूमा छिपहरमाई गाउँपालिकासम्बन्धी कुनै पनि सूचना पनि नदेखिएको ठोस प्रमाण पाएको छ । कागजमा सूचना प्रकाशन भइसकेको देखाउने तर वास्तविक पत्रिकामा नदेखिनु स्वयंमा योजनाबद्ध छल, मिलेमतो र सार्वजनिक स्रोतको दुरुपयोगको संकेत अख्तियारले मानेको छ ।

यो प्रकरणको अर्को गम्भीर पक्ष भनेको बोलपत्र प्रकाशनका लागि आवश्यक सम्पूर्ण पत्राचार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतमार्फत होइन, स्वयं अध्यक्षले नै गरेको हो । स्थानीय शासन प्रणालीले बोलपत्र, खरिद र सूचना प्रकाशनप्रक्रिया कर्मचारीमार्फत गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । तर यस मामलामा अध्यक्षले टिप्पणी आदेशदेखि पत्राचारसम्म सबै कार्य आफैँले गर्दै प्रक्रिया-व्यवस्थालाई एकातिर धकेलिदिए । यसले प्रक्रिया उल्लङ्घन भयो मात्र होइन, उद्देश्यपूर्ण रूपमा कर्मचारी प्रणाली पाखा लगाएको देखिन्छ । यसरी व्यक्तिको हातमा प्रक्रिया केन्द्रित हुने हो भने जनप्रतिनिधि, कर्मचारी र बाह्य व्यवसायीबीचको मिलेमतो सहज रूपमा बलियो बन्छ, जसबाट भ्रष्टाचारका नयाँ मोडेल जन्मिन्छन् ।

विज्ञापन एजेन्सी के.एस. मल्टिपर्पोज प्रा.लिले छापिएको छैन भन्ने कुरा प्रष्टकै थाहा हुँदाहुँदै सूचना छापिएको भनी गाउँपालिकामा आधिकारिक जानकारी



गाउँपालिकाका मनोज कुमार र पूर्व प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्रप्रसाद साह

पठाएको देखिन्छ । यही प्रतिवेदनका आधारमा गाउँपालिकाबाट नक्कली आधारमा सक्कली रुपमा रु. ४,२९,४०० भुक्तानी गरिएको छ। विज्ञापन एजेन्सीको भूमिका यस प्रकरणमा सहमतिपूर्ण मात्र होइन, सक्रिय देखिन्छ-किनकि सूचना नछापिएको अवस्थामा पनि थोरै रकमको लोभमा छापिएको भनी जानकारी पठाउनु कुनै सामान्य त्रुटि वा गल्ती होइन, यो योजनाबद्ध आर्थिक अनियमितताको प्रत्यक्ष हिस्सा हो । रकम रु. ४ लाख २९ हजार भएतापनि सार्वजनिक रकम भुक्तानी गराएर व्यक्तिहरूले लाभ पाएका छन् भने यो केवल आर्थिक हानी मात्रै होइन, प्रणालीको विश्वासनीयतामा प्रहार पनि हो ।

रु. ४ लाख २९ हजार रकम बाँडीचुँडी खान लोभ गर्दा जनप्रतिनिधि र कर्मचारीहरुको जागिर गएको छ भने भविष्य समेतमा कालो दाग लाग्ना पुगेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यक्ष मनोज कुमार, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र प्रसाद साह, लेखापाल संजय पटेल र विज्ञापन एजेन्सीका सञ्चालक कमल कुमार उपाध्यायलाई प्रतिवादी बनाउँदै भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार विशेष अदालतमा २०८२ पुस २३ गते आरोपपत्र दायर गरेको छ । आयोगले बिगो बराबरको जरिवाना, कैद सजाय, बिगो असुल र अध्यक्षमाथि थप सजायसमेत माग गरेको छ। एजेन्सीका सञ्चालकलाई पनि मुख्य कसुरदार सरह सजाय माग गरिएको छ । यसले अख्तियार अब 'ठूलो-ठूलो' मात्र होइन, 'कागजी' भनिने स्थानीय तहको मौन भ्रष्टाचारमाथि पनि उत्तिकै कठोर निगरानी राख्दैछ भन्ने स्पष्ट संकेत दिन्छ ।

स्थानीय तहमा बजेट बढेको, अधिकार बढेको र योजनाहरूको मात्रा बढेको आजको परिस्थितिमा यस्ता प्रकरण सामान्य छैनन्-यी संरचनागत दीर्घ रोगका लक्षण हुन् । संघीयताले दिएको अधिकार र जनसरोकारका योजनाहरूको साइज बढेको छ तर स्थानीय शासन प्रणालीलाई सुदृढ बनाउने काम त्यति तीव्रताका साथ भएको छैन । सूचना व्यवस्थापन डिजिटल नभएको, अभिलेखको प्रमाणीकरण स्वत:प्रणालीमा नजोडिएको, कर्मचारी क्षमताको विकासमा कमी र ठेक्का व्यवस्थापनमा पारदर्शिता नहुनु-यी सबै कमजोरीहरूको परिणाम कागजी भ्रष्टाचारको रूपमै प्रकट हुन्छ ।

छिपहरमाई प्रकरणले देखाएको सबैभन्दा ठूलो खतरा भनेको भ्रष्टाचार अब केवल ठेक्का-कार्टेल, ढिलासुस्ती, ओभर-कास्टिङ वा गुणस्तरहीन काममै सीमित छैन, यो अब 'सूचना-छल' जस्तो मौन र गहिरो तहमा पसिसकेको छ । सूचना छापिएन भने प्रतिष्पर्धी ठेकेदारले बोलपत्र थाहा नै पाउँदैनन्, योजना मनपरी व्यक्तिले पाउँछन् र सार्वजनिक सेवा डामाडोल हुन्छ । यो घटना स्थानीय शासनको आधारभूत संरचना– सूचना पारदर्शिता-मै आघात पुऱ्याउने घटना हो ।

अन्ततः छिपहरमाई प्रकरण केवल एक गाउँपालिकाको अनियमितता होइन, यो स्थानीय तहमा कागजी भ्रष्टाचार कत्तिको सहज, कत्तिको सुनियोजित र कत्तिको बेखबर तरिकाले भइरहेको छ भन्ने गम्भीर चेतावनी हो। यसले सबै तहमा प्रणाली सुधारको आवश्यकता जोडले उठाउँछ-सूचना प्रकाशन पूर्ण डिजिटल बनिनुपर्ने, पत्राचार स्वतः अभिलेखमा दर्ता हुने प्रणाली लागू गर्नुपर्ने, कर्मचारी र जनप्रतिनिधि बीचको अधिकार विभाजन स्पष्ट गरिनुपर्ने, विज्ञापन एजेन्सीहरूको नियमन कडाइका साथ हुनुपर्ने, र अख्तियार जस्तै संस्थाको निगरानी दायरा अझै व्यापक बनिनुपर्ने आवश्यकता स्पष्ट छ ।

आज छिपहरमाईमा मात्र देखिएको यो कागजी भ्रष्टाचार भोलि अन्य गाउँपालिका, नगरपालिका वा प्रदेश तहमा देखिन नसक्ने कुनै कारण छैन। यस्तो विकृति रोक्न सुधार तत्काल चाहिन्छ, अन्यथा 'सूचना नछापिँदासमेत छापिएको देखाएर रकम भुक्तानी गर्ने' प्रवृत्ति स्थानीय शासनको नयाँ पहिचान बन्ने जोखिम बढिरहेको छ । छिपहरमाई प्रकरणले उठाएको प्रश्न स्पष्ट छ-यदि सुचारु प्रणाली र पारदर्शितामा जोड नदिइने हो भने नेपालमा स्थानीय शासनको भविष्य कता जाँदैछ ?



# अर्थात् : जेमन्त



**– शरदराज गौतम –**

*जेन-जी उपद्रवले सबैभन्दा धेरै चोट पारेको*
*र, सबैभन्दा धेरै नोक्सान पुऱ्याएको भनेकै*
*नेपालको जेठो बुढो दललाई नै हो ।*
*यसकारण होइन कि सत्तामा आधा हिस्सा उसको थियो ।*
*यस कारण पनि, कि*
*नेपालको राजनैतिक परिवर्तनमा यसपटक ऊ चुकेको छ ।*
*मुलुकको राजनैतिक विकासक्रमलाई मिहिन गरि पढ्नेहरुले*
*जेन-जी उपद्रवमा कांग्रेसलाई सारथीसम्मको भूमिकामा नभेट्दा*
*अचम्ममा परेका छन् ।*
*राजनैतिक अध्येताका लागि यो अनौठो विषय भएको छ ।*
*नेपाली काँग्रेस नेपाली राजनीतिको रुपान्तरणमा फेच्चा भएको छ ।*
*खासमा, यसलाई नेपाली काँग्रेसले पाएको धक्का भन्दा पनि हुन्छ ।*
*नेपाली काँग्रेसभित्र अहिले विकसित घटनाक्रम र उथलपुथललाई*
*पार्टीको आन्तरिक जीवनको दोहोरिरहने घटना*
*वा नियमित आकस्मिकता मानेर टार्न सकिएला ।*
*तर, नेपाली काँग्रेस जतिबेला घाइते हुन्छ*
*वा जतिबेला विग्रहित हुन्छ ।*
*बुझ्दा हुन्छ, नेपाली राजनीतिको दुर्घटना यतै कतै छ ।*
*र, निश्चित छ ।*
*दुर्घटना निश्चित भन्नुलाई नाङ्गो यथार्थ भन्नु*
*ठिक वा बेठिक यतिखेर यस्तो बहस झिकिरहनु*
*निरर्थक हो ।*
*तर, बुझिने कुरा के हो भने*
*आँखा अघिल्तिर दुर्घटना हुन गइरहेको छ ।*
*यतिखेर, राजनैतिक शास्त्रका अध्येताहरु*
*आफ्ना निष्कर्ष र ठम्याईहरुप्रति जिग्री देखिन्छन् ।*
*नेपाली काँग्रेसभित्रको नियमित आकस्मिकता*
*मुलुकको राजनैतिक लेखाको अनिष्ट नै हो ।*
*सिङ्गो मुलुकको निधारमा कोरिने दुर्भाग्य ।*
*कोदो रोपेर मकै उम्रिन्न भनेर*
*ओठ लोप्याउनु वा मुख मिठ्याउनु बेग्लै हो ।*
*पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धा र संघर्ष भन्नु पनि*
*पार्टीभित्रको आन्तरिक जीवनमा हुर्किएको*
*व्यभिचारतन्त्र लुकाउनु हो ।*
*पार्टीको शिर देखिन पाउसम्म*
*व्यभिचार संस्थागत छ र मान्यवर पनि ।*
*वि पि जान्दथे, पार्टी जीवनमा यो भित्रिन्छ भित्रिन्छ ।*
*त्यसैले उनले सबभन्दा पहिला आफूलाई निस्पृह राखे ।*
*सोह्र साल महेन्द्र राजाको एक्लो कारण भएकै थिएन ।*
*यदि महेन्द्रलाई कारण मान्ने हो भने*
*आठ साल र बाह्र सालका घटनाहरुसित*
*लोलो पोतो गर्नै मिल्दैन ।*
*देउवाको जिब्रो बोलीलाई दोषाएर हुन्न, मित्र ।*
*सिङ्गो पार्टीकै बोली र व्यवहार केलाएर हेर्दा हुन्छ ।*
*कतै अनाडीपन देखाएर, कतै असक्षमता देखाएर*
*कतै धोती लाएर कतै धोती फुकाएर*
*जुनसुकै बेला पनि नेपाली राजनीतिमा*
*संगठनको बलजोडमा आफ्नो अलडेब्रोपनलाई*
*क्रान्तिकारी जामा पहिऱ्याउने कोसिस गरिएको छ ।*
*अटिज्म स्वीकार्नु अटिज्मप्रति महानता देखाउनु हो ।*
*नेपाली काँग्रेस पार्टीभित्रको अटिज्म*
*अहिले मात्रै देखिएको नै होइन ।*
*नेपाली काँग्रेसभित्र बनिरहेको घटनाहरुलाई*
*नेपालका समकालीन परिस्थितिहरुमा राखेर*
*ऐतिहासिक प्रतिछायाँमा नहेर्ने हो भने*
*एउटा कुरा निश्चित छ,*
*दुर्घटना यतैकतै नजिकै छ ।*
*र, यो दुर्घटनाले मुलुकबासीलाई फेरि पनि*
*बहादुर र बुद्धु दुवै बनाउने निश्चित छ ।*
*ढुक्क भए हुन्छ ।*

## बाह्र दिनको...

अधिकारी हुन्छन्-तर त्यो उनीहरूको दायित्व, जिम्मेवारी र कर्तव्य हो । त्यसको श्रेय संस्थाले पाउनुपर्ने हो, व्यक्ति-पूजाबाट राजनीति बलियो बन्दैन । प्रचण्डले "जुन थालमा खायो, त्यहीँ प्वाल पारेर हिड्यो" भन्ने कटाक्ष गर्नुले माओवादी केन्द्रले पनि कुलमानको राजनीतिक उछाललाई 'दिगो प्रोजेक्ट' मान्दैन भन्ने स्पष्ट हुन्छ ।

**पुराना शक्तिको पुनःउभार र नयाँ शक्तिको क्षय**

उता नेपाली कांग्रेसभित्र विशेष महाधिवेशन, फुटको सम्भावना, र बलिया गुटबीचको टकराब-सबैले वर्तमान राजनीतिक समीकरणलाई तरल बनाइदिएको छ। यी सबैबीच राष्ट्रपति रामचन्द्र पौडेल र सभापति शेरबहादुर देउवाबीचको भेट राजनीतिक सन्देश बोकेको मानिन्छ। अहिलेको अवस्थाले के संकेत गर्छ भने-नयाँ शक्तिका 'सेलिब्रेटी-अनुहार'हरूको चमक ओझेल पर्न थालेको छ।

कुलमान एक्लै चुनावमा जाँदा एक-दुई सिट बाहेक केही सम्भावना छैन । सिद्धान्त र दीर्घकालीन योजना बिनाको बालेनको 'सेलीब्रेटी' राजनीतिक भविष्य पनि स्थिर छैन-कहाँबाट चुनाव लड्ने भन्नेमा बालेन शाह आफैँ अन्योलमा छन् ।

यी सबै प्रक्रियाले थप एउटा कुरा भने स्पष्ट पारेको छ-'नयाँ शक्ति' भन्ने मोह मुख्यतः पुराना दल र ती दलका प्रमुख नेताप्रतिको चरम असन्तुष्टि, आक्रोशको परिणाम हो, विकल्पको परिपक्व तयारी होइन। अस्थायी 'सेलीब्रेटी' र सामाजिक सञ्जालको तात्तोपनलाई वास्तविक भोट ठानेर गरिएको राजनीति विवेकशील-साझादेखि बाबुरामको नयाँ शक्तिसम्म असफल हुँदै आएको इतिहास नेपाली जनता सामु सुरक्षित छ । रवि-कुलमानको बाह्र दिने 'विवाह'(हनिमुन अवधि पनि नटिकेको) र त्यसकै छिटो 'सम्बन्ध विच्छेद'ले-नयाँ शक्तिको मिथकभन्दा पुराना दल(नसुध्रिएका नेता)हरूको संरचनागत बल अझै गहिरो छ भन्ने यथार्थ एकपटक फेरि उजागर गरिदियो ।

अन्ततः, निर्वाचन नजिकिँदै जाँदा-गाउँ-टोलसम्म संगठनको जरा गाडेका पुराना दलकै पल्ला भारीको अवस्था सिर्जना हुने संकेत देखिन थालेको छ। रास्वपा बाहेक अन्य नयाँ शक्तिको लहर भने खहरे खोलाको पानीझैं बगेर हराउने खतरा देखिन्छ ।

अब प्रश्न उठ्छ-यस्ता घटनाले नेपालको राजनीति र आगामी निर्वाचनमा के असर पार्दछ ? विश्लेषण गर्दा के देखिन्छ भने जुन प्रयासले नयाँ शक्ति र अनुहारहरूलाई एकै ठाउँमा लगि पुराना दल तथा नेताको पत्तासाफ गर्ने योजना थियो, त्यो योजना बिस्तारै तुहिने दृश्यहरु देखा पर्दैछन् । जति जति निर्वाचन नजिकिँदै जान्छ, त्यति पुराना दल र शक्तिहरू, जसको ग्रामीण तहसम्म संगठन र जनशक्ति छ, उनीहरूकै पल्ला भारी भइरहेको देखिन्छ ।

## कुलमान...

*आफ्ना समानुपातिक नामको सूची तिनै पार्टीसँग सहकार्य गरी मिलाउने प्रयास भएको हो । त्यो प्रयासलाई निर्वाचन आयोगले कसरी लिन्छ ? भन्ने मुख्य कुरा हो । आयोगले उक्त प्रयासलाई मान्यता दिएमा भने घिसिङको पार्टी राष्ट्रिय पार्टी बन्न सक्ने संभावना रहेको पनि विश्लेषण भइरहेको छ ।*

*उज्यालो नेपाल पार्टीका नेताहरुको विश्लेषण पनि त्यही देखिएको छ । त्यसो त, घिसिङको पार्टीमा बाबुराम भट्टराई, जनार्दन शर्मा, अशोक राईहरुको जोडिएको अवस्थामा केही मधेशी नेताहरु पनि जोडिने संभावना रहेको छ । त्यसमा अस्तित्वको संकटमा रहेका राजेन्द्र महतो पनि आउने तयारी गरेका छन् । त्यसैले, घिसिङ अहिले रास्वपामा व्यहोरेको क्षतिको पुर्ताल गर्ने प्रयासमा रहेको पनि नेताहरुले बताए । घिसिङको पार्टीमा महेन्द्र लावती, डेगेन्द्र थेगिम, जिताराम वाइबालगायतका धेरै पहिचानको पक्षधर नेताहरु रहेका छन् । उनीहरुको स्कूलिङकै आधारमा घिसिङले पार्टीलाई अघि बढाउन खोजेका छन् । हुन त, यो पार्टीमा पूर्वविवेकशील पार्टीका केही कार्यकर्ताहरु पनि रहेका छन् । उनीहरु भने रवि लामिछानेसँगै मिल्नुपर्ने तर्कमा छन् । केही त रविसँगै बस्ने निष्कर्षमा पनि पुगेका छन् । पूर्वएमाले नेता तारा जोशी भने डडेल्धुराबाट चुनाव लड्ने गरी रविसँगै बसेका छन् भने समानुपातिकको एक नम्बरमा रहेकी रीमा विश्वकर्माले पनि घिसिङलाई छाडेकी छिन् ।*

## देउवा विरुद्ध...

पाएको अवस्थामा नेपालको समग्र राजनीतिले कोल्टे फेर्न वाह्य शक्ति केन्द्रको बुझाइ देखिन्छ । पछिल्ला दिनमा चीनसँग नेपालको घट्दो दूरीबाट पनि शक्तिकेन्द्रले चासो राखेकोछ। एमाले र कांग्रेसको सम्बन्ध चीनसँग पुरानो हो त्यो सम्बन्ध टुटाउनका लागि पनि नयाँ पार्टी त्यो पनि अनुकूल व्यक्तिहरुको बनाउनुपर्ने स्थिति रहेको देखिन्छ । त्यसलाई नै अहिले मलजल गरिएको छ।

अहिले कांग्रेसमा दुईवटा लाइनमात्र देखिएको छ। खासमा नेतृत्वमा पुग्नेबाहेक नीतिगत डिपार्चरभन्दा पनि चुनावी गठबन्धन गर्ने वा नगर्ने र सांगठनिक संचरनामा हेरफेर । यी तत्कालका मुद्दाले कांग्रेसलाई खास बदल्न भने सक्ने छैन। पछिल्ला दिनमा सभापति शेरबहादुर देउवा र उनी वरपर रहेका नेताहरुले बदलिएको समयमा कांग्रेसलाई बदल्ने प्रयास नगरेको आरोप छ। हुन पनि उनीहरुले जो चुनाव जित्ने अवस्था छैन, उनीहरु नै यसको विरोधमा देखिएका थिए । त्यसले पनि प्रश्न भने उठाइरहेको थियो । त्यसैले, कांग्रेसमा अहिले दुईवटा कुरामात्रै परिवर्तन हुने संभावना रहेको छ। पहिलो कुरा गगन र विश्वले शक्ति आर्जन गरेर संगठनात्मक संरचनामा परिवर्तन गर्ने । त्यही संरचनाका आधारमा चुनावी रणनीति बनाउने र तालमेल गर्न दबाब बढाउनेछ । दोस्रो चाहिँ नियमित महाधिवेशनका लागि गगन र विश्वको बाटो खुल्नेछ। यसमा उनीहरु सफल नभएको अवस्थामा चाहिँ पार्टी विभाजन निश्चितजस्तै छ। पार्टीमा हुने यस्तो दुईलाइन सघर्षले ढिलोचाँडो पार्टी विभाजन नै गराउनेछ।

## म्यादी प्रहरी :...

एकैचोटी १ लाख ३४ हजार सेट ड्रेस सिलाएर तयारी पोसाक उत्पादन, ढुवानी र वितरण गर्नसक्ने क्षमता सीमित छ। सप्लाई प्रक्रिया अहिलेसम्म सुरु नभएको, मापदण्ड नटुंगिएको, टेन्डर नखुलेको र छानोट नटुंगिएको अवस्थामा एक महिनाको समयसीमा भित्र गुणस्तरीय पोसाक उपलब्ध गराउने विषय व्यवहारमै चुनौतीपूर्ण देखिएको छ । यसले गुणस्तर खस्किने, हतारमा साइज नमिल्नु, ढिलाइ बढ्नु र बिल फुलाउनुजस्ता पुराना समस्या नेपाल प्रहरीमा फेरि दोहोरिने आशंकालाई बलियो बनेको छ।

यतिबेला निर्वाचन नजिकिँदै गर्दा म्यादी प्रहरीहरु देशभर भर्ना हुँदैछन्, तर उनीहरूले लगाउनुपर्ने ड्रेस, जुत्ता, कम्मर पेटी र लठ्ठी भने कागजमै अल्झिएको छ। सुरक्षा व्यवस्थापनका अग्रमोर्चामा खटिने म्यादी प्रहरीको पहिरनमै अनिश्चितता गाँसिँदा, लगभग रु. एक अर्ब (रु.८७ करोड ?)को खरिदमा प्रक्रिया भन्दा 'भनसुन' र 'लबीइङ' हाबी हुने खतरा बढेको सुरक्षा स्रोतहरूको मूल्यांकन छ। समय, रकम र सुरक्षा-तीनै संवेदनशील पक्ष जोडिने यो विषयमा प्रहरी संगठनले अहिलेसम्म सप्लाईको टुंगो लगाएको छैन, जसका कारण निर्वाचन सुरक्षाका लागि खटिने म्यादी प्रहरीको तयारी नै प्रश्नचिन्हमा परेको छ।

## गृहमा भित्रिन...

दंगाल र प्रशासन महाशाखा प्रमुख पराजुली हावी हुने गरेका थिए । यो कुराको सुइँको पाएका मन्त्री अर्यालले पछिल्लो समयमा सचिव दंगाललाई लोकसेवा आयोगमा सरुवा गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा कार्यरत गोरखा निवासी राजकुमार श्रेष्ठलाई भित्र्याएका छन् । जसकाकारण बिभिन्न निकायबाट मन्त्रालयमा सरुवा हुन खुट्टा उचालेर बसेका कतिपय कर्मचारीहरु यतिखेर पछि हट्न थालेको चर्चा सिंहदरवार परिसरमा चल्ने गरेको छ।

सचिव श्रेष्ठ गृहका अनुभवी नभएपनि विगतमा मन्त्रालयमा काम गरिसकेका सचिवहरुको तुलानामा उनी भलाद्मी रहेको कर्मचारीहरु बताउछन् । उनी कर्मचारीहरुको सरुवामा खेलोफड्को भन्दा कार्य सम्पादनका आधारमा जिम्मेवारी दिनुपर्ने मान्यतामा दृढ रहेको बताइन्छ । त्यसैले मन्त्री अर्यालले मुख्यसचिव सुमनराज अर्याल, संघीय मामिला तथा सामान्य प्रशासन सचिव चन्द्रकला पौडेल र कर्मचारी प्रशासन महाशाखाकी सहसचिव पार्वती शर्मालाई मन्त्रालयमा डाकेर सरुवामा मनपरी नगर्न निर्देशन नै दिएको मन्त्रालय स्रोत बताउँछ । जथाभावी र आफू खुसी कर्मचारी सरूवा गरेर गृहमा नपठाउन मन्त्री अर्यालले निर्देशन दिएको कारण सामान्यका अधिकारीहरु भने यतिखेर चकित परेको स्रोतको दावी छ । गृहमा कर्मचारी सरूवा गर्दा सचिव श्रेष्ठ र आफूलाई सोध्न मन्त्री अर्यालले उनीहरुलाई ठाडो निर्देशन दिएपछि सरुवा खेतीमा रमाउनेहरु भने तिलमिलाउन थालेको बताइन्छ।

मन्त्री अर्यालले गृहबाट बाहिरिन चाहेका उपसचिव र सहसचिवहरुको सहमतिअनुसार नै सरुवा गर्न मन्त्रालयका अधिकारीहरुलाईसमेत निर्देशन दिएको बताइएको छ । मन्त्री अर्यालले यसअघि आफूलाई जानकारी नदिई तत्कालीन सचिव दंगालले जथाभावी रुपमा आफू अनुकूलका सहसचिव र उपसचिवहरुलाई बिभिन्न जिल्लाहरुको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाएको आशंकासमेत गर्दै आएको चर्चा छ। त्यसैले आगामी निर्वाचनमा कतिपय ठूला राजनीतिक दलहरुको दवाव र प्रभावमा पर्दा धाँधली हुने आशंकासमेत हुन थालेको छ। त्यसकारण निर्वाचन आयोगले २०८२ माघ ३ गते आचारसंहिता लागु गर्नु अगावै विगतमा त्यसरी खटाइएका कतिपय कर्मचारीलाई तान्ने योजना मन्त्रालयले तय गरेको बुझिएको छ।

कतिपय अधिकृत, उपसचिव र सहसचिवहरु गृहमा सरुवा भएर सिडिओको जिम्मेवारीमा जान नखोजेका भने होइनन् । तर, गृह मन्त्री र मन्त्रालयको यस्तो रणनीतिका कारण हच्किन थालेको स्रोत बताउँछ । गृह मन्त्रालयमा भित्रिएका कतिपय कर्मचारीहरू त धमाधम सरुवा मागेर हिंड्ने तरखरमा लागेको स्रोतको दावी छ । जसले गर्दा हाल गृह मन्त्रालयमा सरुवा हुन चाहने उपसचिव र सहसचिवको अभाव हुन थालेको सामान्य प्रशासन मन्त्रालय स्रोतको भनाई रहेको छ । यो अवस्थामा सचिव श्रेष्ठ र मन्त्री अर्यालले बढुवा सिफारिस भएका कतिपय उपसचिव र सहसचिवहरूलाई गृह मन्त्रालयमा नखटाउन सामान्य प्रशासन मन्त्रालयलाई पत्रचारसमेत गरेको बुझिएको छ।

तर, सामान्य मन्त्रालयका सचिव पौडेल र मुख्यसचिव अर्यालले भने मन्त्री अर्यालको निर्देशन विपरीत भरखरै बढुवा भएका नयाँ कर्मचारीहरूलाई गृहमा सरुवा गरेर पठाउने गरेका छन् । सामान्यले बढुवामा परेका कतिपय उपसचिवहरुलाई जवर्जस्ती गृहमा पठाएपछि सचिव र मन्त्री अर्यालले यस्तो नयाँ जुक्ति र निर्देशन दिनु परेको बताइन्छ । सहसचिव बढुवाका लागि सिफारिस भएका कतिपय उपसचिवहरूलाई गृहले प्रमुख जिल्ला अधिकारी (सिडिओ) मा यसअघि नै खटाइसकेको छ। मन्त्रालयले सहसचिवको दरबन्दी भएका सल्यान, बागलुङ र नुवाकोट जिल्लाको प्रजिअमा बढुवा प्रकियामा रहेका केही उपसचिवहरूलाई खटाइसकेको छ।

जसमा सल्यानमा महेन्द्र कुमार सापकोटा, बागलुङमा कृष्णप्रसाद आचार्य र नुवाकोटमा शम्भुप्रसाद रेग्मी रहेका छन् । उनीहरू तीनै जना सहसचिवमा बढुवाका लागि सिफारिस भएका वरिष्ठ उपसचिवहरु हुन् । उनीहरूको बढुवा विरुद्ध ३५ दिनभित्रै उजुरी परेन भने तीनै जना सहसचिवमा बढुवा हुनेछन् । बागलुङका तत्कालीन प्रजिअ कमानसिंह गुरूङ भ्रष्टाचार मुद्दा लागेर निलम्बनमा परेका थिए । त्यसपछि आचार्यलाई खटाइएको मन्त्रालय स्रोत बताउँछ । नुवाकोटमा कार्यरत प्रजिअ सहसचिव शशीधर घिमिरेलाई मन्त्रालयले कारागार व्यवस्थापन विभागको महानिर्देशकको जिम्मेवारीमा खटाएको थियो । लगत्तै उक्त जिल्लाको प्रजिअमा रेग्मीलाई खटाइएको हो।

## अदालतको फैसला...

तथा २० महिनाको तालव अहिलेसम्म पनि नपाएको बताएका छन् । श्रमिकले पाउने अन्य कानूनी सुविधासमेत नदिएपछि दोहोरो अन्याय सम्बन्धी गुनासो राख्दै उनले अदालतको ढोका पुनः ढकढक्याउनुपरेको बताएका छन्।

**श्रम ऐनको व्यवस्था उल्लंघन गरेको आरोप**

श्रम ऐन २०७४ को दफा १४८ अनुसार रोजगारी अन्त्य भएको १५ दिनभित्र श्रमिकले पाउनुपर्ने पारिश्रमिक तथा सुविधा रोजगारदाताले भुक्तानी गर्नुपर्ने स्पष्ट व्यवस्था छ। उपदफा ३(१) बमोजिम तोकिएको समयसीमाभित्र भुक्तानी नगरेमा श्रमिकलाई सेवा बहाल छसरह पारिश्रमिक दिनुपर्ने पनि ऐनले व्यवस्था गरेको छ । लुईंटेलका अनुसार उनले श्रम तथा रोजगार कार्यालयमा आधा दर्जनभन्दा बढी निवेदन दिए पनि सुनुवाइ नभएको र श्रम अदालतको फैसला कार्यान्वयन गराउने निकायकै अलपत्रता, गैरजिम्मेवारी र पारदर्शिताको अभावका कारण न्यायको निर्णय कार्यान्वयन हुन नसकेको गुनासो छ।

**अदालत गुमराह पारिएको दाबी**

निवेदनमा भनिएको छ-कम्पनीले श्रम अदालतको फैसला अक्षरसः कार्यान्वयन गर्नुको साटो श्रम तथा रोजगार कार्यालय र अदालत दुवैलाई गुमराहमा पार्दै, कानुनभन्दा माथि उभिएको व्यवहार प्रदर्शित गर्दै आएको छ । "फैसला कार्यान्वयनमा आलटाल, धिङन्याई र अदालतको आदेशप्रति असहयोगपूर्ण व्यवहार अदालतको स्पष्ट अवहेलना हो," निवेदनमा उल्लेख छ। नेपालको संविधानको धारा १२६(२) अनुसार अदालतको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने संवैधानिक अनिवार्यता छ । फैसला कार्यान्वयनमा ढिलासुस्ती गर्नु भनेको न्याय नै नदिनु भएको दाबी निवेदकले गरेका छन्।

**सजायसम्बन्धी माग**

निवेदनमा विपक्षीलाई अदालतमा उपस्थित गराई श्रम अदालतको फैसला कार्यान्वयन गराइदिन माग गरिएको छ। साथै श्रम ऐन २०७४ को दफा १६८(२) बमोजिम अदालतको अवहेलनामा एक वर्ष कैदसमेत हुनुपर्ने मागसहित मुद्दा दर्ता गरिएको हो। यस मुद्दामा विपक्षीले १५ दिनभित्र प्रमाणसहित लिखित जवाफ पेस गर्नुपर्ने आदेश श्रम अदालतले दिएको छ। अवहेलना मुद्दाको पेशी २०८२ पुस २५ गते, शुक्रबार का लागि तोकिएको थियो।

**श्रम नीतिसम्बन्धी थप आरोप**

समानुपातिक कोटाबाट ०७९ को निर्वाचनमा सांसद बनेकी तथा महिला उद्यमी नेतृका रुपमा चिनिने शोभा ज्ञवाली समेत संचालक रहेको नागरिक दैनिकमा पत्रकारहरूलाई- श्रमजीवी पत्रकार ऐन अनुसारका सुविधा नदिनु,-विनियमावलीमार्फत कानून विपरीतका प्रावधान लागू गर्नु,- पेशाप्रति निष्ठावान् तथा अनुभवी पत्रकारलाई अवकास दिनु,-श्रमिक अधिकार उठाउने पत्रकारलाई टारटुयाई गर्नुजस्ता आरोपहरु पत्रकारहरूले लगाउँदै आएका छन्।

कानूनसम्मत सेवा-सुविधा नपाई, ६-६ महिनामा एकपटक मात्र तलब लिएर गुजारा गर्न बाध्य 'पार्ट-टाइमर कानूनी हैसियत' मा पत्रकारिताको सेवा लिनु नागरिक दैनिकमा बढ्दो समस्याको रूप लिएको पत्रकारहरूको भनाइ उद्धृत छ।

## मन्त्री परियारले...

स्रोतको दावी छ । हाल मन्त्रालयमा ६ जनाको पुल दरवन्दी राखिएको छ । तर, यसअघि सचिव साहले नौ जनासम्मको दरवन्दी राखेर लाभ उठाएको आरोप लाग्ने गरेको थियो। हाल प्राविधिक सहसचिव राजेन्द्र सापकोटा अध्ययन बिदामा रहेका छन् । उनको दरवन्दी पनि अतिरिक्तमा रहेको छ।

यसअघि सचिव साह मन्त्रालयका सचिव हुँदा समित यादव, सुरत बम, हरि शर्मा, बाल मुकुन्द श्रेष्ठ र पीआइडीका टीका बहादुर चौधरी गरी ६ जनालाई पुल दरवन्दीमा राखिएको स्रोतको दावी छ। त्यसबखत सचिव साहले सिनियर सहसचिवहरुलाई बरण्डामा राखेर निमित्त पदमा रहेका कर्मचारीलाई लेनदेन गरेर कन्फर्मको जिम्मेवारी दिएको भन्दै आलोचना हुने गरेको थियो। सचिव साहकै योजनामा विश्व बैंकको परियोजना अन्तर्गतको खानेपानी क्षेत्रगत सुशासन आयोजनाबाट समित यादवलाई एडिबी फन्डेड शहरी तथा एकीकृत खानेपानी आयोजनामा सरुवा गरिएको छ।

उक्त आयोजनामा कार्यरत सुरत बमलाई यादवको स्थानमा खटाइएको छ । विभागका उपमहानिर्देशक नारायण आचार्यलाई खानेपानी तथा ढल व्यवस्थापन कार्यालय पोखरा सरुवा गरिएको छ। सहसचिव उज्ज्वल प्रजापतिलाई खानेपानी तथा ढल व्यवस्थापन कार्यालय विराटनगर सरुवा गरिएको बताइन्छ। विराटनगरमा यसअघि कार्यरत उपसचिव सुरत लाल चौधरी तत्कालीन मन्त्री प्रदीप यादवको कार्यकालमा सहसचिव दरबन्दीमा कायम मुकायम पाएको विषय विवादास्पद रहँदै आएको थियो।

प्रधानमन्त्री सुशीला कार्कीले ०८२ पुस २० गते आइतबार मन्त्रालयको नेतृत्व गर्नेगरी कृषि तथा पशुपन्छी बिकास मन्त्री डा. मदन प्रसाद परियारलाई खानेपानी मन्त्रालयको थप जिम्मेवारी दिएकी थिइन। मन्त्री परियारले मन्त्रालयको नेतृत्व गरेको तीन दिनमै सचिव साहले १० जना सहसचिवको जिम्मेवारी हेरफेर गर्नुलाई आश्चर्यको रुपमा हेरिएको छ। यसअघिका खानेपानी महिन्द्र राय यादवले र सचिव साहको गलत कार्यशैली र बद्नामीका कारण हटाएर नयाँ सचिवलाई भित्र्याएका थिए। त्यसपछिका मन्त्री प्रदीप यादले पनि यी विषयलाई मनन गरी सचिव साहलाई मन्त्रालय प्रवेशमा रोक लगाएका थिए। तर, पछिल्लो केही समय श्रम, रोजगार तथा सामाजिक विकास मन्त्री राजेन्द्र सिंह भण्डारीले मन्त्रालयको जिम्मेवारी संहालेका थिए । त्यसपछि कानून मन्त्री अनिल कुमार सिन्हाको सिफारिसमा साहलाई पुन खानेपानी मन्त्रालयमा भित्र्याइएको थियो। तर, सचिव साहको कार्यशैली देखेर दिक्क बनेका मन्त्री भण्डारीले सो मन्त्रालयका नेतृत्व नै अस्वीकार गरेपछि प्रधानमन्त्री कार्कीले कृषि मन्त्री परियारलाई सो मन्त्रालयको पनि जिम्मेवारी दिएको बताइन्छ।

तर, मन्त्रालयको कामका बारेमा मन्त्री परियारले राम्ररी ब्रिफिङ लिन नपाउँदै सचिव साहले आफू अनुकूलका सहसचिवहरुको व्यापक सरुवा गरेर हातलागीको ठूलै स्कुप मारेको अनुमान मन्त्रालयका कर्मचारीहरुले गरेका छन्। राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत रहँदासमेत ड्राइभिङ स्कूल संचालकहरुसँग अनुगमनकाक्रममा 'कैफियत भेटिएको' घुस असुलेको आरोप सचिव साहमाथि लागेको थियो। त्यसपछि निकै विवादमा तानिएपछि केपी ओलीको सरकारले नेपाल ट्रष्टको कार्यालयमा सरुवा गरेर थन्क्याएको थियो।

## कर्मचारीले...

*अधिकारीमा खटिएका छन् । तत्कालीन मन्त्री सिन्हालाई समेत गुमराहमा पारेर सचिव शर्मा र सहसचिव कोइरालाले डेढ महिना अगाडि मात्र नापी कार्यालय भक्तपुरमा पूर्णप्रसाद पाण्डे, ललितपुर नापी कार्यालयको प्रमुखमा अजित कुँवर र चाबहिलमा भने संजय छतकुलीलाई खटाएका थिए ।*

*उपत्यकाका नापी कार्यालयका प्रमुखका बारेमा मन्त्रालयको रैथाने कर्मचारीको समूहले भूमि प्रशासन सम्बन्धी काममा कमजोर कमाण्ड मानिएका मन्त्री इङ्नामलाई गुमराहमा राख्ने कोसिस गर्दै आएको स्रोत बताउछ । तरपनि मन्त्री इङनामले मालपोत र नापी कार्यालयहरुको गोप्य रुपमा छड्के अनुगमनलाई निरन्तरता दिइरहेको स्रोत बताउछ । मालपोत तथा नापी कार्यालयमा हुने गरेको बेथिति रोक्न मन्त्री निकै गम्भीर भएर लागेको उनको अभिव्यक्तिले पनि संकेत गरेको छ । २०८२ पुस २२ गते मंगलबार मन्त्री इङनामले मन्त्रालयमा पत्रकारहरुसँग कुरा गर्दै कहींकतै गुनासो आउनेवित्तिकै तुरुन्तै आफूले कारवाही गर्ने जानकारी दिएका थिए । तर, मन्त्रीलाई मन्त्रालय र बिभागमा कार्यरत कर्मचारीहरुले भने खासै सहयोग नगरेको स्रोतको भनाई छ ।*

*हाल उपत्यकाभित्रका महत्वपूर्ण तीनै नापी कार्यालयका प्रमुख नापी अधिकृतले बिचौलियासँग सेटिङ गरी सरुवा भएको ठोकुवा मन्त्रालय स्रोतले गरेको छ । केपी ओली नेतृत्वको सरकारको समयमा तत्कालीन मन्त्री बलराम अधिकारी हुँदा नै उनीहरुले ती कार्यालयहरुमा जान सेटिङ मिलाइसकेको स्रोतको दावी छ । त्यसबखत समय अनुकूल भएन । तर, २०८२ भदौ २४ गते नै उनीहरुलगायत केही नापी अधिकृतहरुको सरुवाको फाइल सचिवस्तरीय निर्णय गर्दै प्रस्ताव गरिएको थियो । सोहीदिन सिंहदवारभित्र जेन-जी आन्दोलनकारी प्रवेश गरेर आगजानी गरेपछि सरुवाको विषय रोकिन पुगेको थियो ।*

*यतिखेर चाबहिल नापी कार्यालयमा कार्यरत प्रमुख नापी अधिकृत संजय छत्कुलीले पनि मन्त्रालयका तात्कालीन प्रशासन महाशाखा प्रमुख सहसचिव कोइरालालाई प्रभावमा पारेर सरुवा भएर जान सफल भएको जानकारी मन्त्री इङनामले पाइसकेको चर्चा छ। त्यसैले पनि उनीहरुको यी हर्कतलाई मन्त्री र उनको सचिवालयले नजिकबाट नियालिरहेको बताइन्छ । उपसचिव छतकुली प्राय आकर्षक निकायमा बस्न रुचाउने कर्मचारीमा गनिन्छन् । उनी चितवन, पोखराजस्ता आकर्षक नापी कार्यालयमा हुँदै चाबहिल पुगेको बताइन्छ ।*

*नापी कार्यालयहरुमा दैनिक कित्ताकाट गर्दा लाखौं लाख राजश्व मिलेमतोमा अनियमितता हुने गरेको स्रोत बताउँछ । नापीका कर्मचारीलाई घुस दिने हो भने कम क्षेत्रफल भएकोलाई बढी र बढी भएकोलाई कम हुनेगरी कित्ताकाट गरिदिने गरेको आरोप छ । त्यसैले यस विषयमा मन्त्री इङनामको ध्यान बढी केन्द्रित भएर यस्ता बेथिति रोक्न जानुपर्ने मन्त्रालय स्रोत बताउँछ ।*

*माथि उल्लेखित यी तीनजना उपसचिवको सरुवा उनीहरुले मोटो थैली लेनदेन गरेको सूचना मन्त्री इङनामले प्राप्त गरेको मन्त्रालय स्रोतले बताएको छ । तर, यी दुवै जनाको मन्त्रालयबाट सरुवा भएपछि पनि कवोल अनुसारको थप थैली समेत बुझाएको जानकार स्रोतको दावी छ ।*

*रोचक विषय त सहसचिव कोइरालालाई तत्कालीन गृह सचिव रामेश्वर दंगालले गृहमा भित्र्याएर कञ्चनपुरमा खटाएका थिए । तर, सहसचिवको कोइरालाको योजना भने मन्त्रालयमा बसेर भूमि व्यवस्थापन तथा अभिलेख बिभागको नेतृत्वमा पुग्ने रहर थियो । उल्टै गृहमा सरुवा भएपछि उनको योजनाले हावा खान पुग्यो । त्यतिमात्र होइन मन्त्रालयमा मन्त्री र सचिव पनि नयाँ आएपछि उनीहरुले गरेका अनियमित र असन्तुलित कार्यहरु एकपछि अर्को गरी छताछुल्ल हुन थालेका छन् ।*

*यी सबै कुराको जानकारी पाएपछि मन्त्री इङनामले मालपोत तथा नापी कार्यालयमा बिचौलियाहरुको चलखेल रोक्न तथा बेथिति हटाउन भन्दै गोप्य रुपमा अनुगमनमा निस्कने गरेका छन् । हाल बिचौलियाको राज र बेथिति मालपोत भन्दा नापी कार्यलयहरुमा बढी हुने गरेको बताइन्छ । मन्त्री इङनामलाई प्रधानमन्त्री सुशीला कार्कीले पछिल्लो समय शहरी बिकास मन्त्रालयकोसमेत जिम्मेवारी दिएकी छिन् । २०८२ पुस २५ गते शुक्रवार मन्त्रीले मन्त्रालयमा पद बहालीपछि कर्मचारीहरुलाई ब्रिफिङ गर्दै भ्रष्टाचारमा रमाउनेहरुले आजैदेखि नयाँ ढंगले सोच्नसमेत निर्देशन दिएका थिए ।*

*मन्त्रीको ब्रिफिङ सुनेपछि निवर्तमान मन्त्री कुलमान घिसिङको रुचीमा एक महिना अगाडि मात्र शहरी बिकास तथा भवन निर्माण विभागको नेतृत्वमा पुगेका महानिर्देशक रविन्द्र बोहरा तीनछक परेको चर्चा छ । उनले मन्त्री घिसिङसँग चुनाव खर्चसहितको सेटिङ्ग मिलाएर बिभागको नेतृत्वमा बाजी मारेको चर्चा चलेको थियो । उनी मात्र नभएर सचिव गोपाल प्रसाद सिग्देल पनि मन्त्रीको निर्देशनपछि चकित परेको चर्चा कर्मचारीहरुले गरेका छन् । प्राबिधिक मन्त्रालयमा कानूनका विज्ञ मन्त्री इङनामले नेतृत्व गरेपछि ठेक्कापट्टाको कमिशन र उठ्तीपुठ्तीमा रमाउँदै आएका कर्मचारीहरु भने तीनछक परेको बताइन्छ ।*

## विखण्डनदेखि...

र पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउँछन्।

**एकताको फूलबारी** : पृथ्वी नारायण शाहले केवल भौगोलिक रूपमा राज्यहरूलाई जोडेर मात्र एकीकरण गरेनन्, उनले सामाजिक, सांस्कृतिक र आर्थिक पक्षसमेतलाई दीर्घकालीन राष्ट्रिय एकता निर्माण गर्ने आधार बनाउने दृष्टिले अगाडि बढाए । नेपालमा बस्ने विविध वर्ण, जात-जाति, भाषा, संस्कृति र समुदायहरूबीच परस्पर सम्मान र सह-अस्तित्वमा आधारित राष्ट्रनिर्माणको विचार उनले प्रस्फुटित गरे । "नेपाल ४ वर्ण ३६ जातको फूलबारी हो" भन्ने उनको प्रसिद्ध उद्घोष आज पनि राष्ट्रिय एकताको मार्गदर्शक सिद्धान्तका रूपमा उद्धृत गरिन्छ। सांस्कृतिक एकताको यो दृष्टिकोणले नेपाललाई केवल राज्य-संरचना नभई साझा पहिचान भएको समुदायका रूपमा स्थापित गऱ्यो । पछिल्लो समयमा यिनै विचारहरूलाई "पृथ्वी-पथ" नामले चिनिन थालिएको छ, जसले सामाजिक समावेशिता, पारस्परिक सहअस्तित्व र साझा राष्ट्रिय भावनालाई जोड दिन्छ।

**विश्वमा बढ्दो जोखिम** : नेपालले राष्ट्रिय एकता दिवस मनाइरहेको यही समयमा विश्व राजनीतिक परिवेश अत्यन्त जटिल बन्दै गएको छ । सिंगो संसार नै युद्ध, द्वन्द्व, शक्ति-प्रतिस्पर्धा र कूटनीतिक तनावले घेरिएको छ । शक्तिशाली राष्ट्रहरूले क्षेत्रीय अखण्डता, सार्वभौमिकताको सम्मान, शान्तिपूर्ण सह-अस्तित्व, विवादको शान्तिपूर्ण समाधान, अनाक्रमण र आन्तरिक मामिलामा अहस्तक्षेप जस्ता पञ्चशीलका सिद्धान्तहरूलाई खुलेआम बेवास्ता गर्न थालेका छन्। संयुक्त राष्ट्रसंघजस्ता अन्तर्राष्ट्रिय संस्थाहरू पनि शक्तिशाली राष्ट्रका स्वार्थअगाडि धेरैजसो अवस्थामा निरीह देखिन थालेका छन् । यस्तो परिस्थितिमा नेपालजस्ता सापेक्षिक रूपमा कमजोर मुलुकको सार्वभौमिकता र स्वतन्त्रता अझ संवेदनशील विषय बनेको छ।

विश्व इतिहासले देखाउँछ–शक्ति राष्ट्रहरूले कमजोर राष्ट्रका राजनीतिक दल, नेता तथा सामाजिक समूहहरूलाई आर्थिक लोभ, दबाब, धम्की र प्रलोभनमार्फत आफ्नो हितअनुसार काम गराउने अनेक उदाहरण छन् । बहुराष्ट्रिय संघ-संस्थाहरूले पनि शक्तिलाई अनुकूल हुने निर्णय शर्तसहित थोपरेका घटना असंख्य छन् । त्यसैले कमजोर राष्ट्रका लागि सबैभन्दा ठूलो सुरक्षा कवच भनेको आन्तरिक एकता, स्थिरता र सहकार्य हो। राजनीतिक अविश्वास, वैमनस्य, असहज प्रतिस्पर्धा र विभाजनले मुलुकलाई बलियो बनाउँदैन, बरु बाह्य शक्तिलाई आफ्नो खेल साध्न सहज वातावरण उपलब्ध गराउँछ।

**देशका लागि सहकार्यको अपरिहार्यता** : नेपालमा पछिल्लो समय राजनीतिक दलबीच बढ्दै गएको शत्रुता, प्रतिशोध, चरित्रहनन र निषेधको राजनीति राष्ट्रिय हितविपरीत छ। यस्तो अविश्वासले राजनीतिक शक्तिहरूबीच आवश्यक साझेदारी घटाउँछ, नीति-निर्माणमा अस्थिरता ल्याउँछ र बाह्य चासोलाई झनै प्रभावकारी बनाउँछ।

यसैले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका दलहरू, साथै राजसंस्था निकट समूह, दुर्गा प्रसाईं, निकोलस भुसालजस्ता गतिविधिवादीहरू र सरकार सबै न्यूनतम राष्ट्रिय हितका मुद्दामा एउटै टेबलमा बस्न सक्नुपर्छ । आवश्यकता परे संविधान संशोधन, परराष्ट्र नीति, आर्थिक नीति र दीर्घकालीन रणनीति-निर्माणमा साझा धारणा बनाउन सक्नुपर्छ।

स्वस्थ राजनीतिक प्रतिस्पर्धा विकास गर्नु, संसदमा ठूलो दललाई सरकार गठन गर्न दिने अभ्यास मजबुत बनाउनु, आफ्नै दलको गलत काममा आँखा चिम्लिने प्रवृत्ति हटाउनु, प्रतिद्वन्द्वीलाई अनावश्यक लाञ्छना नलगाउने संस्कार बसाल्नु राष्ट्रका लागि लाभदायी हुन्छ। "मेरो गोरुको बाह्रै टका" र "आफूले भनेकै मात्र सत्य" भन्ने संस्कारले देशलाई अघि बढाउँदैन । अन्ततः, राष्ट्रिय एकता दिवसले हामी सबैलाई सम्झाउँछ-राष्ट्रको अस्तित्व, सार्वभौमिकता र समृद्धिको लागि राजनीतिक, सामाजिक र समुदायगत एकता अपरिहार्य छ । नेपाललाई सुरक्षित, समृद्ध र सम्मानित बनाइराख्न आन्तरिक सहकार्य र स्थिरता नै दीर्घकालीन राष्ट्रिय ढाल हो।

## निर्वाचनको...

पनि देखिन्छन् । अहिले समानुपातिकमा नपरेकोमा गुनासो पनि गरिरहेका छन्। प्रत्यक्षको टिकट नपाए पार्टी छोड्ने धम्की पनि दिइरहेका छन् । अहिलेकै चुनावलाई प्राथमिकतामा राखेका कारण ती पार्टी र व्यक्तिको दिगोपन हुन पनि नसक्ने टिप्पणी भइरहेको छ । अहिले रास्वपामा देखिएका अधिकांश नेताहरु त्यस्तै रहेका छन्। अनि, जहाज कम्पनीका मालिक बस्नेतको पार्टी गतिशील लोकतान्त्रिक पार्टीमा पनि त्यही देखिएको छ । यो पार्टीले समानुपातिकमा ११ जनाको सूची पठाएको छ । त्यो बाहेक उसले आफ्नो अस्तित्व देखाउन सकेको छैन । उस्तै परे प्रत्यक्षमा चुनाव लड्ने अवस्था पनि देखिएको छैन। बस्नेतले आफूनिकटसँग चुनाव नलड्ने मनसाय व्यक्त गरिसकेको चर्चा छ। नयाँ खुलेका पार्टीमा अहिलेसम्म काम गरिररहेको चाहिं हर्क साम्पाङको पार्टीमात्रै हो। यो पनि राईहरुको पार्टीजस्तो बन्ने खतरा रहेको टिप्पणी भइरहेको छ। नेपाल प्रहरीका पूर्व महानिरीक्षक (आईजीपी) सर्वेन्द्र खनालले 'समुन्नत नेपाल पार्टी' नामक नयाँ राजनीतिक दल गठन गरेका थिए । खनाल स्वयं सो पार्टीका अध्यक्ष रहेका छन्। त्यस्तै पूर्व आईजीपी सर्वेन्द्र खनालको दल पनि अस्तित्व रक्षका लागि संघर्षरत रहेको छ। त्यसैले, राजनीतिक चरित्रभन्दा फरक व्यक्तिको पार्टी स्थापित हुनेभन्दा पनि चुनावमा अहिलेसम्मको पैसा सक्ने मेलोमात्रै भएको भन्दै टिप्पणी पनि हुन थालेको छ।

## मन्त्रीलाई...

यो मामिलामा अझ बढी सक्रिय भएर लागेको चर्चा छ । उनले बिभाग, मन्त्रालय र मातहतनिकायका बिभिन्न किसिमका ठेक्कापट्टा चासो लिने मात्र गरेका छैनन् कि आफू अनुकूलका व्यवसायी मिलाएर राम्रै फाइदासमेत उठाउने गरेको चर्चा छ । गिरीले बन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका प्रमुख एवम् सहसचिव डा. राजेन्द्र केसीलाईसमेत आफ्नो बसमा राखेर यस्ता कार्यमार्फत लाभ लिने गरेको स्रोतको दावी छ । उनले नै मन्त्री चौंलागाईंको सचिवालमा कार्यरत अधिकृत आचार्यलाई केन्द्रमा राखेर त्यसको फाइदा भने आफूले उठाउने गरेको चर्चा छ।

मन्त्री निकट भन्ने पात्रहरुको उस्काहटमा राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा गैरकानूनी ढंगले सदस्यसचिव नरेश सुवेदीलाई नियुक्त गरिएको थियो । पूर्वमन्त्री शाहीको जोडबलमा कानून विपरीत सुवेदीलाई नियुक्त गरिएको भन्दै अधिवक्ता पदमबहादुर श्रेष्ठले मन्त्रालयमा उजुरी हालेका छन्। कानूनविपरीत पदमा बसेर निवर्तमान मन्त्री शाहीले सुवेदीलाई नियुक्ति गरेको आरोप लगाउँदै प्रधानमन्त्री कार्यालय र वन मन्त्रालयमा निवेदन दिएको बताइन्छ। रोचक कुरा त शाहीले मन्त्री पद गुमाएपछि पनि कोषको अध्यक्षको हैसियतमा सुवेदीलाई सदस्यसचिव नियुक्ति गरेको आरोप लागेको छ।

२०८१ साउन २९ गते वनमन्त्री नियुक्त भएका शाहीले जेनजी आन्दोलनपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार बिस्तापित हुन पुगेको थियो । तर, मन्त्री पद गुमेपछि पनि उनले कोषको अध्यक्षकै सुवेदीलाई सदस्यसचिवमा नियुक्ति दिएका थिए । जसमा ठूलै लेनदेनको खेल भएको आशंका गरिएको छ। आफू मन्त्री नरहे पनि कोषको अध्यक्षमा यथावत् रहेको भन्दै ०८२ पुस ३ गते पूर्व वनमन्त्री शाहीले मन्त्री चौंलागाईंका नातेदार न्यौपानेको उस्काहट र लेनदेनका आधारमा कोषको सदस्यसचिव पदमा सुवेदीलाई नियुक्ति गरेको बताइन्छ।

## कानूनका...

रिक्त पदमा पुडासैनीले बाजी मार्न सफल भएको बताइन्छ। बेपत्ता आयोगको सचिवमा भने ध्रुवकुमार चौहानलाई बढुवा गरी पदस्थापन गर्न सिफारिस गरिएको सार्वजनिक भएको छ। उनी उच्च सरकारी वकिल कार्यालय पाटनमा कार्यरत रहेका थिए । उनलाई आयोगले नायब महान्यायाधिवक्तामा बढुवाका लागि सिफारिस गर्दै सो आयोगमा खटाउन सिफारिस गरिएको छ । आयोगको बैठकले सहन्यायाधिवक्ता पूजा खत्रीलाई भने उच्च सरकारी वकिल कार्यालय हेटौंडामा खटाउने निर्णय गरेको छ।

हेटौंडामा कार्यरत अशोकराज रेग्मीलाई उच्च सरकारी वकिल कार्यालय जनकपुरमा खटाइएको छ । जनकपुरमा कार्यरत सहन्यायाधिवक्ता विवेक कुमार बरालको भने महान्यायाधिवक्ताको कार्यालयमा सरूवा सिफारिसको निर्णय न्यायसेवा आयोगले गरेको छ। आयोगले ०८२ पुस २५ गते ४४ जना उपन्यायाधिवक्ताको पनि अन्तर निकाय सरूवा सिफारिस गरेको विवरण सार्वजनिक भएको हो।

## डीआईजी...

मानिन्छन्। अवकाशमा गएका डीआईजीहरू गिरी कार्य विभाग, नेम्वाङ मानव स्रोत र सुवेदी भने स्टाफ कलेजमा कार्यरत रहेका थिए । सशस्त्र प्रहरी नियमावली २०७२ को दफा ६५ को (ग) अनुसार डीआईजीको पदावधि चार वर्षको हुनेछ । तर, नियमावलीको दफा ६५ कै (ग) को उपनियम (२) मा महानिरीक्षकको सिफारिसमा नेपाल सरकारले एआईजी र डीआइजी पदावधि चार वर्ष पूरा भएपछि आवश्यकताको आधारमा १ वर्ष थप्न सक्ने व्यवस्था रहेको छ।

यसैको आधारमा गतवर्ष तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले पदावधि सकिन केही घण्टामात्रै बाँकी रहँदा आरजु राणाको दवावमा परेर गृह मन्त्री रमेश लेखकले उनीहरूको एक वर्ष म्याद थप गरेको चर्चा चलेको थियो । हाल रिक्त डीआइजीपीको तीन पदमा बढुवाका लागि एसएसपीहरू प्रविण कँडेल, दिग्विजय सुवेदी, कमल तिम्सिना, नीर कृष्ण अधिकारी, किरण बस्नेत र राजेन्द्र खड्का प्रतिस्पर्धामा रहेका छन्।


**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं**

**जाडो तथा चिसोको समयमाः**

- **मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघातलगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।**
- **बालबालिका र वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन् ।**
- **चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं ।**
- **तातो, पोषिलो र झोलिलो खानेखुरा खाऔं र खुवाऔं ।**
- **शारीरिक व्यायाम गरौं, धुमपान/मद्यपान नगरौं ।**
- **घर तथा कोठा न्यानो बनाऔं ।**
- **नियमित घाम ताप्ने गरौं ।**

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार